# प्रदेश नीति तथा योजना आयोगको वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७८/७९




प्रदेश सरकार

# प्रदेश नीति तथा योजना आयोग

गण्डकी प्रदेश, पोखरा, नेपाल

असोज, २०७९

# प्रदेश नीति तथा योजना आयोगको
# वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०७८/७९




प्रदेश सरकार

## प्रदेश नीति तथा योजना आयोग

## गण्डकी प्रदेश, नेपाल

असोज २०७९

गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ (संशोधन सहित) को दफा २३ मा व्यवस्था भए बमोजिम गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री समक्ष प्रस्तुत गरिएको प्रदेश नीति तथा योजना आयोगको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन

**प्रकाशकः**

प्रदेश सरकार
**प्रदेश नीति तथा योजना आयोग**
गण्डकी प्रदेश, नेपाल
फोनः ०६१-४६४८४१
Email: pppcgandaki@gmail.com
Website: ppc.gandaki.gov.np

@ प्रतिलिपि अधिकार
प्रदेश सरकार
**प्रदेश नीति तथा योजना आयोग**
गण्डकी प्रदेश, नेपाल

प्रकाशन वर्षः असोज २०७९
मुद्रण प्रति ३००



डा. रघुराज काफ्ले
मानननीय उपाध्यक्ष



डा. सुवास अधिकारी
माननीय सदस्य



श्री माया तिम्सिना
माननीय सदस्य



श्री डिल्लीराम सिग्देल
नि. सचिव

# कृतज्ञता

योजनाबद्ध विकास अभ्यासले स्रोत साधनको प्रभावकारी प्रयोगलाई सुनिश्चित गर्नुका साथै विकासलाई सन्तुलित, दिगो, न्यायिक र सहभागितामूलक बनाउन मद्दत गर्दछ। पहुँच भएका निश्चित व्यक्तिको नियन्त्रण तथा इच्छा बमोजिम स्रोत साधन परिचालन गर्ने वा विवेकपूर्ण ढङ्गबाट विकासको खाका कोर्ने भन्नेमा वहसहरू हुँदै आएका छन्। प्रदेशको आर्थिक वृद्धिलाई गति दिन र सन्तुलित तथा दिगो विकासका लागि आवधिक योजनाको तर्जुमा, कार्यान्वयनमा सहजीकरण, तहगत समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने र नीतिको अनुसन्धान तथा विकास गरी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्ने उद्देश्य सहित प्रदेश नीति तथा योजना आयोगको गठन भएको हो। तोकिए बमोजिमको काम, कर्तव्य र अधिकार क्षेत्र भित्र रही आयोग आफ्नो लक्ष्य एवम् उद्देश्य प्राप्त गर्न निरन्तर प्रयासरत छ। प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७८ को दफा २३ बमोजिम प्रत्येक आर्थिक वर्षमा आयोगले सम्पादन गरेका काम कारवाही र उपलब्धि तथा प्रदेशको आर्थिक विकासका अवसर तथा सम्भावना र विकासका प्राथमिकता समेटी आयोगको वार्षिक प्रतिवेदन आर्थिक वर्ष व्यतित भएको तीन महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ। सोही व्यवस्था अनुरूप आयोगले आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न गरेका प्रमुख कार्य र उपलब्धि, प्रदेशको सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकासको अवस्था एवम् आयोजना कार्यान्वयनमा देखिएका समस्या तथा चुनौती र भावी कार्यदिशा समेटी यो प्रतिवेदन तयार गरिएको छ।

आयोगले अगाडि सारेका कार्यक्रमहरूको कार्यान्वयन गर्नमा सदा उत्प्रेरणा प्रदान गर्नुहुने माननीय मुख्यमन्त्री तथा आयोगका अध्यक्ष कृष्णचन्द्र नेपाली पोखरेलज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु। आयोगका माननीय सदस्यद्वय डा. सुबास अधिकारी र श्री माया तिम्सिना प्रति आभार ब्यक्त गर्दछु। आयोगका कार्यक्रमहरू कार्यान्वयनमा सहयोग गर्ने प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, मुख्य न्यायाधिवक्ता, मुख्यमन्त्रीज्यूका राजनीतिक सल्लाहकार, प्रमुख सचिव, मन्त्रालयका सचिव तथा कर्मचारीहरू, विकास साझेदार संस्था, सञ्चार जगत, निजी क्षेत्र, गैर सरकारी संस्था, नागरिक समाज र अन्य सरोकारवाला निकाय तथा प्रदेशका सम्पूर्ण नागरिकहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

प्रतिवेदन तयार पार्न सहयोग गर्ने आयोगका निमित्त सचिव श्री डिल्ली राम सिग्देल, अधिकृत आठौं श्री राम प्रसाद वाग्ले, तथ्याङ्क अधिकृत नवराज पौडेल लगायत सबै कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु। समृद्ध प्रदेश सुखी नागरिकको सोच पूरा गर्नका लागि नीति तथा योजना आयोग सदैव क्रियाशील रहने प्रतिबद्धता व्यक्त गर्दै यहाँहरू सबैको निरन्तर सहयोगको अपेक्षा गर्दछु।

**डा. रघुराज काफ्ले**
उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग
असोज २०७९

# मन्तव्य

धौलागिरी अञ्चलका ४ जिल्ला, गण्डकी अञ्चलका ६ जिल्ला र लुम्बिनी अञ्चलको नवलपरासी जिल्लाको बर्दघाट सुस्ता पूर्वको भू-भाग समेटी कुल ११ जिल्ला रहेको यस गण्डकी प्रदेश करिब करिब नेपालकै मध्य भागमा अवस्थित हिमालदेखि तराईसम्म फैलिएको पाइन्छ। २७°२६'१५" उत्तरी अक्षांश देखि २९°१९'५०" उत्तरी अक्षांशसम्म र ८२°५२'४५" पूर्वी देशान्तर देखि ८५°१२'०५" पूर्वी देशान्तरसम्म फैलिएको यस गण्डकी प्रदेशले नेपालको कुल भूभागको १४.६७ प्रतिशत क्षेत्रफल अर्थात् २१,९७४ वर्ग कि.मी. ओगटेको छ। तराईको समथर भूभाग देखि ८,१६७ मिटरको उचाइमा रहेको धौलागिरी हिमालसम्म फैलिएको हुँदा यस प्रदेशमा नेपालमा पाइने सबै प्रकारका हावापानी पाइन्छ।

गण्डकी प्रदेशले समृद्धि र समुन्नत अनि सुखी प्रदेशवासी बनाउने अभिलाषामा प्रदेश नीति तथा योजना आयोग कार्यरत छ। खास गरेर यस आयोगले वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनमा विषयगत मन्त्रालयसँग छलफल गर्ने, अनुगमन र मूल्याङ्कनमा कोशेढुङ्गाको काम गर्ने, संघ प्रदेश र स्थानीय तहको बिच समन्वय गर्ने, अध्ययन अनुसन्धान तथा अन्वेषणमा अहोरात्र खटी सार्वजनिक, निजी एवम् गैह्रसरकारी क्षेत्रको साझेदारीमा सहजीकरण गर्ने, लगायतका विविध पक्षको विश्लेषण गरी आयोजना बैंक तयार गर्ने, प्रदेशको स्रोत अनुमान, प्रक्षेपण र वितरण, वातावरणीय मापदण्डको विश्लेषण गरी सुशासन समेतका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्दै आइरहेको छ।

हामीले वर्षदिन भरी गरेका कामहरू सार्वभौमसत्ता सम्पन्न नेपाली जनता समक्ष पुर्याउनु हाम्रो परम कर्तव्य भित्र पर्दछ। सुशासन ऐन, २०६४ ले पनि पारदर्शितालाई महत्वपूर्ण एउटा अवयव (Dimension) को रुपमा लिएको छ। भनिन्छ "Sunshine Kills The Germs" अर्थात् सूर्यको किरणले भुसुनाहरू मारिदिन्छ। यसै सन्दर्भमा गण्डकी प्रदेश नीति तथा योजना आयोगले आ.व. २०७८/७९ मा गरेका राम्रा कामहरू, चुनौतीहरू, भोलिका लागि लिएका मार्गदर्शनहरू साथै हामी सबैका अभिभावक माननीय मुख्यमन्त्रीज्यूका सदिच्छा अनुसार गरेका असल अभ्यासहरू समेत यस वार्षिक प्रतिवेदनमा उल्लेख गरेका छौं।

अन्त्यमा समावेशी आर्थिक विकास, गरीबी निवारण, स्थानीय उत्पादनसँग सघन सम्बन्ध भएको पर्यटन क्षेत्रको विस्तार, कृषिको आधुनिकीकरण व्यवसायिक र यान्त्रिकीकरण, जलवायु र सौर्य उर्जाको उत्पादन, प्रयोग र निकासी, औद्योगीकरण, गुणस्तरीय स्वास्थ्य सेवाको सुदृढीकरण, जलवायु अनुकूलन क्रियाकलाप सञ्चालन र सुशासनको माध्यमबाट सामाजिक न्यायसहितको समृद्ध प्रदेश र सुखी नागरिकको लक्ष्य प्राप्त गर्न उपलब्ध स्रोत र साधनको अधिकतम र दक्षतापूर्वक प्रयोग गर्नमा हाम्रो ध्यान जानुपर्दछ। यस वार्षिक प्रतिवेदन तयार गर्नमा माननीय मुख्यमन्त्रीज्यूको महत्वपूर्ण निर्देशन, श्रीमान् प्रमुख सचिवज्यूको परामर्श, आयोगका माननीय उपाध्यक्षज्यू र सदस्यज्यूहरूको हामीलाई प्राप्त सुझावहरू एवम् रातदिन खट्ने मेरा आत्मीय कर्मचारी साथीहरू प्रति हार्दिक हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु।

मितिः२०७९/०६/१२

डिल्लीराम सिग्देल
नि.सचिव
प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश

प्रदेश सरकार

# प्रदेश नीति तथा योजना आयोग

गण्डकी प्रदेश

पोखरा, नेपाल

पत्र संख्याः २०७९/८०　　　　　　　　　　　　　　　　　　　मितिः २०७९/०६/१३

च.नं.

**विषयः आयोगको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको।**

माननीय मुख्यमन्त्रीज्यू,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय,

गण्डकी प्रदेश, पोखरा, नेपाल।

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७८ को दफा २३ को व्यवस्था अनुसार गत आर्थिक वर्ष २०७८/७९ मा प्रदेशमा सम्पादन भएका तथा आयोगले सम्पादन गरेका प्रमुख कार्य तथा हासिल गरेका उपलब्धिहरू समेटिएको वार्षिक प्रतिवेदन प्रस्तुत गरेको छु।

**भवदीय**

डा रघुराज काफ्ले

**उपाध्यक्ष**

प्रदेश नीति तथा योजना आयोग

असोज २०७९

# विषयसूची


| | | |
|---|---|---|
| **कार्यकारी सारांश** | | **१** |
| **परिच्छेद एकः परिचय** | | **६** |
| १.१ | पृष्ठभूमि | ६ |
| १.२ | आयोगको सङ्गठन संरचना र जनशक्ति व्यवस्था | ७ |
| १.३ | प्रदेश नीति तथा योजना आयोगको काम, कर्तव्य र अधिकार | ८ |
| १.४ | प्रचलित कानून तथा अन्य आदेशमा लेखिएका काम, कर्तव्य र अधिकार | १० |
| १.५ | आयोगका पदाधिकारीहरूको जिम्मेवारी | १० |
| १.६ | प्रदेश विकास परिषद् | ११ |
| १.७ | प्रदेश विकास समस्या समाधान समिति | ११ |
| १.८ | मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति | १२ |
| १.९ | प्रदेश दिगो विकास लक्ष्य समन्वय समिति | १३ |
| १.१० | प्रदेश सचिवस्तरीय अनुगमन तथा मूल्याङ्कन समिति | १३ |
| १.११ | मन्त्रालयस्तरीय अनुगमन तथा मूल्याङ्कन महाशाखा तथा शाखाः | १४ |
| १.१२ | मध्यमकालीन खर्च संरचनाको संस्थागत व्यवस्था | १४ |
| **परिच्छेद दुईः गण्डकी प्रदेशको अवस्था** | | **१५** |
| २.१ | आर्थिक अवस्था | १५ |
| २.२ | दिगो विकास लक्ष्य | १७ |
| २.३ | गण्डकी प्रदेश सरकार र स्थानीय तहको बेरुजूको स्थिति | २१ |
| **परिच्छेद तीनः आयोगले सम्पादन गरेका कार्यहरू** | | **२३** |
| ३.१ | नीति तथा योजना सम्बन्धी दस्तावेज निर्माण र प्रकाशन | २३ |
| ३.२ | वार्षिक विकास कार्यक्रम कार्यान्वयनको स्थिति | ३६ |
| ३.३ | विकास कार्यक्रम अनुगमन तथा मूल्याङ्कन | ४० |
| ३.४ | आयोगको वार्षिक कार्यक्रम अनुसार वित्तीय प्रगति | ४६ |
| ३.५ | आयोगले आर्थिक वर्ष २०७८/७९ मा खरिद गरेका जिन्सी सामग्री तथा निर्माण गरेका पूर्वाधार | ४७ |
| ३.६ | आयोग तथा विभिन्न समितिका बैठक र मुख्य निर्णयहरू | ४८ |

**परिच्छेद चारः प्रदेश गौरव, रुपान्तरणकारी तथा ठूला आयोजनाहरूको अवस्था** **५८**
४.१ प्रशासनिक भवन तथा सहरी विकास ५८
४.२ कृषि तथा पशुपंक्षी ५८
४.३ वन, वातावरण तथा भूसंरक्षणसँग सम्बन्धित विभिन्न आयोजना तथा कार्यक्रम ६०
४.४ पर्यटन ६०
४.५ उद्योग ६१
४.६ शिक्षा ६१
४.७ खेलकुद ६२
४.८ सूचना प्रविधि पार्क निर्माण आयोजना ६२
४.९ खानेपानी तथा सरसफाइ ६२
४.१० उर्जा ६२
४.११ स्वास्थ्य ६३
४.१२ सडक पूर्वाधार ६३

**परिच्छेद पाँचः वार्षिक विकास कार्यक्रमका मुख्य उपलब्धिहरू** **६५**
५.१ गण्डकी प्रदेश सरकारको भौतिक प्रगति ६५
५.२ गण्डकी प्रदेश सरकारको वित्तीय प्रगति ६५
५.३ मन्त्रालयगत खर्चको विवरण ६५
५.४ मन्त्रालय/निकायहरूको मुख्य उपलब्धि ६९
५.४.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ६९
४.४.२ अर्थ मन्त्रालय ७०
५.४.३ कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय ७३
५.४.४ भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय ७६
५.४.५ उर्जा, जलस्रोत, तथा खानेपानी मन्त्रालय ७६
५.४.६ शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय ७८
५.४.७ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ८३
५.४.८ युवा तथा खेलकुद मन्त्रालय ८४
५.४.९ उद्योग, पर्यटन, वाणिज्य तथा आपूर्ति मन्त्रालय ८५
५.४.१० भूमि व्यवस्था, कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालय ८८

| | | |
|---|---|---|
| ५.४.११ | आन्तरिक मामिला मन्त्रालय | ९२ |
| ५.४.१२ | वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय | ९२ |
| ५.४.१३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ९४ |
| ५.४.१४ | प्रदेश सभा सचिवालय | ९५ |
| ५.४.१५ | प्रदेश लोक सेवा आयोग | ९६ |
| ५.५ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १०० |
| **परिच्छेद छः** | **विकासका समस्या, चुनौती, व्यवस्थापन तथा भावी कार्यदिशा** | **१०७** |
| ६.१ | समस्या तथा चुनौती | १०७ |
| ६.२ | विकास व्यवस्थापन | ११२ |
| ६.३ | भावी कार्यदिशा | ११५ |
| अनुसूची १: | आ.व. २०७८/७९ मा सञ्चालित कार्यक्रमहरूको प्रगति (चालु तथा पुँजीगत कार्यक्रम) | ११७ |
| अनुसूची २: | गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ | ११८ |
| अनुसूची ३: | आयोगको गतिविधिका केही प्रतिनिधिमूलक तस्विरहरू | १२९ |

# कार्यकारी सारांश

प्रदेशको तीव्र आर्थिक वृद्धि र सन्तुलित तथा दिगो विकासका लागि आवधिक योजनाको तर्जुमा, कार्यान्वयनमा सहजीकरण, तहगत समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने र नीतिको अनुसन्धान तथा विकास गरी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्ने उद्देश्य सहित प्रदेश नीति तथा योजना आयोग गठन भएको हो। प्रदेश सरकारले २०७५ साउन ६ गते प्रदेश नीति तथा योजना आयोग गठन गरेकोमा यसले २०७५ साउन २२ देखि कार्य आरम्भ गरेको थियो। प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ (संशोधन सहित) को दफा २३ बमोजिम आयोगले प्रत्येक वर्ष वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने प्रावधान छ। यसै अनुसार आयोगले आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न गरेका प्रमुख कार्य र उपलब्धि, प्रदेशको आर्थिक, सामाजिक, वातावरणीय र भौतिक पूर्वाधारको अवस्था, प्रदेश गौरव र रुपान्तरणकारी आयोजनाहरूको कार्यान्वयनको अवस्था, स्थानीय तहको प्रगति, प्रदेश सरकारका मुख्य उपलब्धि र विकासका चुनौती तथा अवसरलाई समेटेर यो प्रतिवेदन तयार पारिएको छ।

स्रोतको बाँडफाँटलाई प्रभावकारी बनाउन, प्राथमिकताका आयोजनामा बजेटको सुनिश्चितता कायम गर्न, स्रोतको यथार्थपरक अनुमान गर्न, विकास आयोजना र बजेटबिच तालमेल मिलाउन प्रदेश सरकारले पाँचौं मध्यमकालीन खर्च संरचना (२०७९/८०-२०८१/८२) तर्जुमा गरी प्रकाशन गर्‍यो।

मध्यमकालीन खर्च संरचनामा आगामी पहिलो वर्षको लागि रु. ३५ अर्ब ९० करोड ९० लाख बजेट अनुमान गरिएको छ भने त्यसपछिका दुई वर्षको लागि क्रमशः रु. ३६ अर्ब ७ करोड १३ लाख ४३ हजार र रु. ४० अर्ब १० करोड ६१ लाख ९५ हजार बजेट प्रक्षेपण गरिएको छ। स्थानीय तहले वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने भएकाले प्रदेशले तयार पारेको मध्यमकालीन खर्च संरचना स्थानीय तहको लागि समेत आधार दस्तावेज हुन सक्छ।

प्रदेश नीति तथा योजना आयोगले वेबसाइटको स्तरोन्नति लगायतका आधुनिक प्रविधिको प्रयोग बढाउँदै लगेको छ। आयोगले प्रदेश विकास समस्या समाधान समितिको बैठक, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि मूल्याङ्कन, प्रदेशको राजस्व सम्भावना तथा व्यवस्थापन अध्ययन, श्रीकृष्णगण्डकी नदीक्षेत्र विकासका निम्ति पूर्वसम्भाव्यता अध्ययन, प्रदेश स्तरीय आयोजना बैंक दिग्दर्शन मस्यौदा तयारी जस्ता कार्यक्रमहरू सम्पन्न गरेको छ।

सरोकारवाला तथा विज्ञहरूसँग छलफल गरी विकासको समसामयिक अवस्था पहिचान गर्ने र त्यसलाई

नीति तथा कार्यक्रममा ढाल्ने सवालमा आयोगको भूमिका महत्वपूर्ण रहन्छ। यसै सन्दर्भमा आयोगले प्रदेश सरकार, राष्ट्रिय योजना आयोग, स्थानीय तह, नागरिक समाज, गैरसरकारी संस्था, सहकारी, विश्वविद्यालय, निजी क्षेत्र तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग प्रदेश सरकारका नीति तथा योजनाको बारेमा छलफल गर्ने तथा योजना निर्माण तथा कार्यान्वयनमा अन्य निकायलाई सहयोग र साझेदारीको लागि आह्वान गर्ने कार्य पनि गर्दै आइरहेको छ।

आर्थिक वर्ष २०७८/७९ मा आयोगको लागि चालुतर्फ रु. २ करोड ८७ लाख ३३ हजार र पुँजीगततर्फ रु. ७४ लाख ९९ हजार गरी कुल रु. ३ करोड ४५ लाख ५० हजार बजेट विनियोजन भएको थियो। विनियोजित बजेटमध्ये वित्तीय प्रगति चालुतर्फ रु. १ करोड ९४ लाख ५८ हजार (५४.५३ प्रतिशत) र पुँजीगततर्फ रु. ६० लाख ९१ हजार (८१.२२ प्रतिशत) र औसतमा ७०.५२ प्रतिशत वित्तीय प्रगति रह्यो।

आर्थिक वर्ष २०७८/७९ मा आयोगका १ वटा पूर्ण बैठक र २९ वटा नियमित बैठक सम्पन्न भएका छन्। प्रदेश विकास समस्या समाधान समितिको बैठक २ वटा, सम्पन्न भएका छन् ।

यसका अतिरिक्त प्रदेश सरकारका मन्त्रालय तथा मातहतका निकायहरूको वार्षिक र चौमासिक प्रगति समीक्षा गरी मन्त्रालयले समाधान गर्न सक्ने, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समाधान गर्नुपर्ने र सङ्घीय सरकारलाई अनुरोध गर्नुपर्ने विषयवस्तुहरू पहिचान गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने गरिएको छ।

आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकारको कुल बजेट ३१ अर्ब ३७ करोड ३७ लाख विनियोजन भएकोमा चालुतर्फ रु. १२ अर्ब ६० करोड ४२ लाख (४३.५ प्रतिशत) र पुँजीगततर्फ १६ अर्ब ७३ करोड ४६ लाख ३३ हजार (५५.७ प्रतिशत) र वित्तीय व्यवस्थातर्फ रु. २४ करोड (०.८ प्रतिशत) गरी कुल रु. ३० अर्ब ३ करोड ९४ लाख २७ हजार बजेट विनियोजन गरेको थियो। विनियोजित बजेटमध्ये वित्तीय प्रगति चालुतर्फ ६०.५ प्रतिशत, पुँजीगततर्फ ७८.०५ प्रतिशत भई औसतमा ७०.४ प्रतिशत रह्यो।

महालेखापरीक्षकको कार्यालयको ५९ औं प्रतिवेदन अनुसार गण्डकी प्रदेश सरकार र मातहतका कार्यालयले आर्थिक वर्ष २०७७/७८ मा रु. ४० अर्ब ५५ करोड ५४ लाख लेखा परीक्षण रकमको पेस्की सहितको कुल बेरुजू रकम रु. ५१ करोड ५४ लाख (१.२७ प्रतिशत) रहेको छ । पेश्की बाहेक बेरुजू रकम रु. ४३ करोड ३२ लाख (१.०७ प्रतिशत) रहेको छ । त्यसैगरी गण्डकी प्रदेशका ८५ वटा स्थानीय तहमा आर्थिक वर्ष २०७७/७८ मा लेखा परीक्षण गरिएको कुल रकम रु. १ खर्ब ३ अर्ब ४७ करोड १ लाख मध्ये म्याद नाघेको पेस्की समेत बेरुजू रकम रु. २ अर्ब

३५ करोड ३१ लाख  (२.२७ प्रतिशत) र पेस्कीबाहेक बेरुजू रकम रु. २अर्ब १० करोड ४६ लाख (२.०३ प्रतिशत) रकम बेरुजू देखिएको छ।

प्रदेशमा अनुगमन र मूल्याङ्कन गर्ने संस्थागत व्यवस्थाका लागि विभिन्न संयन्त्रहरू तयार भई क्रियाशील रहेका छन्। यस्ता संयन्त्रहरूमा नीति, योजना, कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्नका लागि माननीय मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विकास समस्या समाधान समिति, विभागीय मन्त्रीको अध्यक्षतामा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रमुख सचिवको नेतृत्वमा प्रदेश सचिवस्तरीय अनुगमन तथा मूल्याङ्कन समिति र मन्त्रालयमा सचिव वा उपसचिवको नेतृत्वमा अनुगमन तथा मूल्याङ्कन महाशाखा तथा शाखा, प्रदेश दिगो विकास लक्ष्य निर्देशक समिति, दिगो विकास लक्ष्य समन्वय, अनुगमन तथा मूल्याङ्कन समितिको व्यवस्था गरिएको छ।

प्रदेशमा रहेका अधिकांश भौतिक संरचना र सम्पत्तिहरूको स्वामित्व जस्तैः भवन, औजार, प्रयोगशाला, अस्पताल, जग्गा, महाविद्यालय, आदि सङ्घीय सरकारसँग छन्। सङ्घीय सरकारबाट आफू मातहत रहेका भौतिक संरचना र सम्पत्तिहरूको स्वामित्व प्रदेश सरकारमा हस्तान्तरण गर्न ढिलाइ हुँदा प्रदेश सरकारका कार्यक्रमहरू कार्यान्वयन गर्न सहज हुन सकेको छैन। यसका अलवा सङ्घीय सरकारबाट आयोजनाको वर्गीकरण नहुनु, कोभिड-१९ को असर, साझा अधिकार क्षेत्रमा सङ्घीय कानून नबन्नु, प्रदेश नीति तथा योजना आयोगको काम ऐनबाट व्यवस्था नहुनु, बहुवर्षे आयोजनाको लागि स्रोतको सुनिश्चितता नहुनु, जनशक्ति र साधनस्रोतको अभाव हुनु, प्रदेशको सूचना व्यवस्थापन प्रणाली विकास भै नसक्नु र प्रदेश नीति तथा योजना आयोगमा सीमित जनशक्ति र स्रोतसाधन हुनु, आदि मुख्य समस्याहरू यथावत छन्।

आगामी दिनको लागि आयोगले प्रथम पञ्चवर्षीय योजनाको सफल कार्यान्वयनको लागि मन्त्रालयहरूलाई सहजीकरण गर्ने; कार्यक्रम कार्यान्वयनमा आउने बहुआयामिक समस्याहरूको समाधानको लागि मन्त्रालय तथा मातहतका निकायलाई सहयोग गर्ने, मुख्य कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गरी सरकारलाई पृष्ठपोषण गर्ने, प्रदेशको आन्तरिक स्रोत वृद्धिमा आवश्यक गृहकार्य गर्ने, आयोजना बैंक दिग्दर्शन निर्माण गरिसकिएको र यस मार्फत आयोजनाहरूको पहिचान र प्राथमिकीकरण र स्रोत व्यवस्थापनमा मद्दत गर्ने, प्रादेशिक तथ्याङ्क व्यवस्थापन आधारशिला तयार गर्ने, योजनाको छनौट, प्राथमिकीकरण र स्रोत विनियोजन प्रभावकारी बनाउन मध्यमकालीन खर्च संरचनालाई थप परिष्कृत गर्दै संस्थागत गर्ने, आवधिक योजनाको मध्यावधि समीक्षा गर्ने, स्थानीय तहलाई आवधिक योजना तथा कार्यक्रमहरू तर्जुमामा सहजीकरण गर्ने, दिगो विकास लक्ष्यको कार्यान्वयनको सम्पर्क बिन्दुको रूपमा काम गर्ने र विकास निर्माण कार्यमा संलग्न निजी, सहकारी तथा सामुदायिक क्षेत्रको

साझेदारी तथा सहकार्यलाई प्रवर्द्धन गर्दै प्रदेशको तुलनात्मक लाभका क्षेत्र पहिचान गरी निजी क्षेत्रलाई लगानीको लागि अनुकूल वातावरण तयार गर्ने लगायतका भावी कार्यदिशा तय गरेको छ।

प्रदेशले प्रतिबद्धता गरेका विकास लक्ष्य हासिल गर्नका लागि विभिन्न अवरोधहरू रहेका छन्। योजनाबद्ध विकासको अभ्यास भएको भए तापनि योजना छनौट प्राथमिकीकरण तथा वर्गीकरणमा वैज्ञानिक विधि अवलम्बन गर्न सकिएको छैन। बजेटको सुनिश्चितता नगरी योजना राख्ने र बहुवर्षीय योजनालाई समेत स्रोत सुनिश्चित नगरी बजेट बनाउने प्रवृत्ति यद्यपी कायम छ। परम्परागत ढङ्गबाट योजना छनौट गर्ने र कार्यान्वयनमा समेत पर्याप्त सजगता नअपनाउँदा योजनाहरूमा उच्च लागत लाग्नुका साथै उच्च वातावरणीय सन्तुलन र सहभागिताको दृष्टिबाट समेत उपयोगी हुन सकेका छैनन्। आन्तरिक स्रोतको न्यूनताले गर्दा प्रदेश सरकार केन्द्रीय अनुदानमा भर पर्नु परेको छ। आन्तरिक स्रोत बढाउनका लागि थप प्रयत्न गर्नुपर्ने देखिएको छ। संविधान बमोजिमका अधिकारको बाँडफाँटमा अझै पनि सङ्घीय सरकारको तयारी पर्याप्त पुगेको देखिँदैन। कतिपय प्रदेश सरकारले प्रयोग गर्नुपर्ने अधिकार र जिम्मेवारी सङ्घीय सरकारमा रहँदा सङ्घीयताको कार्यान्वनमा पनि कठिनाइ रहेको गुनासो आउने गरेको छ। अनुदानको बाँडफाँटमा पनि पर्याप्त ध्यान नपुगेको देखिन्छ। सामाजिक तथा मानव विकासका सूचकहरू राम्रा रहेको भन्दै यस प्रदेशमा विकास साझेदारले काम गर्न प्राथमिकतामा राखेका छैनन् तर पोषण लगायतका केही महत्वपूर्ण क्षेत्रमा यस प्रदेशमा धेरै काम गर्न बाँकी छ। विकट हिमाली जिल्लाहरू साथै पिछडिएका जिल्ला र गरीब तथा सीमान्तकृत समुदायको समस्या सम्बोधनका लागि सामाजिक विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता छ। प्रदेशमा विकास साझेदारको उपस्थिति बढाउन पहल गरिनु पर्दछ। विकासको संवाहक निजी क्षेत्र हो। लगानीको अनुकूल वतावरण तयार पारी निजी क्षेत्रलाई लगानीमा क्रियाशील गराइनु पर्दछ। देशभित्रको निजी क्षेत्रलाई लगानीको लागि तयार पारी प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउनेतर्फ हाम्रो ध्यान जानु आवश्यक छ। उत्पादनमूलक क्षेत्रको लगानी निकै कम देखिन्छ लगानी अनुकूल वातावरणका मद्दतबाट यस क्षेत्रको विस्तारमा सरकार लाग्नु आवश्यक छ। प्रस्तावित प्रादेशिक औद्योगिक क्षेत्रको निर्माणमा रहेका गतिरोध हटाउने औद्योगिक ग्राम निर्माणलाई तीव्रता दिने र प्रदेशमा विशेष आर्थिक क्षेत्र स्थापनाको सम्भावना खोज्नु जरुरी छ। जलविद्युत आयोजनाहरूको सञ्चालन, प्रसारण ग्रिडको निर्माण आदिमा विशेष ध्यान दिनु आवश्यक छ। कृषितर्फ चक्लाबन्दी प्रवर्द्धन कार्यक्रम, स्याउ विशेष कार्यक्रम, कृषि सुधार नमुना कार्यक्रम र पशु पूर्ण खोप कार्यक्रम आदि सञ्चालनमा छन्। यस्ता कार्यक्रमको कार्यान्वयनमा थप प्रभावकारिता ल्याउनु जरुरी छ। जग्गा व्यवस्थापनमा संघीय सरकारबाट समयमै ध्यान नपुगेकोले नतिजा आउनमा ढिलाइ भइरहेको छ।

प्रदेश गौरव तथा रुपान्तरणकारी गरी २३ वटा योजना अघि सारिए तापनि अधिकांश आयोजनाको काम अघि बढ्न सकेको छैन। जग्गा प्राप्ति, स्रोतको अभाव, परियोजनाको मोडालिटिमा रहेको

अस्पष्टता आदिले गर्दा परियोजना सञ्चालनमा आउन नसकेका र सुरुभएका भनिएका आयोजना पनि पूर्व सम्भाव्यता अध्ययन सम्भाव्यता अध्ययन आदिको चरणमा रोकिएका छन्। यी आयोजनाको कार्यान्वयनको अवस्था समीक्षा गरी उचित निर्णय तत्काल लिनु आवश्यक छ। साथै यस्ता आयोजनाको कार्यान्वयनका लागि विशिष्ट कानूनी तथा संरचनागत व्यवस्था गरिनु पर्दछ।

प्रदेशमा मानव संसाधनको आवश्यकताको प्रक्षेपण गरिएकोले त्यसको प्राप्तिका लागि योजनाबद्ध प्रयास हुनु पर्दछ। गण्डकी विश्वविद्यालय र प्रदेशमा रहेका सामुदायिक कलेज समेतको प्रयोग गरी यस प्रदेशलाई आवश्यक पर्ने जनशक्ति उत्पादनमा लाग्नुपर्दछ। अन्य प्रदेशसँग समेत समन्वय गरी ठूला यातायात तथा पर्यटन प्रवर्द्धन र औद्योगिक विकासका आयोजना सञ्चालन गरिनु पर्दछ। संघ, अन्य प्रदेश र स्थानीय तहसँग समेत समन्वय गरी विकास कार्यलाई तीव्रताका साथ अघि लैजानु पर्दछ। जनतामा रहेको विकासको तीव्र चाहना र संविधानले प्रदेश सरकारलाई दिएको जिम्मेवारी पूरा गर्न तथा प्रदेशको समृद्धिको लक्ष्य हासिल गर्नका लागि प्रदेश सरकारले थप प्रभावकारिताका साथ काम गर्नु आवश्यक छ।

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि


गण्डकी प्रदेशको तीव्र आर्थिक वृद्धि र सन्तुलित तथा दिगो विकासका लागि आवधिक योजनाको तर्जुमा, कार्यान्वयनमा सहजीकरण, तहगत समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने र नीतिको अनुसन्धान तथा विकास गरी गण्डकी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्ने उद्देश्य सहित प्रदेश नीति तथा योजना आयोगको गठन भएको हो। "प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ (संशोधन सहित)" अनुसार प्रदेश सरकारद्वारा गठित विशिष्टीकृत निकाय हो। वि.सं. २०७२ साल असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भए पश्चात् २०७४ फागुन ४ गते प्रदेश सरकार स्थापना भई २०७५ साउन ६ गते प्रदेश नीति तथा योजना आयोग गठन गरेको थियो भने आयोगले २०७५ साउन २२ गतेदेखि औपचारिकरुपमा आफ्नो कार्य प्रारम्भ गरेको थियो। हाल "प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ (संशोधन सहित)" प्रचलनमा रहेको र सोही कानूनी व्यवस्था बमोजिम आयोगले कार्य गरिरहेको छ ।

आयोगले प्रदेश गौरव तथा प्राथमिकताका कार्यक्रम तथा विकास आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण गर्ने र आयोजना कार्यान्वयनमा रहेका जोखिम न्यूनीकरण गर्न तथा कार्यान्वयनको चरणमा देखा परेका समस्याहरू समाधान गर्न सहजीकरण गर्ने आदि कार्यहरू गर्दै आइरहेको छ। दिगो तथा सन्तुलित विकासका लागि नेपाल सरकार र स्थानीय तहसँग समन्वय गर्दै दीर्घकालीन सोचसहितको नीति तथा योजना तर्जुमा गर्ने, अध्ययन तथा अनुसन्धान मार्फत् विकासका कार्यक्रमहरूको पहिचान तथा प्राथमिकीकरण गरी स्रोत व्यवस्थापन गर्न सघाउने, वार्षिक विकास कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने, त्यस्तै गरी आयोगले नागरिक समाज, गैर-सरकारी संस्था, सहकारी, विश्वविद्यालय, निजी क्षेत्र तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग प्रदेश सरकारका नीति तथा योजनाका बारेमा छलफल गर्ने, योजना निर्माण तथा र कार्यान्वयनमा सहयोग एवम् साझेदारीका लागि आह्वान गर्ने तथा उनीहरूले भोगेका समस्या समाधानका लागि प्रदेश सरकारलाई पृष्ठपोषण गर्ने तथा सहजीकरणको कार्य पनि गर्दै आइरहेको छ। प्रदेश सरकारले लागु गरेका नीति, विकास योजना तथा कार्यक्रमको सान्दर्भिकता, प्रभावकारिता, आबद्धता, कार्यदक्षता र दिगोपनाका विषयमा अध्ययन अनुसन्धान तथा अन्वेषण गरी गराई प्रदेश सरकारलाई नीति निर्माणमा सहयोग पुर्याउने साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नीति सम्वाद सञ्चालन र सहजीकरण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल प्रदेश तथ्याङ्क प्रणालीकोको विकास र व्यवस्थापन गर्ने गराउने कार्यले आयोगको पुष्टि र महत्व उजागर गर्दछ।

## १.२ आयोगको सङ्गठन संरचना र जनशक्ति व्यवस्था

"प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ (संशोधन सहित) को व्यवस्था  अनुसार प्रदेश नीति तथा योजना आयोगमा अध्यक्ष माननीय मुख्यमन्त्री सहित सात सदस्य रहने व्यवस्था छ। आयोगमा एक उपाध्यक्ष र कम्तीमा एक महिला सहित बढीमा २ सदस्य गरी तीनजना पूर्णकालीन पदाधिकारी प्रदेश सरकारले नियुक्त गर्ने व्यवस्था छ। त्यसै गरी प्रदेश सरकारका प्रमुख सचिव र अर्थ मन्त्रालयका सचिव आयोगको पदेन सदस्य रहने व्यवस्था छ। आयोगका सचिवले सदस्य सचिवको रुपमा कार्य गर्ने व्यवस्था रहेको छ ।

प्रदेश सरकारले स्वीकृत गरे अनुरुप आयोगको प्रशासनिक काम कारवाहीका लागि सदस्य-सचिव सहित २३ जना जनशक्ति रहने व्यवस्था रहेको छ। प्रदेश सरकारले स्वीकृत गरे अनुरुप आयोगमा सहसचिव को नेतृत्वमा उपसचिव, शा.अ./अधिकृतस्तर, लेखा अधिकृत, सिभिल इन्जिनियर, अर्थशास्त्री, समाजशास्त्री, तथ्याङ्क अधिकृत, ना.सु./सहायकस्तर, कम्प्यूटर अप्रेटर, हलुका सवारी चालक र कार्यालय सहयोगी सहित २३ (तेइस) जनाको जनशक्ति रहने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत भएको छ। तथापि, स्वीकृत दरबन्दी संरचना अनुसारका प्राविधिक कर्मचारी नभएको र हाल आयोगमा प्रदेश सरकारले विभिन्न सेवा समूहका कर्मचारी काजमा खटाएका र करारका कर्मचारीबाट कार्यसम्पादन गरिँदै आएको छ। नेतृत्व तहका कर्मचारीको अभावमा आशातीत कार्य सम्पादनमा कठिनाइ भएको छ। आयोगमा कार्यरत कर्मचारीहरूको विस्तृत विवरण चित्र १.१ मा प्रस्तुत गरिएको छ।




**चित्र नं १.१: आयोगमा कार्यरत कर्मचारी विवरण**

## १.३ प्रदेश नीति तथा योजना आयोगको काम, कर्तव्य र अधिकार

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, (संशोधन सहित) २०७८ को दफा ८ मा उल्लेख गरिए अनुसार आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

**(क) वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनः**

(१) वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा प्रदेशको आवधिक योजनासँग तादात्म्यता मिलाउन विषयगत मन्त्रालयसँग छलफल गर्ने,

(२) औचित्यता र आवश्यकताका आधारमा कार्यक्रम संशोधन गर्नु परेमा मन्त्रालयलाई सहजीकरण गर्ने र

(३) कार्यक्रम कार्यान्वयनमा मन्त्रालय र अन्य निकायलाई सहजीकरण गर्ने।

(४) प्रदेशको समग्र स्रोतको प्रक्षेपण गरी प्राथमिकताका आधारमा क्षेत्रगत सन्तुलन मिलाई विषयगत मन्त्रालयलाई बजेटको स्रोत सीमाको आँकलन गर्ने।

**(ख) अनुगमन तथा मूल्याङ्कनः**

(१) प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरूमा लागू गरी संस्थागत गराउने,

(२) मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषयक्षेत्रगत नीतिहरू र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नु पर्ने सुधार गर्ने, गराउने,

(३) अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेशागत सङ्घ संस्था, नागरिक समाज र विकासका साझेदार बिच सञ्जालको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने।

**(ग) तहगत समन्वयः**

(१) सङ्घ, प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(२) प्रदेश सरकारका क्षेत्रगत नीतिहरूमा परामर्श दिने,

(३) आयोजना बैंक सम्बन्धी कार्य गर्ने,

**(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषणः**

(१) प्रादेशिक नीति, विकास योजना तथा कार्यक्रमको सान्दर्भिकता, प्रभावकारिता, आबद्धता,

कार्यदक्षता र दिगोपनाका विषयमा स्वतन्त्र विज्ञ, निकाय वा संस्थाबाट शोध तथा अनुसन्धान गर्ने, गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने,

(२) सार्वजनिक, निजी एवम् गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास र कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्राज्ञिक प्रोत्साहन तथा सहजीकरण गर्ने,

(३) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा विकास, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिश गर्ने,

(४) विश्वविद्यालय तथा अन्य प्राज्ञिक संस्थासँग नीति अनुसन्धानमा सहकार्य गर्ने,

(५) क्षेत्रगत र विषयगत स्वयंसेवकको छनौट गरी प्रशिक्षण दिने।

**(ङ) अन्यः**

(१) प्रदेश सरकार मातहतका मन्त्रालयहरूको स्वीकृत वार्षिक विकास कार्यक्रमहरूको चौमासिक/वार्षिक प्रगति समीक्षा गर्ने,

(२) प्रदेशको समग्र समृद्धिका लागि भविष्यपरक दृष्टि सहितको दीर्घकालीन लक्ष्य, मार्ग चित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने,

(३) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरणीय, सुशासनसमेतका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

(४) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) र स्वीकृत कार्यविधि अनुसार आयोजना तयारी तथा छनौट सम्बन्धी काम गर्ने,

(५) प्रदेशको स्रोतको अनभुान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्ने, गराउने,

(६) अध्ययन, अनुसन्धानमा आधारित नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

(७) प्रदेशको समष्टिगत अर्थतन्त्रको अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरूको तर्जुमा गर्ने, गराउने,

(८) सङ्घ, प्रदेश तथा स्थानीय तहको सह लगानी हुने आयोजना छनौट र पूर्व तयारी गर्न आवश्यक काम गर्ने,

(९) प्रदेशस्तरका ठूला आयोजनाहरूको छनौट गर्ने,

(१०) निजी क्षेत्र, सहकारी, सामुदायिक वा बाह्य लगानीका आयोजनाहरूको सम्भव्यता अध्ययन गर्ने,

(११) सार्वजनिक-निजी साझेदारी, निजी लगानी तथा प्रदेश सरकार र निजी क्षेत्रको संयुक्त लगानीमा सञ्चालन हुने आयोजना तर्जुमा तथा कार्यान्वयन समेतका विषयमा गण्डकी प्रदेश विकास प्राधिकरणसँग समन्वय गर्ने,

(१२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नीति संवाद सञ्चालन र सहजीकरण गर्ने,

(१३) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल प्रदेश तथ्याङ्क प्रणालीको विकास र व्यवस्थापन गर्ने गराउने,

(१४) सम्बन्धित मन्त्रालय तथा निकायसँग समन्वयमा प्रदेशस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरूको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण समेत गरी परामर्श दिने।

## १.४ प्रचलित कानून तथा अन्य आदेशमा लेखिएका काम, कर्तव्य र अधिकार

प्रदेश नीति तथा योजना आयोगको (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ (संशोधन सहित) मा उल्लेख गरिए बाहेक देहायका कानून तथा नियमावलीमा आयोगको काम, कर्तव्य र अधिकारका बारेमा देहाय बमोजिमका व्यवस्था रहेको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ अनुसार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने र दफा २२ अनुसार राजस्व र व्ययको अनुमान पेस गर्दा मध्यमकालीन खर्च संरचना समेत पेस गर्नुपर्ने व्यवस्था रहेको छ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ मा राजस्व र व्ययको अनुमान तयार गर्ने क्रममा प्रदेश नीति तथा योजना आयोगले आवधिक योजनाको आधारमा प्रत्येक आर्थिक वर्षमा तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नुपर्ने व्यवस्था उल्लेख छ।

## १.५ आयोगका पदाधिकारीहरूको जिम्मेवारी

आयोगका पदाधिकारीमध्ये उपाध्यक्ष डा. रघुराज काफ्लेबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सोसँग सम्बन्धित क्षेत्र; कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय र सोसँग सम्बन्धित क्षेत्र; शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय र सोसँग सम्बन्धित क्षेत्र; स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र सोसँग सम्बन्धित क्षेत्र; प्रदेश सभा सचिवालय र मुख्य न्यायाधिवक्ताको कार्यालयसँग सम्बन्धित क्षेत्र हेर्ने व्यवस्था गरिएको छ।

सदस्य डा. सुबास अधिकारीबाट भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय र सोसँग सम्बन्धित क्षेत्र; उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयसँग सम्बन्धित क्षेत्रहरू; वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय र सोसँग सम्बन्धित क्षेत्र; युवा तथा खेलकुद मन्त्रालय र सोसँग सम्बन्धित क्षेत्र हेर्ने व्यवस्था गरिएको छ।

सदस्य माया तिम्सिनाले अर्थ मन्त्रालय र सोसँग सम्बन्धित क्षेत्र; पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सोसँग सम्बन्धित क्षेत्र; भूमि व्यवस्था, कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालय र सोसँग सम्बन्धित क्षेत्र हेर्ने व्यवस्था गरिएको छ।

## १.६ प्रदेश विकास परिषद्

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ (संशोधन सहित) को दफा ९ मा आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास नीति वा योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि माननीय मुख्यमन्त्रीको अध्यक्षतामा एक प्रदेश विकास परिषद् गठन गरिएको छ।

परिषद्मा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सरकारका मन्त्रीहरू, प्रदेश सभा समितिका सभापतिहरू, प्रदेश भित्रका जिल्ला समन्वय समितिका प्रमुखहरू, प्रमुख सचिव, प्रदेश भित्रका स्थानीय तहका अध्यक्ष/ उपाध्यक्ष वा प्रमुख/उपप्रमुख मध्येबाट जिल्ला र भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी प्रदेश सरकारबाट मनोनीत ३३ जना सदस्य, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष र सदस्यहरू, प्रदेश सचिवहरू, प्रचलित कानून बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुर्याएका व्यक्तिमध्येबाट कम्तीमा एक तिहाई महिला सहित प्रदेश भित्रका प्रत्येक जिल्लाबाट एक एक जना गरी प्रदेश सरकारबाट मनोनीत ११ जना सदस्य र राष्ट्रिय योजना आयोगको प्रतिनिधि सदस्य रहने व्यवस्था रहेको छ ।आयोगका सचिव प्रदेश विकास परिषद्को सदस्य-सचिव रहने व्यवस्था रहेको छ।

दफा १० अनुसार परिषद्को बैठक आवश्यकतानुसार बस्ने व्यवस्था छ। आयोगले तयार गरेको प्रादेशिक योजना प्रदेश विकास परिषद्को बैठकमा छलफल भएपछि सो परिषद्को निर्देशन अनुसार प्रदेश सरकारको स्वीकृतिको लागि पेश गरिनेछ।

प्रदेश विकासका प्रमुख योजनाहरू पारित गर्ने, प्रदेश सरकारलाई विकासका नीतिहरू र प्रदेश गौरवका आयोजनाहरू, रुपान्तरणकारी आयोजनाहरू तथा महत्वपूर्ण विकास आयोजनाहरू सञ्चालन सम्बन्धी राय सुझाव दिने कार्य यस परिषद्को रहेको छ।

## १.७ प्रदेश विकास समस्या समाधान समिति

प्रदेश तथा स्थानीय तहमा सञ्चालित विकास कार्यक्रम र आयोजनाहरू कार्यान्वयन गर्दा देखा परेका नीतिगत, व्यवहारगत, कानूनी, कार्यविधिगत तथा अन्य समस्याहरू समाधानका लागि प्रदेश विकास समस्या समाधान समितिको व्यवस्था गरिएको छ। यो समिति गण्डकी प्रदेशका विकास नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयनको प्रगति समीक्षा, कार्यक्रम तथा आयोजना

कार्यान्वयनको क्रममा देखापरेका समस्याको समाधान लगायत नीतिगत विषयमा काम गर्नका लागि अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सर्वोच्च संयन्त्र हो। माननीय मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सरकारका मन्त्रीहरू, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, सदस्यहरू, प्रमुख सचिव जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेशका अध्यक्ष, नगरपालिका/गाँउपालिका संघका अध्यक्षहरू, अर्थ मन्त्रालयका सचिव, प्रदेश सरकारले तोकेका स्थानीय तहका प्रमुख/उपप्रमुखहरू ९ जना र प्रदेश नीति तथा योजना आयोगका सचिव रहने प्रदेश विकास समस्या समाधान समिति रहने व्यवस्था रहेको छ। यस समितिको बैठक प्रत्येक चौमासिकमा एक पटक गरी तीन पटक बस्ने र विभिन्न तहबाट प्राप्त समस्या समाधानका लागि आवश्यक निर्णय गर्ने र निर्णय कार्यान्वयनको अनुगमन समेत गर्ने व्यवस्था रहेको छ। यस समितिले स्थानीय तहबाट समाधान गर्न सक्ने समस्याको पहिचान, प्रदेश सरकारले समाधान गर्नुपर्ने समस्या र सङ्घीय सरकारमा पेश गर्नुपर्ने समस्या र समाधानका उपायहरू समेत खोजी गरी निर्णय गर्ने र सो निर्णयहरू कार्यान्वयनको अनुगमनको योजना समेत वनाएर कार्यान्वयन गर्ने गर्दछ। प्रदेश विकास समस्या समाधान समितिका विभिन्न बैठकहरू र गरिएका निर्णयहरू यसै प्रतिवेदनको परिच्छेद २ मा विस्तृत रुपमा उल्लेख गरिएको छ।

## १.८ मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति

वार्षिक विकास कार्यक्रम कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी सम्बन्धित मन्त्रालयको हुन्छ तसर्थ मन्त्रालयले अनुभूति गरेका समस्याहरू सम्बन्धित मन्त्रालयबाटै समाधान गर्ने उद्देश्यले सबै मन्त्रालयमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको व्यवस्था गरिएको छ। मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति सम्बन्धित मन्त्रीको अध्यक्षतामा राज्यमन्त्री, सहायकमन्त्री, प्रदेश नीति तथा योजना आयोगको सम्बन्धित विषय हेर्ने सदस्य, सम्बन्धित मन्त्रालयका सचिव, अर्थ मन्त्रालयका सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सुशासन हेर्ने सचिव, सम्बन्धित निर्देशनालयका प्रमुख, सम्बन्धित मन्त्रालयका योजना महाशाखा प्रमुख सदस्य र सम्बन्धित मन्त्रालयका अनुगमन तथा मूल्याङ्कन महाशाखा तथा शाखा प्रमुख सदस्य सचिव रहेको मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति गठन गरिएको छ। समितिको बैठक एक वर्षमा कम्तीमा तीन पटक बस्छ। यसरी बैठक बस्दा प्रत्येक चौमासिक अवधिमा प्रदेश विकास समस्या समाधान समितिको बैठक बस्नुभन्दा अगाडि नै बस्नुपर्ने व्यवस्था गरिएको छ। यस समितिले आफ्नो मन्त्रालय र अन्तर्गत कार्यान्वयन गरिएका नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन स्थितिको समीक्षा गर्ने, समीक्षा गर्दा कार्यक्रम तथा आयोजनाको कार्यान्वयनमा देखिएका समस्याहरूका बारेमा छलफल गरी समाधान गर्ने, मन्त्रालय तथा सम्बन्धित विभागको मातहतमा सञ्चालित आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन तोकिएको संयन्त्रबाट भए नभएको निक्यौंल गरी आवश्यक निर्देशन दिने, प्रदेशभित्र रहेका स्थानीय तहलाई प्रदान गरिएका विभिन्न प्रकारका अनुदानको उपयोग र सोको नतिजाहरूको प्रगतिको समीक्षा

गर्ने, कुनै कार्यक्रम वा आयोजना कार्यान्वयनमा देखिएका समस्या, मन्त्रालयस्तरबाट समाधान हुन नसकेका विषयमा लिनुपर्ने निर्णयका विकल्पहरू पहिचान गरी सिफारिस सहित प्रदेश नीति तथा योजना आयोगमार्फत् प्रदेश विकास समस्या समाधान समितिमा पठाउने जस्ता अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्दछ।

## १.९ प्रदेश दिगो विकास लक्ष्य समन्वय समिति

दिगो विकास लक्ष्यसँग सम्बन्धित नीति, योजना, कार्यक्रम र आयोजना कार्यान्वयनको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने प्रयोजनार्थ प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा प्रदेश नीति तथा योजना आयोगका सदस्य, सबै मन्त्रालयका सचिव, गण्डकी प्रदेश उद्योग वाणिज्य संघका अध्यक्ष, उद्योग परिसंघका अध्यक्ष, चेम्बर्स अफ कमर्सका अध्यक्ष, सहकारी महासंघका अध्यक्ष, गैर सरकारी संस्था महासंघका अध्यक्ष, प्रदेशस्थित विश्वविद्यालयका प्रतिनिधि, मेडिकल एसोसियसनका अध्यक्ष, इन्जिनियरिङ एसोसिएसनका अध्यक्ष, पत्रकार महासङ्घका अध्यक्ष, जिल्ला समन्वय महासंघ गण्डकी प्रदेशका प्रतिनिधि, गाउँपालिका महासंघ गण्डकी प्रदेशका प्रतिनिधि, नगरपालिका महासंघ गण्डकी प्रदेशका प्रतिनिधि सदस्य र प्रदेश नीति तथा योजना आयोगका सचिव सदस्य - सचिव रहनेगरी प्रदेश दिगो विकास लक्ष्य समन्वय, अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिएको छ। समितिको बैठक एक वर्षमा कम्तीमा दुईपटक अर्धवार्षिक रूपमा बस्नेछ। यस समितिका मुख्य काम दिगो विकास लक्ष्य कार्यान्वयनको लागि सार्वजनिक, निजी र सामुदायिक क्षेत्रबिच समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने तोकिएका छन। प्रदेश नीति तथा योजना आयोगको सचिवालयले यस समितिको सचिवालयको काम गर्दछ।

यस्तै दिगो विकास लक्ष्यसँग सम्बन्धित नीति, योजना, कार्यक्रम र आयोजना कार्यान्वयनको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने प्रयोजनार्थ प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा प्रदेश स्तरीय दिगो विकास लक्ष्य समन्वय समिति र प्रदेश दिगो विकास लक्ष्य विषयगत अनुगमन तथा मूल्याङ्कन समिति रहने व्यवस्था रहेको छ।

## १.१० प्रदेश सचिवस्तरीय अनुगमन तथा मूल्याङ्कन समिति

प्रदेशको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाउने उद्देश्यले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिवको संयोजकत्वमा प्रदेश सचिवस्तरीय एक अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिएको छ। यस अनुगमन तथा मूल्याङ्कन समितिमा प्रदेशस्थित सबै मन्त्रालय तथा निकायका सचिव सदस्य हुन्छन्। यस समितिको मुख्य काम मन्त्रालय र निकायहरूले सञ्चालन गरेका कार्यक्रम तथा आयोजनाहरू वार्षिक तालिका अनुसार सञ्चालन भए नभएको अनुगमन गर्ने, समस्या पहिचान गरी समाधान गर्ने र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य मन्त्रालय तथा निकायसँग सहकार्य र समन्वय गर्ने प्रमुख हुन्।

## १.११ मन्त्रालयस्तरीय अनुगमन तथा मूल्याङ्कन महाशाखा तथा शाखाः

प्रदेशका हरेक मन्त्रालयमा एक अनुगमन तथा मूल्याङ्कन महाशाखा तथा शाखा रहने व्यवस्था छ। यी महाशखा तथा शाखाले मन्त्रालयले तथा निकायले सञ्चालन गर्ने कार्यक्रम तथा आयोजनाहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गरी कार्यक्रमलाई पृष्ठपोषण प्रदान गर्दछन्।

## १.१२ मध्यमकालीन खर्च संरचनाको संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचनालाई व्यवस्थित गर्न बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०७५ अनुसार देहाय बमोजिमका समितिहरूको व्यवस्था गरिएको छ।

### (क) निर्देशक समिति

मध्यमकालीन खर्च संरचना तर्जुमालाई मार्गनिर्देशन गर्नको लागि देहाय बमोजिमको निर्देशक समिति रहने व्यवस्था छः

| | |
|---|---|
| उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | संयोजक |
| सदस्यहरू, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| सचिवहरू, विषयगत मन्त्रालय | सदस्य |
| सचिव, प्रदेश नीति तथा योजना आयोग | सदस्य |

### (२) प्राविधिक समिति

मध्यमकालीन खर्च संरचना तर्जुमाको लागि देहाय बमोजिमको प्राविधिक समिति रहने व्यवस्था छः

| | |
|---|---|
| सदस्य, प्रदेश नीति तथा योजना आयोग (आर्थिक मामिला हेर्ने) | संयोजक |
| सदस्य-सचिव, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| महाशाखा प्रमुखहरू, योजना महाशाखा, विषयगत मन्त्रालय | सदस्य |
| महाशाखा प्रमुख, वित्त व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालय | सदस्य |
| प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रकको कार्यालय | सदस्य |
| महाशाखा प्रमुख, बजेट योजना तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय | सदस्य सचिव |

### (३) मन्त्रालयगत कार्यदल

मध्यमकालीन खर्च संरचनासँग सम्बन्धित विषयगत तथ्याङ्क तथा विवरणहरू संकलन तथा विश्लेषण गरी प्राविधिक समितिलाई उपलब्ध गराउनको लागि देहाय बमोजिमको मन्त्रालयगत कार्यदल रहने व्यवस्था छः

| | |
|---|---|
| महाशाखा प्रमुख, योजना/प्रशासन महाशाखा | सदस्य |
| महाशाखा प्रमुख, आर्थिक प्रशासन महाशाखा | सदस्य |
| अधिकृत स्तरका प्रतिनिधि, सम्बन्धित मन्त्रालय अन्तर्गतका निर्देशनालय | सदस्य |
| सम्बन्धित मन्त्रालयको योजना/प्रशासन महाशाखाको अधिकृत | सदस्य |

# परिच्छेद दुईः गण्डकी प्रदेशको अवस्था

## २.१ आर्थिक अवस्था

केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित पछिल्लो राष्ट्रिय लेखा तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/७८ मा प्रदेशको कुल गार्हस्थ उत्पादन रु. ३ खर्ब ८० अर्ब ४५ करोड हुने संशोधित अनुमान रहेको छ भने आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ उत्पादन रु. ४ खर्ब ३१ अर्ब ८० करोड हुने प्रारम्भिक अनुमान रहेको छ। राष्ट्रिय अर्थतन्त्रमा जस्तै प्रदेश अर्थतन्त्रमा पनि कोरोना भाइरसको असर उल्लेखनीय रुपमा देखिएको छ।

गण्डकी प्रदेशमा आ.व. २०७८/७९ मा रु. ३१ अर्ब ३७ करोड ३६ लाख बजेट विनियोजन भएकोमा रु. २२ अर्व ९ करोड ४४ लाख १६ हजार खर्च भएको छ। यस बजेटबाट स्थानीय तहलाई रु. २ अर्व ९ करोड १९ लाख ६१ हजार रुपैयाँ वित्तीय हस्तान्तरण गरिएको छ। विनियोजित बजेटमा चालुतर्फ ६०.५५ प्रतिशत, पुँजीगततर्फ ७८.०५ प्रतिशत र यसप्रकार समग्रमा विनियोजित बजेटको ७०.४२ प्रतिशत खर्च भएको छ ।

आर्थिक वर्ष २०७७/७८ मा प्रदेशको आर्थिक वृद्धिदर ३.७३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा बढेर ६.१७ प्रतिशत वृद्धिदर पुगेको छ।

**तालिका २.१ कुल गार्हस्थ उत्पादनमा क्षेत्रगत योगदान (आर्थिक वर्ष २०७८/७९)**

| क्र.सं. | क्षेत्र | योगदान प्रतिशत |
|---|---|---|
| १ | कृषि, वन तथा मत्स्यपालन | २६ % |
| २ | सामान्य प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | १०.५ % |
| ३ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत | ९.४ % |
| ४ | निर्माण | ९.४ % |
| ५ | शिक्षा | १०.५ % |
| ६ | वित्तीय तथा विमा क्रियाकलाप | ६.६ % |
| ७ | घर जग्गा कारोवार | ५.३ % |
| | | |
| ८ | कृषि क्षेत्र | २६% |
| ९ | गैरकृषि क्षेत्र | ७४% |
| | | |
| १० | प्राथमिक क्षेत्र (कृषि, वन, खानी तथा उत्खनन्) | २६.८% |
| ११ | द्वितीय क्षेत्र (उद्योग, विद्युत्, ग्यास, पानी र निर्माण) | १७.६% |
| १२ | तृतीय क्षेत्र (सेवा) | ५५.६% |

गण्डकी प्रदेश अर्थ मन्त्रालय स्थापना भए देखि हालसम्मका विनियोजित चालु तथा पुँजीगत बजेटको विवरण यस प्रकार रहेको छ ।

**तालिका २.२ गण्डकी प्रदेश बजेट विनियोजन पाँच वर्षको अवस्था** (रकम रु. हजारमा)

| आ.व. | चालु बजेट | पुँजीगत | जम्मा बजेट | अनुदान | कैफियत |
|---|---|---|---|---|---|
| | | | | संघ सरकार | |
| २०७५/७६ | ५,२१,१०,५२ | ८,७१,७०,१२ | १३,९२,८०,६४ | १४,३४,७८,४१ | |
| २०७६/७७ | ६,४२,७१,०० | १३,९८,६७,३८ | २०,४१,३८,३८ | १३,९६,३८,०० | |
| २०७७/७८ | ८,७८,३९,६५ | १७,३७,९८,३२ | २६,१६,३७,९७ | १२,९१,५२,०० | |
| २०७८/७९ | १३,०८,२०,६७ | १६,७३,४६,३३ | २९,८१,६७,०० | १२,६१,९८,०० | |
| २०७९/८० | १३,२६,८८,५४ | २२,१४,०१,४६ | २९,८१,६७,०० | १२,६१,९८,०० | वित्तीय व्यवस्था ५००००० |

स्रोतः प्रदेश अर्थ मन्त्रालय

**मानव विकास प्रतिवेदन २०२० अनुसार सूचकाङ्क र गण्डकी प्रदेश**

मानव विकास प्रतिवेदन २०२० अनुसार मानव विकास सूचकमा प्रदेशहरूमा दोस्रो, लैङ्गिक असमानता सूचकमा तेस्रो र बहुसूचकाङ्क गरीबी सूचकाङ्कमा पनि दोस्रो स्थान रहेको छ। यसबाट प्रदेशले अझै मेहनत गर्नुपर्ने देखिन आउँछ।





**तालिका २.३ मानव विकास सूचकाङ्कमा गण्डकी प्रदेश**

| सूचकांक | नेपाल | गण्डकी प्रदेश | प्रदेशमा स्थान |
|---|---|---|---|
| मानव विकास सूचकाङ्क (HDI) | ०.५८७ | ०.६१८ | २ |
| लैङ्गिक असमानता सूचकाङ्क (GII) | ०.४७९ | ०.४६ | ३ |
| बहुसूचकाङ्क गरीबी सूचकाङ्क (MPI) | २८.६ | १४.२ | २ |

*स्रोतः मानव विकास प्रतिवेदन २०२०, राष्ट्रिय योजना आयोग*

## २.२ दिगो विकास लक्ष्य




दिगो विकासका लक्ष्यहरू संयुक्त राष्ट्र संघका सबै सदस्य राष्ट्रहरूले अन्तर्राष्ट्रिय रुपमा सहमति गरेका विकास उद्देश्यहरूको साझा संग्रह हो। विश्वव्यापीरूपमा आइरहेका वातावरणीय, राजनीतिक र आर्थिक चुनौतीहरूमाझ उत्तम विकल्प खोज गरी सबैको दिगो भविष्य निर्माण गर्न वि.सं. २०७२ (सन् २०१५) को सेप्टेम्बरमा बसेको संयुक्त राष्ट्रसंघको साधारण सभाले वि.सं २०७२ देखि २०८७ अर्थात् सन् २०१६ देखि २०३० सम्मको लागि १७ वटा दिगो विकास लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य र २३२ वटा सूचकहरू तय गर्यो। नेपाल सरकारले वि.सं. २०७२ अर्थात् सन् २०१५ मा दिगो विकास लक्ष्यका आधारभूत तथ्याङ्क प्रतिवेदन तयार गरी वि.सं २०८७ सम्ममा राष्ट्रिय रूपमा हासिल गर्नुपर्ने लक्ष्यहरू निर्धारण गर्दै दिगो विकास लक्ष्य-२०८७ लाई राष्ट्रिय तहमा आन्तरिकीकरण गर्यो। यी लक्ष्यहरू पूरा गर्न नेपाल प्रतिबद्ध छ र प्रादेशिक तहमा हाम्रा योजना, बजेट निर्माण, अनुगमन तथा प्रतिवेदन प्रणालीहरूमा दिगो विकास लक्ष्यहरूलाई स्थानीयकरण गर्न गण्डकी प्रदेश सरकारबाट प्रयासको थालनी भएको छ। नेपालको संम्विधानले प्रादेशिक सरकारहरूलाई योजना तथा बजेट तर्जुमा गरी जनताका विकास आकाङ्क्षाहरू पूरा गर्न त्यसलाई कार्यान्वयन गर्ने कार्यदिश प्रदान गरेको छ। यसै कार्यदिश अनुरुप गण्डकी प्रदेश सरकारले सबै क्षेत्रमा दिगो विकास लक्ष्यलाई मूल प्रवाहीकरण गर्दै आफ्नो पहिलो पञ्चवर्षीय विकास योजना (२०७६/७७-८०/८१) को आधारपत्र तयार गरेको छ। त्यसले नेपाल सरकारले निर्धारण गरेका राष्ट्रिय विकास लक्ष्यहरूलाई हासिल गर्नेतर्फ परिपूरकको काम गर्नेछ।

दिगो विकास लक्ष्यसँग सम्बन्धित केही सूचकहरू तालिकामा प्रस्तुत गरिएको छ। कतिपय सूचकहरूमा निकै उत्साहजनक प्रगति देखिएतापनि अधिकांश सूचकहरूमा अझ निकै नै मेहनत गर्नुपर्ने देखिन्छ। तथ्याङ्कीय विवरणको स्थानीयकरण हुन सकेको छैन भने कतिपय तथ्याङ्कीय विवरण प्राप्त गर्न आवधिक सर्वेक्षणको आवश्यकता पर्दछ जुन लामो समय देखि हुन सकेका छैनन् र तथ्याङ्क अध्यावधिक हुन सकेको छैन।

उल्लेखित केहि विवरणहरूमा बहुआयामिक गरीबी सूचकांक २०३० मा २ प्रतिशतमा झार्ने

लक्ष्य रहेकोमा हाल ९.६ प्रतिशत छ। प्रतिव्यक्ति खाद्यान्न उत्पादन २०३० मा ५०० केजी पुऱ्उने लक्ष्य रहेकोमा हाल २३४ केजी मात्र रहेको छ। पाँच वर्षमुनिको बालमृत्युदर प्रतिहजार जीवित जन्ममा २७ बाट घटेको छैन जुन २०३० सम्ममा १५ मा राख्ने लक्ष्य रहेको छ।

**तालिका २.४ गण्डकी प्रदेशका दिगो विकास लक्ष्यसँग सम्बन्धित केही सूचकहरू**

| क.सं. | सूचक | २०७८/७९ सम्मको उपलब्धि | २०८०/८१ को लक्ष्य |
|---|---|---|---|
| १ | मानव विकास विकास सूचकाङ्क | ०.६० | ०.६५ |
| २ | प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात | ५६ | ७० |
| ३ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार (%) | ६५ | ८३ |
| ४ | पाँच वर्षमुनिका कम तौल भएका बालबालिका (%) | ११ | ८ |
| ५ | पाँच वर्षमुनिका बालबालिकामा दुब्लोपना (%) | ४ | १ |
| ६ | पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपना (%) | २४.० | १७.३ |
| ७ | पाँच वर्षमुनिका बालबालिकामा रक्तअल्पता (%) | ३५ | १०.० |
| ८ | बहुआयामिक गरीबी सूचकाङ्क वास्तविक गणना अनुपात (%) | ९.६ | ७.३ |
| ९ | ३० मिनेटको पैदल यात्रामा बजारको केन्द्रसम्म पहुँच भएका परिवार (कुल जनसंख्याको प्रतिशत) | ५० | ६० |
| १० | कुल उपभोगको दुई तिहाइ भन्दा बढी खानामा खर्च गर्ने जनसंख्या (%) | ३४ | १७.० |
| ११ | कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिंचाइ सुविधा पुगेको भूमि (%) | १२.६७ | १५.३ |
| १२ | दक्ष प्रसुतिकर्मीहरूको सहयोगमा गराइएको जन्महरूको अनुपात (%) | ७५ | ८० |
| १३ | पाँचवर्षमुनिको बालमृत्युदर (प्रतिहजार जीवित जन्ममा) | २४ | २२ |
| १४ | कुल प्रजनन दर (प्रति महिला शिशुजन्म) | २ | २.१ |
| १५ | अस्पताल/ स्वास्थ्य संस्थाहरूमा बच्चा जन्माउने (%) | ७५ | ८८ |
| १६ | घरबाट स्वास्थ्य संस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने परिवारहरूको (%) | ६८ | ७७.४ |
| १७ | आधारभूत तह (१-८) मा खुद भर्नादर (%) | ६० | ९९ |
| १८ | माध्यमिक तह (९-१२) मा कुल भर्नादर (%) | ७९ | ९२ |
| १९ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन (के.जी.) | २६० | ४०० |
| २० | शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | २१ | १७ |
| २१ | विद्युतमा पहुँच पुगेको परिवार (%) | ९९.५ | १०० |
| २२ | आधारभूत खानेपानीमा पंहुँच पुगेको परिवार (%) | ९३.७४ | १०० |
| २३ | प्रादेशिक लोकमार्ग (कि.मी.) | १७५१ | ३४५० |
| २४ | साक्षरता दर (पाँच वर्ष माथि %) | ८३ | ९५ |
| २५ | १५ देखि २४ वर्षको साक्षरता दर (%) | ९७ | ९९ |
| २६ | जलविद्युत उत्पादन जडित क्षमता (मेगाबाट) | ६८७ | १५०० |

| क.सं. | सूचक | २०७८/७९ सम्मको उपलब्धि | २०८०/८१ को लक्ष्य |
|---|---|---|---|
| २७ | जनसंख्यामा लैङ्गिक अनुपात | ९०.८५ | ९६ |
| २८ | घरजग्गामा महिलाको एकल स्वामित्व भएका महिला (१५-४९ वर्ष) | २१ | २८ |
| २९ | प्रदेश व्यवस्थापिकामा महिलाको प्रतिनिधित्व | ३३.३ | ३५ |
| ३० | आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका बालबालिका (%) | ३ | १ |

*स्रोतः पन्ध्रौं योजना, मध्यमकालीन खर्च संरचना, २०७९/८०*

**गण्डकी प्रदेशले विकास सुशासन र लोकतन्त्रका लागि निर्माण गरेका कानूनहरू**

**गण्डकी प्रदेशमा हालसम्म जारी भएका  ऐनको विवरण।**

**क्रसं  ऐनहरूको नाम**

१. प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४
२. प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी  ऐन, २०७४
३. मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४
४. स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५
५. प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन)ऐन, २०७५ (संशोधन ऐन)
६. कर तथा गैर कर राजश्व सम्बन्धी ऐन, २०७५
७. प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५
८. प्रदेश आकस्मिक कोष ऐन, २०७५
९. स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५
१०. खोप सेवा (सञ्चालन तथा व्यवस्थापन)  ऐन, २०७५
११. प्रदेश दुग्ध विकास वोर्ड ऐन, २०७५
१२. मुख्य न्यायाधिवक्ताको काम,कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५
१३. प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५
१४. वर, पिपल, शमी र चौतारो संरक्षण ऐन, २०७५
१५. सहकारी ऐन, २०७५
१६. ताल संरक्षण तथा विकास प्राधिकरण ऐन,२०७५
१७. प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५
१८. गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५
१९. सुर्तीजन्य पदार्थ(नियन्त्रण तथा नियमन) गर्ने ऐन, २०७६
२०. प्रदेश लोक सेवा आयोग ऐन, २०७६


२१. पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्ने ऐन, २०७६
२२. प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६
२३. गण्डकी विश्वविद्यालय ऐन, २०७६
२४. प्रदेश सुशासन ऐन, २०७६
२५. गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन, २०७६
२६. प्रदेश वातावरण संरक्षण ऐन,२०७६
२७. गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान ऐन, २०७६
२८. गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६
२९. प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७६
३०. प्रदेश विकास समिति ऐन, २०७७
३१. प्रदेश सभा सचिवालय ऐन, २०७७
३२. गण्डकी प्रज्ञा प्रतिष्ठान ऐन, २०७६
३३. गण्डकी प्रदेश प्रहरी ऐन, २०७७
३४. प्रदेश खेलकुद विकास ऐन, २०७७
३५. प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७
३६. गण्डकी प्रदेश विकास प्राधिकरण ऐन, २०७७
३७. गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८
३८. प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८
३९. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८
४०. गण्डकी प्रदेश सिंचाइ ऐन, २०७८
४१. गण्डकी प्रदेश तथा स्थानीय तह (समन्वय तथा विवाद समाधान) ऐन, २०७८
४२. गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९
४३. गण्डकी प्रदेश पर्यटन ऐन, २०७९
४४. गण्डकी प्रदेश सूचनाको हक प्रचलन ऐन, २०७९

*नोटः यसमा सालबसाली जारी गरिएका आर्थिक ऐन तथा विनियोजन लगायतका ऐन समावेश गरिएको छैन।*

**गण्डकी प्रदेश सरकारबाट जारी भएका नियमावलीहरूको विवरण**

| क्र.सं. | नियमावलीको नाम |
|---|---|
| १. | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ |
| २. | प्रदेश सरकार (कार्य सम्पादन) नियमावली,२०७४ |
| ३. | सहकारी नियमावली, २०७६ |
| ४. | गण्डकी प्रदेश बजार अनुगमन नियमावली,२०७६ |
| ५. | सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ |
| ६. | ताल संरक्षण तथा विकास प्राधिकरण नियमावली, २०७६ |
| ७. | प्रदेश विपत व्यवस्थापन नियमावली, २०७७ |
| ८. | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान नियमावली, २०७७ |
| ९. | प्रदेश सुशासन नियमावली, २०७७ |
| १०. | गण्डकी प्रदेश खेलकुद विकास निमयावली, २०७८ |
| ११. | गण्डकी प्रदेश लोक सेवा आयोग निमयावली, २०७८ |
| १२. | गण्डकी प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७८ |

## २.३ गण्डकी प्रदेश सरकार र स्थानीय तहको बेरुजूको स्थिति




गण्डकी प्रदेश सरकार र मातहतका कार्यालयको बेरुजू: महालेखा परीक्षकको कार्यालयले गण्डकी प्रदेश सरकार र मातहतका १६७ कार्यालयले आर्थिक वर्ष २०७७/७८ मा गरेका खर्चको रू ४० अर्ब ५५ करोड ५४ लाखको लेखा परीक्षण सम्पन्न गरी ५९औं प्रतिवेदन सार्वजनिक गरेको छ। उक्त प्रतिवेदन अनुसार गण्डकी प्रदेश सरकार र मातहतका कार्यालयले आर्थिक वर्ष २०७७/७८ मा गरेको कुल खर्च मध्ये पेस्की रकम सहित १.२७ प्रतिशत र पेस्कीबाहेक १.०७ प्रतिशत रकम बेरुजू देखाएको छ।

**तालिका २.४ गण्डकी प्रदेश सरकार र मातहतका कार्यालयको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण अंक र बेरुजू अङ्क (रु. लाखमा)**

| लेखा परीक्षण गरिएको कार्यालय सङ्ख्या | लेखापरीक्षण रकम | कुल बेरुजू रकम | पेस्की बाहेक बेरुजू रकम | बेरुजू प्रतिशत | पेस्कीबाहेक बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| १६७ | ४०५५५४ | ५१५४ | ४३३२ | १.२७ | १.०७ |

*स्रोतः महालेखा परीक्षकको ५९औं वार्षिक प्रतिवेदन २०७८ पृष्ठ ६४२*

अद्यावधिक बेरुजूका सम्बन्धमा गण्डकी प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गतवर्षसम्मको बाँकी बेरुजू रु. १ अर्ब ५३ करोड ९७ लाख रहेकोमा सम्परीक्षणबाट रु. २६ करोड ५३ लाख फस्यौंट भई रु. १ अर्ब २७ करोड ४४ लाख बाँकी रहेको र यो वर्ष रु. ५१ करोड ५४ लाख थप भई अद्यावधिक बेरुजू रु. १ अर्ब ७८ करोड ९८ लाख रहेको छ । सो रकममा रु. ७० करोड ७६ लाख पेस्की रहेको छ ।

गण्डकी प्रदेशका स्थानीय तहको बेरुजूः महालेखा परीक्षकको कार्यालयले गण्डकी प्रदेशका ८५ स्थानीय तहले आर्थिक वर्ष २०७७/७८ मा गरेको खर्चको रु. १ खर्ब ३ अर्ब ४७ करोड १ लाखको लेखा परीक्षण आर्थिक वर्ष २०७७/७८ मा सम्पन्न गरी ५९ औं प्रतिवेदन सार्वजानिक गरेको छ। उक्त प्रतिवेदन अनुसार गण्डकी प्रदेशका स्थानीय तहले आर्थिक वर्ष २०७७/७८ मा गरेको कुल खर्चमध्ये लेखापरीक्षण अङ्कको तुलनामा बेरुजू २.२७ प्रतिशत र पेस्कीबाहेक २.०३ प्रतिशत रकम बेरुजू देखाएको छ।

**तालिका २.५ गण्डकी प्रदेशका स्थानीय तहको आर्थिक वर्ष २०७७/७८ को बेरुजू (रु लाखमा)**

| लेखा परीक्षण गरिएको स्थानीय तहको सङ्ख्या | लेखापरीक्षण रकम | पेस्कीसहित बेरुजू रकम | बेरुजूमध्ये पेस्की रकम | लेखापरीक्षण अङ्कको तुलनामा बेरुजू प्रतिशत | पेस्कीबाहेक बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| ८५ | १०३४७०१ | २३५३१ | २४८५ | २.२७ | २.०३ |

*स्रोतः महालेखा परीक्षकको ५९औं प्रतिवेदन २०७७/७८ पृष्ठ ६६३*

# परिच्छेद तीनः आयोगले सम्पादन गरेका कार्यहरू

## ३.१ नीति तथा योजना सम्बन्धी दस्तावेज निर्माण र प्रकाशन

### (क) आ.व.२०७९/८० को बजेट तथा कार्यक्रम सम्बन्धी प्रतिवेदन, २०७९

प्रदेश नीति तथा योजना आयोगले प्रदेशका सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा प्रदेशस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरूको लेखाजोखा पूर्व मूल्याङ्कन तथा परीक्षण समेत गरी सहमति दिने गठन आदेशमा व्यवस्था रहेको छ। प्रस्तावित बजेटमा विविध पक्षसँग खास गरी विषयगत मन्त्रालयसँग छलफल गरी बजेट यथार्थपरक बनाउनु पर्दछ । आयोगले राज्यका तीनै तहका सरकारबिच समन्वयको भूमिका खेल्दै प्रदेशको दिगो र सन्तुलित आर्थिक विकासका लागि कार्य गर्नुपर्ने हुन्छ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ८ मा बजेट प्रस्ताव र छलफलका सम्बन्धमा व्यवस्था गरिएको छ। सो दफाको उपदफा (३) मा "मन्त्रालय, निकायबाट प्रस्तावित कार्यक्रम तथा बजेट को क्षेत्रगत लक्ष्य तथा उपलब्धि, सम्भाव्यता अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन, विस्तृत अध्ययन, नर्म्स, ड्रईङ्ग तथा डिजाइन सहितको आयोजना स्वीकृति सम्बन्धी कागजात, जग्गा प्राप्ति, आयोजना कार्यान्वयनको समयतालिका, खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तथा आयोजनाको अपेक्षित प्रतिफलको विषयमा लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकारीको उपस्थितिमा छलफल गरी सो को प्रतिवेदन अर्थमन्त्री समक्ष पेश गर्नुपर्नेछ" भन्ने व्यवस्था रहेको छ। यस व्यवस्था बमोजिम प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा आयोगका सदस्यहरू र गण्डकी प्रदेश सरकार अन्तर्गतका विभिन्न मन्त्रालयहरूका सचिव, महाशाखा प्रमुखहरूको उपस्थितिमा मिति २०७९।१।२१ गते देखि २०७९।२।११ गतेसम्म नीतिगत तथा कार्यक्रमगत छलफल सम्पन्न गरिएको छ। सो छलफलमा मन्त्रालय वा निकायबाट आर्थिक वर्ष २०७९/८० को लागि प्रस्तुत बजेटमा आर्थिक तथा वित्तीय अनुशासन, मितव्ययिता, बजेटको कार्यान्वयन योग्यता, खर्च प्रभावकारिता, कार्यान्वयन गर्ने मन्त्रालय निकायको संरचनात्मक व्यवस्था, मौजुदा जनशक्तिको अवस्था आदि जस्ता सैद्धान्तिक आधारहरू लिई छलफल गरिएको थियो।

आर्थिक वर्ष २०७९/८० को लागि मन्त्रालयहरूसँग भएको कार्यक्रम तथा बजेट छलफलमा देहायका नीतिगत विषयमा समावेश गरिएको थियोः

१. नेपालको संविधान बमोजिमका तहगत सरकारका अधिकार सूची, गण्डकी प्रदेश सरकार (कार्यविभाजन) नियमावली (संशोधन सहित), २०७४ बमोजिम सम्बन्धित मन्त्रालयहरूको कार्यजिम्मेवारी, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, गण्डकी प्रदेशको प्रथम

पञ्चवर्षीय योजना (आ.व. २०७६/७७ -२०८०/८१) र दिगो विकास लक्ष्यले निर्दिष्ट गरेका सम्बन्धित विषय क्षेत्रको उद्देश्य, नीति तथा कार्यक्रम, चालु आर्थिक वर्ष २०७८/७९ को मध्यमकालीन खर्च संरचनासँग प्रस्तावित बजेटको तादात्म्यता।

२. पन्ध्रौं पञ्चवर्षीय योजना र मध्यमकालीन खर्च संरचनाले लिएका उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रमगत विवरण।

३. चालु आर्थिक वर्षमा गर्नुपर्ने नीतिगत सुधार, नयाँ तथा नवप्रवर्तनकारी नीति तथा कार्यक्रम वा विद्यमान नीति तथा कार्यक्रममा पुनरावलोकन गरी प्रस्ताव भए नभएको।

**नीति, कार्यक्रम तथा बजेटका सम्बन्धमा छलफल गरिएका विषयः**

१. मन्त्रालय तथा निकायहरूबाट प्रस्तावित आर्थिक वर्ष २०७९/८० को नीति, वार्षिक कार्यक्रम तथा बजेट।

२. अर्थ मन्त्रालयबाट प्रेषित गरिएको आर्थिक वर्ष २०७९/८० को बजेट सीमा तथा स्रोत।

३. वार्षिक विकास कार्यक्रम र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी मन्त्रालयगत बजेट प्रणालीमा (PLMBIS) प्रविष्टि भए नभएको।

४. मन्त्रालयगत बजेट प्रणालीमा (PLMBIS) प्रविष्टि भएको कार्यक्रम तथा आयोजनाको त्रिवर्षीय अनुमान, क्रियाकलापगत बजेटको तादात्म्यता र उक्त प्रणालीमा बजेटको लैङ्गिक संकेत, जलवायु संकेत, दिगो विकास लक्ष्य संकेत र प्राथमिकता संकेत तथा रणनीतिक संकेत।

५. गत आर्थिक वर्षको वार्षिक तथा चालु आर्थिक वर्षको अर्धवार्षिक वित्तीय तथा भौतिक प्रगतिको अवस्था।

६. आगामी आर्थिक वर्षको बजेट अनुमान र त्यसपछिका दुई आर्थिक वर्षको लागि सिर्जना भएको दायित्व सहितको खर्च र स्रोतको प्रक्षेपण।

७. नयाँ आयोजनाको हकमा आयोजना प्रस्ताव भई आएको र बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टिको लागि स्वीकृति लिएको वा लिने प्रक्रियामा रहेको अवस्था।

८. अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चिता भई बहुवर्षीय ठेक्कामा गएका आयोजनाहरूको कुल दायित्वको अवस्था।

९. बहुवर्षीय ठेक्का अन्तगतका आयोजना, प्रदेश गौरवका आयोजना तथा प्रमुख कार्यक्रमहरूको स्रोत सुनिश्चितता गरे नगरेको।

१०. प्रदेश गौरव आयोजनाका हकमा प्रदेशको प्रथम पञ्चवर्षीय योजना (आ.व.२०७६/७७-२०८०/८१) भित्र सम्पन्न गर्ने गरी बजेट प्रस्ताव गरे नगरेको।

**सुझावहरूः**

१. वार्षिक कार्यक्रम तथा बजेटलाई गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना, मुलुकको पन्ध्रौ योजनाको कार्यान्वयन तथा दिगो विकासका लक्ष्य र विकासशील राष्ट्रमा स्तरोन्नति हुने लक्ष्य प्राप्तिमा सहयोग पुग्ने कार्यक्रम तथा आयोजनामा स्रोत विनियोजन गरी सो को प्रभावकारी कार्यान्वयन गर्नुपर्ने।

२. नतिजामुखी आयोजना कार्यान्वयन अवधारणा अनुरुप विकास व्यवस्थापन, चालु आयोजनाको पुनः प्राथमिकीकरण र नयाँ आयोजनाको प्राथमिकीकरण गर्नुपर्ने।

३. क्रमागत कार्यक्रम तथा आयोजनाको प्रकृति अनुसार कार्यान्वयनको अवस्था, अवधि, सिर्जित दायित्व तथा खर्च गर्न सक्ने क्षमताको आधारमा पुनः प्राथमिकीकरण गरी विनियोजनको प्राथमिकता निर्धारण गर्नुपर्ने।

४. क्रमागत कार्यक्रम तथा आयोजनाको पुनरावलोकन गरी दोहोरापना रहेका एउटै प्रकृतिका कार्यक्रम वा आयोजना एक आपसमा गाभ्ने वा खारेज गर्नुपर्ने।

५. नयाँ आयोजनाको लागि पूर्व तयारी कार्य सम्पन्न भएका र बहुवर्षीय ठेक्का लगाउनु पर्ने प्रकृतिका आयोजनालाई कार्यान्वयनमा लैजान प्राथमिकता दिएर बजेट विनियोजन गर्ने।

६. तयारी कार्य नभएका आयोजनाका लागि आवश्यक रकम विनियोजन गरि तयारी कार्य गर्नुपर्ने।

७. प्रदेश सरकारबाट आयोजना वा कार्यक्रममा बजेट विनियोजन गर्दा भौतिक पूर्वाधारका कार्यक्रमहरूमा साना साना रकमको आयोजनाको कार्यान्वयनमा कठिनाइ देखिनुका साथै नतिजा प्राप्ति वस्तुगत नहुने हुँदा साना योजनालाई समावेश नगर्ने।

८. निश्चित रकम भन्दा कमका योजना तथा कार्यक्रमहरूको कार्यान्वयन सम्बन्धित नगरपालिका तथा गाउँपालिकाहरूमा अख्तियारी पठाई कार्यान्वयन गर्ने नीति अवलम्बन गर्नुपर्ने।

९. प्रदेश सरकारले विगतमा प्रारम्भ गरेका कार्यक्रमहरूमा चालु आर्थिक वर्षमा रकम विनियोजन नगरेको पाइएको हुँदा विगतमा सञ्चालन भई चालु आर्थिक वर्षमा रकम विनियोजन नगरिएका कार्यक्रमहरूलाई उच्च प्राथमिकता प्रदान गरी रकम विनियोजन गरी सम्पन्न गर्नुपर्ने। जस्तै सामाजिक विकास मन्त्रालय अन्तर्गत मुस्ताङ् र मनाङ् जिल्लामा निर्माणाधीन रहेका आवासीय विद्यालय भवनहरूको पूर्वाधार योजना।

१०. स्थानीय उत्पादन वृद्धि हुने, स्थानीय रोजगारी सिर्जना गर्ने प्रकृतिका कार्यक्रमहरूलाई उच्च प्राथमिकता प्रदान गरी बजेट विनियोजन गर्नुपर्ने।

११. प्रदेश सरकारका मन्त्रालयहरूको जिल्ला तहमा बढ्दै गएको संरचनात्मक ढाँचा र दरबन्दीको थप सिर्जनाले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुदै गएको देखियो। अतः प्रशासनिक खर्चलाई

न्यूनीकरण गर्दै लैजान प्रदेश सरकारले स्पष्ट नीति अवलम्बन गर्नुपर्ने। नयाँ प्रशासनिक तथा संस्थागत संरचना निर्माण नगरी भैरहेका संरचनाको अधिकतम उपयोग गर्नेतर्फ ध्यान दिनुपर्ने।

१२. कोरोना महामारीबाट पर्यटन, यातायात, उद्योग, निर्माण, शिक्षा लगायतका विभिन्न क्षेत्रमा सिर्जित नकारात्मक प्रभावबाट पुनरुत्थान गर्ने कार्यक्रम प्रस्ताव गर्नुपर्ने। सो अनुसार नयाँ तथा सिर्जनशील कार्यक्रम संन्चालन गर्नुपर्ने आवश्यकता तथा सम्भाव्यता देखिएमा आर्थिक वर्षको सुरुवातबाटै कार्यान्वयनमा लैजान सकिने गरी प्रस्ताव गर्न उपयुक्त हुने।

१३. प्रदेश सरकारको आवधिक योजनाहरू, गौरवका आयोजनाहरू र रुपान्तरणकारी आयोजनाहरूको कार्यान्वयनलाई उच्च प्राथमिकता दिई बजेट विनियोजन गरेर तोकिएको समयमा नै सम्पन्न गर्नुपर्ने।

१४. स्वीकृत कार्यक्रम तथा योजनाहरूको कार्यान्वयन अवस्थाको निरन्तर रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्थालाई प्रभावकारी वनाउनु पर्ने।

### प्रदेश गौरव र रुपान्तरणकारी आयोजना

प्रदेश गौरव तथा रुपान्तरणकारी गरी २३ वटा योजना अघि सारिए तापनि अधिकांश आयोजनाको काम अघि बढ्न सकेको छैन। जग्गा प्राप्ति, स्रोतको अभाव, परियोजनाको मोडालिटिमा रहेको अस्पष्टता आदिले गर्दा परियोजना सञ्चालनमा आउन नसकेका र सुरुभएका आयोजना पनि पूर्व सम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन आदिको चरणमा रोकिएका छन्।

### सुझाव

यी आयोजनाको कार्यान्वयनको अवस्था समीक्षा गरी आवश्यक निर्णय तत्काल लिनु आवश्यक छ। साथै यस्ता आयोजनाको छनौटमा विशेष ध्यान दिने, कार्यान्वयनका लागि विशिष्ट कानूनी तथा संरचनागत व्यवस्था गर्नुपर्ने।

### दिगो विकास लक्ष्य

दिगो विकासका लक्ष्यहरू संयुक्त राष्ट्र संघका सबै सदस्य राष्ट्रहरूले अन्तर्राष्ट्रिय रुपमा सहमति गरेका विकास उद्देश्यहरूको साझा प्रतिबद्धता हो। विश्वव्यापीरूपमा आइरहेका वातावरणीय, राजनीतिक र आर्थिक चुनौतीहरू माझ उत्तम विकल्प खोज गरी सबैको दिगो भविष्य निर्माण गर्न वि.सं. २०७२ (सन् २०१५) को सेप्टेम्बरमा बसेको संयुक्त राष्ट्रसंघको साधारण सभाले वि.सं २०७२ देखि २०८७ अर्थात् सन् २०१६ देखि २०३० सम्मको लागि १७ वटा दिगो विकास लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य र २३२ वटा सूचकहरू तय गर्यो। नेपाल सरकारले वि.सं. २०७२ अर्थात् सन् २०१५ मा दिगो विकास लक्ष्यका आधारभूत तथ्याङ्क प्रतिवेदन तयार गरी वि.सं

२०८७ सम्ममा राष्ट्रिय रूपमा हासिल गर्नुपर्ने लक्ष्यहरू निर्धारण गर्दै दिगो विकास लक्ष्य - २०८७ लाई राष्ट्रिय तहमा आन्तरिकीकरण गर्यो। यी लक्ष्यहरू पूरा गर्न नेपाल प्रतिबद्ध छ र प्रादेशिक तहमा हाम्रा योजना, बजेट, अनुगमन तथा प्रतिवेदन प्रणालीहरूमा दिगो विकास लक्ष्यहरूलाई स्थानीयकरण गर्न गण्डकी प्रदेश सरकारबाट प्रयास भैरहेको छ। गण्डकी प्रदेश सरकारले सबै क्षेत्रमा दिगो विकास लक्ष्यलाई मूल प्रवाहीकरण गर्दै आफ्नो पहिलो पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) तयार गरेको छ। त्यसले नेपाल सरकारले निर्धारण गरेका राष्ट्रिय विकास लक्ष्यहरूलाई हासिल गर्नेतर्फ परिपूरकको काम गर्नेछ। आर्थिक वर्ष २०७९/८० को मध्यमकालीन खर्च संरचना र बजेट दिगो विकासमैत्री बनाउने काम नीति तथा योजना आयोगले सम्पन्न गरेको छ।

**सुझाव**

दिगो विकास लक्ष्य प्राप्तिका लागि स्थानीय तहमा यसको आन्तरिकीकरण गर्नुपर्ने र अनुगमन तथा प्रतिवेदन प्रणालीका साथै तथ्याङ्क व्यवस्थापन गर्नुपर्ने।

कतिपय सूचकहरूमा निकै उत्साहजनक प्रगति देखिएतापनि अधिकांश सूचकहरूमा अझ निकै नै मेहनत गर्नुपर्ने देखिन्छ। स्थानीय तहलाई दिगो विकास लक्ष्यमा प्रत्यक्ष संलग्न गराउन सकेमा मात्र लक्ष्य प्राप्त गर्न सकिन्छ।

**सार्वजनिक खर्च तथा स्रोत व्यवस्थापन**

प्रदेशका प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजना निर्धारण गर्ने सम्बन्धमा स्पष्ट कानूनी आधार र मापदण्ड निर्माणको क्रममा रहेका छन्। जसको कारण ती प्राथमिकताप्राप्त कार्यक्रम तथा आयोजनालाई विनियोजन गर्नुपर्ने स्रोतको बारेमा प्रदेशको प्रष्ट धारणा बन्नेछ। कतिपय आयोजना सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन र विस्तृत परियोजना प्रतिवेदन बिना नै कार्यान्वयनमा लैजाने र खरिद गुरूयोजना अनुसार बजेट विनियोजन नभएका कारण आयोजनाले आवश्यक स्रोत प्राप्त गर्न कठिनाइ भएको छ। प्राथमिकताप्राप्त आयोजना र बहुवर्षीय आयोजनालाई स्रोतसाधन सुनिश्चित गरेपछी मात्र अन्य क्षेत्रमा बजेट छुट्ट्याउने परिपाटी विकास गर्नुपर्नेमा सो नगरी बजेट विनियोजन गर्ने प्रचलनले स्रोत साधनको सही उपयोग नहुने र योजना अलपत्र भै प्रदेश सरकार प्रति जनताको विश्वास घट्ने खतरा देखिएको छ।

**आयोजना व्यवस्थापन**

सङ्घीयताको मर्म अनुसार स्थानीय विशिष्ट आवश्यकता सम्बोधन गर्न र क्षेत्रगत प्राथमिकता निर्धारण सहितको आयोजना छनौट र कार्यान्वयन गर्न कुन तहको सरकारले के कस्ता आयोजना कार्यान्वयन गर्न उपयुक्त हुन्छ भन्ने सीमाङ्कन र वर्गीकरण नहुँदा आयोजनामा दोहोरोपना आउनुका साथै साना आयोजनाको संख्या अधिक हुँदा गुणस्तर कायम गर्न समेत कठिनाइ भएको छ। उपलब्ध

सिमित स्रोत साधनको प्रभावकारी प्रयोगमा चुनौती खडा भएको छ। तीन तहका सरकारले सञ्चालन गर्ने आयोजनाहरूको प्रष्ट वर्गीकरण भएको छैन। कुन आयोजनाको जिम्मेवारी कसले लिने अस्पष्टता छ। योजना छनौट र वर्गीकरणको वैज्ञानिक र साझा मापदण्ड तथा कार्यविधि नहुँदा कुनै आयोजनाको लागि तीनवटै तहबाट बजेट विनियोजन हुने र अन्य महत्त्वपूर्ण आयोजनाको लागि बजेट अभाव हुने समस्या सर्वत्र देखिएको छ। योजनाको स्वामित्व तथा दिगोपनामा समेत यसले असर गरेको छ।

प्रदेशको आवधिक योजनाका निर्दिष्ट लक्ष्य हासिल गर्ने गरी प्राथमिकता सहित आयोजना पहिचान र पूर्ण तयारीका साथ आयोजना व्यवस्थापन गर्न प्रदेश नीति तथा योजना आयोगले आयोजना बैंक स्थापनाको तयारी गरेको छ।

**सुझाव**

आयोजना बैंकलाई पूर्ण कार्यान्वयन गरी आयोजनाहरूलाई संस्थागत गर्ने।

प्रदेश गौरवका आयोजना छनौट गर्दा जिल्लागत र पालिकागत सन्तुलन मिलाएर समतामूलक आर्थिक वृद्धि हासिल गर्न सहयोग गर्ने। नयाँ रोजगारीका अवसर सृजना गर्ने उत्पादनमूलक तथा स्थानीय स्रोत साधन र सिपलाई उपयोग गरी सञ्चालन गर्न सकिने आयोजनाहरूलाई प्राथमिकता दिने।

**अनुगमन तथा मूल्याङ्कन**

गण्डकी प्रदेश र प्रदेशमा रहेका स्थानीय तहका नीति, कार्यक्रम र आयोजनाको प्रभावकारी र नतिजामुखी कार्यान्वयन र व्यवस्थापन गर्न तथा सम्पादन भएका वा हुँदै गरेका कार्यहरूमा जवाफदेहिता यकिन गर्नका लागि निरीक्षण, अनुगमन र मूल्याङ्कन जस्ता कार्यहरू निरन्तर भैरहेको छ।

**सुझाव**

योजना नीति कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ वा छैन, कार्यतालिका अनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ वा छैन, कार्यक्रम वा आयोजनाले प्रवाह गरेका सेवा तथा निर्माण गरेका भौतिक संरचनाको गुणस्तर तोकिएको मापदण्ड अनुसार छ वा छैन आदि विषयमा निरन्तर अनुगमन र मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने।

**तहगत समन्वय**

तहगत सरकारहरूको विकास र योजनाहरू नदोहोरिने गरी राष्ट्रिय र प्रादेशिक लक्ष्यसँग जोड्ने नीति कार्यक्रम र योजना तयार गरिनु पर्ने।

**सुझाव**

तहगत सरकारहरू बिच विषयगत क्षेत्र अनुसार विकास र योजनाको थप समन्वयको आधार पहिचान गर्ने। संघ, प्रदेश र स्थानीय तह बिच योजना तर्जुमाको समन्वयमा सम्वेदनशील हुने।

**अध्ययन अनुसन्धान**

प्रदेशले अख्तियार गरेको विभिन्न नीतिका सम्बन्धमा अध्ययन अनुसन्धान, प्रदेशले कुनै खास विषयमा अपनाउनु पर्ने दीर्घकालीन योजना र कार्यक्रममा अनुसन्धान, प्रदेशको विकास र समुन्नतीको लागि अनुसन्धान निरन्तर रुपमा गरी प्रदेश सरकारलाई राय उपलब्ध गराउँदै आएको।

**सुझाव**

प्रदेशमा आर्थिक उन्नति, सामाजिक न्याय, पारदर्शिता र सुशासन कायम गर्न अपनाउनुपर्ने नीति र उपाय पहिचान गर्नमा प्रदेश सरकारले अध्ययन र अनुसन्धानलाई प्राथमिकतामा राख्नुपर्ने।

**तथ्याङ्क व्यवस्थापन**

हालसम्म प्रदेशको आधिकारिक तथ्याङ्कीय क्रियाकलाप सञ्चालन गर्न प्रादेशिक तथ्याङ्क प्रणाली नभएको, प्रदेश सरकारका अधिकांश मन्त्रालय लगायत निकाय समेत तत् तत् क्षेत्रसँग सम्बन्धित सामाजिक, आर्थिक तथा वातावरणीय तथ्याङ्क संकलन र संग्रह गर्ने प्रमुख आधिकारिक निकायको व्यवस्था नभएको।

**सुझाव**

तथ्य तथा तथ्याङ्कमा आधारित योजना तर्जुमा तथा निर्णय निर्माणमा जोड दिनुपर्ने। प्रादेशिक तथ्याङ्क प्रणालीलाई प्रभावकारी बनाउन एकीकृत तथ्याङ्क प्रणालीको विकास गर्ने।

**सिफारिसः**

नीति तथा योजना आयोगको (स्थापना तथा सञ्चालन) गठन आदेश, २०७८ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ तथा अन्य प्रचलित कानुनी व्यवस्था बमोजिम नीति तथा योजना आयोगले मन्त्रालयहरू तथा विभिन्न निकायका सम्बद्ध पदाधिकारीहरूसँग छलफल गरी आर्थिक वर्ष २०७९।८० को वार्षिक बजेट तर्जुमा गर्ने क्रममा उठेका विषयहरू, विभिन्न समयमा विज्ञहरूबाट प्राप्त सुझावहरू, परियोजनाहरूको अनुगमन तथा मूल्याङ्कनका क्रममा उठेका विषयहरू, प्रगति समीक्षा, विकास समस्या समाधान समितिका बैठक, प्रदेश परिषद्को बैठक, प्रदेश सभा सदस्यहरूबाट प्राप्त सुझाव, स्थानीय तहका अधिकारीहरूसँगको छलफलका क्रममा उठेका विषय, सरकारको नीति तथा प्राथमिकता, विपद् जन्य घटना, कोभिड महामारीले उत्पन्न गरेको जटिलता र त्यसले सिकाएको पाठ, आवधिक योजना, दिगो विकास लक्ष्य, प्रदेशको खर्च तथा व्यवस्थापकीय क्षमता आदि सबैको समीक्षाका अतिरिक्त मन्त्रालय/निकायबाट प्रस्ताव गरिएका नीति, योजना तथा

कार्यक्रम र उक्त योजना तथा कार्यक्रममा रहेको स्पष्टता, कार्यान्वयन क्षमता, स्रोतको उपलब्धता, खर्च तथा प्राविधिक क्षमता आदि समेतको समीक्षा गरी देहाय बमोजिमको सिफारिस प्रस्तुत गरिएको छ।

**सिफारिस**

१. प्रदेशको आवधिक योजनाले निर्धारण गरेका लक्ष्यहरू हासिल गर्न सहयोगी हुने नीति तथा कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गर्ने।

२. प्रदेशले निर्धारण गरेको दिगो विकास लक्ष्यहरू हासिल गर्नका लागि उपयोगी हुने नीति तथा कार्यक्रमलाई प्राथमिकतामा राख्ने। दिगो विकास लक्ष्यका १६ वटा लक्ष्यका लागि सकेसम्म सन्तुलन कायम हुने गरी बजेटको बाँडफाँट गर्न उपयुक्त हुने। तर यस्तो सन्तुलन कायम गर्ने प्रयत्न गर्दा जनताको विकास प्रतिको चाहना, विगतमा गरिएको लगानी सुनिश्चितता तथा योजनाहरूको निरन्तरता र तत्काल सम्बोधन गर्नुपर्ने क्षेत्रहरूलाई बढी प्राथमिकता दिन सकिने।

३. शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई लगायतका सामाजिक विकासका क्षेत्रमा प्रभावकारी कार्यक्रम तथा आयोजना छनौट गरी आवश्यक बजेट व्यवस्था गर्ने।

४. पन्धौं आवधिक योजनाले तय गरेका गन्तव्य हासिल गर्नका लागि सहायक हुने नीति तथा कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयन गर्ने।

५. संविधानले प्रदेशलाई सुम्पेका जिम्मेवारी पूरा गर्नका लागि सहयोगी हुने नीति, कार्यक्रम तथा बजेटमा जोड दिने। मौलिक हकको कार्यान्वयलाई उच्च प्राथमिकता दिने।

६. संघ सरकार र स्थानीय तहको अन्तरसम्बन्ध मजबुत बनाउन मद्दत गर्ने तथा सहकार्यलाई बढवा दिने नीति तथा कार्यक्रमलाई महत्व दिने। सम्भव भएमा सहलगानी र सहकार्यका आयोजना पहिचान गरी कार्यान्वयनमा ल्याउने।

७. सम्बन्धित निकायबाट आयोजना कार्यान्वयनका आवश्यक तयारी नै नगरी आयोजना प्रस्ताव गर्ने अर्थात् First Finance को विधि अवलम्बन गरेकाले आयोजना प्रस्ताव गर्दा त्यसको कार्यान्वयनका लागि स्पष्ट अवधारणा र आवश्यक सबै कागजात तयारी गर्नुपर्ने पद्धति क्रमशः विकास गर्दै जाने। यस्को स्पष्ट विवरण कार्यक्रम बजेट प्रस्ताव गर्दा नीति तथा योजना आयोगमा पेश गर्नुपर्ने पद्धति बसाल्ने।

८. प्रदेश गौरव तथा रुपान्तरणकारी भनी आवधिक योजनाले निर्धारण गरेका योजना बाहेकका योजनालाई पनि मन्त्रालयहरूले आफुखुसी त्यस्तै प्रकारको नाउँ दिने गरेको पाइयो। प्रदेश

गौरव तथा रुपान्तरणकारी आयोजनाहरूको कार्यान्वयनको अवस्था अत्यन्त फितलो छ। कतिपय योजनाहरूको अवधारण अझसम्म पनि प्रष्ट भएका छैनन्। कतिपय योजनाहरू कार्यान्वयनको आरम्भ मात्र भएका तर प्रगति हुन नसकेको अवस्थामा छन्। कतिपय विवादमा परेर अल्झेको अवस्था छ। यस्ता योजनाहरूको पुनर्मूल्याङ्कन गरी उपयुक्त र सम्भाव्य योजना मात्र अघि बढाउने र अन्यलाई यो सूचीबाट हटाउन उपयुक्त हुने देखिन्छ। यसको लागि नीति तथा योजना आयोगको नेतृत्वमा योजनाहरूको पुनरावलोकन आवश्यक छ। साथै प्रदेश गौरव तथा रुपान्तरणकारी आयोजना मन्त्रालयले तय गर्ने नभै निश्चित प्रक्रिया पुरा गरेर प्रदेश सरकारले तय गर्ने प्रणाली विकास गरिनु पर्ने।

९. प्रदेशमा सञ्चालन गरिने कार्यक्रमहरू आम्दानी, रोजगारी र उत्पादन बृद्धि गर्नका लागि सहयोगी हुनु पर्ने। प्रत्येक योजना प्रस्ताव गर्दा त्यसले यि तीन क्षेत्रमा के कस्तो योगदान गर्ने हो त्यसको विवरण योजना सँगसँगै राख्नु पर्ने कानुनी व्यवस्था मिलाउने।

१०. गरीबी, वेरोजगारी, असमानता, कुपोषण, भोकमरी, सामाजिक विभेद, असन्तुलित विकास आदिको अन्त्य गर्नका लागि उपयोगी हुने कार्यक्रमलाई उच्च प्राथमिकतामा राख्ने। यस क्षेत्रमा काम सबै पक्षसँग सहकार्य र साझेदारीको सम्भावना पहिल्याउनेतर्फ ध्यान दिने।

११. प्रदेशमा बढदै गएका आयोजनाको संख्या, अलपत्र परेका आयोजनाको विवरण, आयोजना कार्यान्वयनमा देखिएको ढिलासुस्ती, स्रोत व्यवस्थापनमा देखिएको जटिलता, सन्तुलित वाँडफाँट आदि समेतका आधारमा योजना छनौट प्रणालीलाइ व्यवस्थित गर्न नसकेमा प्रदेशको क्षमताले आयोजनाहरू धान्नै नसक्ने अवस्थामा जानुका साथै आयोजनाहरू अलपत्र परी सार्वजनिक सम्पत्तिको दुरुपयोग समेत हुने देखिएकाले आयोजना छनौटमा वैज्ञानिक प्रणाली अवलम्बन गर्नका लागि परियोजना बैंक (Project Bank) को अवधारणा प्रभावकारिताका साथ कार्यान्वयन गर्ने।

१२. प्रदेश नीति तथा कानूनको प्रभावकारी कार्यान्वयन तथा योजना तथा कार्यक्रमको कार्यान्वयनमा प्रभावकारिता ल्याउन प्रदेशमा रहेका संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने, न्यूनतम स्रोतको प्रबन्ध गर्ने, जनशक्ति उपलब्ध गराउने, कर्मचारीको क्षमता अभिवृद्धि गर्ने प्रदेश निजामती कर्मचारी ऐन जारी गरी कर्मचारीको वृत्ति विकासलाई सुनिश्चित गर्ने।

१३. वार्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने, तोकिएको समयमा योजना सम्पन्न गर्ने, बेरुजू शुन्य बनाउने, नयाँ र सिर्जनशील कार्य गर्ने कर्मचारी र कार्यालयलाई पुरस्कृत गर्ने गरी निजामती कर्मचारी पुरस्कारलाई परिमार्जन गर्नुका साथै छनौट प्रणाली वस्तुगत बनाउने।

१४. प्रदेशमा निश्चित आकार भन्दा कम लगानी भएका, थोरै मात्र आम्दानी, रोजगारी र उत्पादन

सिर्जना गर्ने योजनाहरूमा बजेट विनियोजन नगर्ने प्रणाली क्रमशः विकास गर्ने। यसका लागि योजना छनौट तथा वर्गीकरण प्रणालीको सुदृढीकरण गर्ने।

१५. संघ, प्रदेश र स्थानीय तहहरूले पर्याप्त अध्ययन तथा छलफल नगरी आ-आफ्ना कार्यालयहरू स्थापना गर्ने अभ्यास गर्दा राज्यमा अनावश्यक चाप बढ्नुका साथै काममा दोहोरोपना सिर्जना भै अस्पष्टता बढ्न गएकाले प्रदेश भरमा रहेका सरकारी कार्यालयको आवश्यकता अध्ययन गरी औचित्यका आधारमा मात्र कार्यालयलाई निरन्तरता दिने नीति लिने।

१६. प्रदेशका रणनीतिक महत्वका आयोजनाहरू जस्तै स्थानीय तहका केन्द्र जोडने सडक, त्रिवेणी कोरला सडक, सरकारी लगानी भएका तर अपूरा योजनाहरू, अन्तर्राष्ट्रिय नाकाको सुदृढीकरण, शिक्षण अस्पताल तथा विशिष्टीकृत अस्पताल स्थापना, औद्योगिक क्षेत्र निर्माण, पर्यटकीय पूर्वाधार विकास आदिको निरन्तरता सुनिश्चित गरी र समयमा काम सम्पन्न गर्नेतर्फ ध्यान दिने। प्रदेशका लागि अत्यावश्यक आयोजनाहरूको मात्र विस्तृत परियोजना प्रतिवेदन तयार पार्ने प्रणाली विकास गर्ने यसका लागि नीति तथा योजना आयोगलाई जिम्मेवार बनाउने।

१७. प्रदेशमा ठूला आयोजनाहरू छनौट गर्दा, ठूला सहयोगहरू प्राप्त गर्दा, परियोजना निर्माण गर्दा प्रदेश नीति तथा योजना आयोगको पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था मिलाउने।

१८. प्रदेशमा पूर्वाधार निर्माण गर्दा त्यसको दिगोपनामा ध्यान दिई निर्माणको चरमा नै मर्मत संभार कोषको व्यवस्था गर्ने। हस्तान्तरण भएका आयोजनाहरूको संरक्षणका लागि स्थानीय तह र उपभोक्तालाई जिम्मेवार बनाउने।

१९. वातावरण मैत्री विकास, हरित विकास, विपद् संवेदनशील विकासमा मद्दत पुर्याउने योजनालाई प्राथमिकतामा राख्ने। प्रदेशको विपद् जोखिमको उच्च सम्भावनालाई मध्य नजर गरी त्यसको पूर्वसूचना दिने प्रणाली विकास गर्नुका साथै विपद् जोखिम न्यूनिकरण योजना बनाई कार्यान्वयनमा ल्याउने।

२०. सबै मन्त्रालय तथा निकायले अन्तसम्बन्धित क्षेत्रहरू गरीबी निवारण, रोजगारी सिर्जना, उद्यमशीलता विकास, समानता तथा समावेशिता, वातावरण संरक्षण, जलवायु परिवर्तन, विपद् व्यवस्थापन र जोखिम न्यूनिकरण, मानव संसाधन विकास, मानव अधिकार जस्ता विषयमा कार्यक्रम कार्यान्वयनमा पार्याप्त ध्यान दिनु पर्ने।

२१. प्रदेशहरू बिचको सहकार्य सहितको विकासबाट आर्थिक उन्नयनमा थप योगदान पुग्ने हुदा विभिन्न प्रदेशहरूबिच संयुक्त लगानीमा कार्यान्वनय गर्न सकिने योजना पहिचान गर्नेतर्फ ध्यान दिने। साथै स्थानीय तहहरू बिच स्रोत एकीकृत गरी ठूला अस्पताल, एम्वुलेन्स, दमकल, फोहर व्यवस्थापन आदिमा सहकार्य हुन सक्ने भएकाले त्यस्ता कार्यमा संलग्न हुने स्थानीय

तहलाई प्रदेशले प्रोत्साहित गर्ने व्यवस्था मिलाउने।

२२. प्रदेशले लगानी गरेका ठूला आयोजनाबाट प्रदेश सरकारलाई राजस्व/आम्दानी प्राप्त हुने अवस्था निर्माण गर्नेतर्फ ध्यान दिई त्यस्ता योजनामा लगानी गर्ने नीति लिने।

२३. राजस्वको दायरा बढाउने, स्थानीय तहबाट पाउनु पर्ने राजस्व प्राप्तिका लागि थप प्रयत्न गर्ने, आवश्यक कानून तर्जुमा तथा संस्थागत व्यवस्था मिलाई वन, विज्ञापन, मनोरञ्जन आदि क्षेत्रबाट थप आन्तरिक आम्दानी सिर्जना गर्ने।


२४. सम्पतिको व्यवसायिक उपयोगबाट आम्दानी प्राप्त गर्न सकिने क्षेत्रहरू पहिचान गरी त्यसमा लगानी गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने नीति लिने।

२५. निजी क्षेत्रमैत्री वातावरण बनाई प्रदेश भित्रका लगानीकर्ता, अन्य प्रदेशका लगानी कर्ता, विदेशी लगानी कर्ता समेत यस प्रदेशमा आकर्षित हुने व्यवस्था मिलाउन विद्यमान कानून, संरचना र प्रकृयामा पुनरावलोकन गर्ने।

२६. विकासमा नागरिक समाज, गैरसरकारी संस्था र व्यक्तिलाई समेत संलग्न गराउने नीति लिई सबै क्षेत्रको स्रोत र प्रयास एकीकृत गर्ने विकास अभ्यानसमा मद्धत पुग्ने गरी कानुनी व्यवस्था मिलाउने।

२७. सरकारको नीति तथा कार्यक्रमले प्रस्ताव गरेका योजना तथा कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नका लागि आवश्यक व्यवस्था मिलाउने।


## मध्यमकालीन खर्च संरचना (Medium-Term Expenditure Framework-MTEF)




मध्यमकालीन खर्च संरचनालाई सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण औजारका रूपमा लिने गरिन्छ। योजनाले लिएका समष्टिगत र विषयक्षेत्रगत लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न सार्वजनिक खर्चको कुशलतापूर्वक व्यवस्थापन गर्नुपर्ने हुन्छ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सङ्घ, प्रदेश र स्थानीय तहले सार्वजनिक आय-व्ययको विवरण प्रस्तुत गर्दा आगामी *(चित्र नं ३.१ मध्यमकालीन खर्च संरचना २०७९/८०)* पुस्तक तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना निर्माण अनिवार्य रूपमा गर्नुपर्ने व्यवस्था गरेको छ।

प्रदेश नीति तथा योजना आयोगले अर्थ मन्त्रालयसँग

समन्वय गरी विगत वर्षहरू देखिनै प्रदेशको मध्यमकालीन खर्च संरचना निर्माण गर्दै आइरहेको छ। आर्थिक वर्ष २०७९/८०-२०८१/८२ का लागि निर्माण गरिएको मध्यमकालीन खर्च संरचनामा आगामी पहिलो वर्षका लागि रु. ३५ अर्ब ९० करोड ९० लाख बजेट अनुमान गरिएको छ भने त्यस पछिका दुई वर्षका लागि क्रमशः रु. ३६ अर्ब ७ करोड १३ लाख र रु. ४० अर्ब १० करोड ६२ लाख बजेट प्रक्षेपण गरिएको छ। खर्च संरचनामा विषयक्षेत्रगत नतिजा सूचकहरूको त्रिवर्षीय लक्ष्यहरू निर्धारण गरी सोही अनुसार आवश्यक पर्ने बजेट तथा स्रोत प्रक्षेपण गरिएको छ। यस खर्च संरचनाले समृद्ध प्रदेश र सुखी नागरिक निर्माण गर्ने प्रदेश सरकारको दीर्घकालीन लक्ष्य प्राप्त गर्न, वि. सं. २०८७ सम्ममा दिगो विकास लक्ष्यका प्रादेशिक लक्ष्यहरू हासिल गर्न, तथा प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका क्षेत्रगत र समष्टिगत लक्ष्य प्राप्त गर्नमा सहयोग गर्नेछ।





चित्र नं ३.१ मध्यमकालीन खर्च संरचना २०७९/८०

आगामी तीन वर्पका लागि मध्यमकालीन खर्च अनुमान तालिकामा प्रस्तुत गरिएको छ।

आर्थिक वर्ष २०७९/८० को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा १ प्रतिशत भन्दा कम वृद्धिदरले बजेट विनियोजन हुने अनुमान छ भने आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा करिब ११ प्रतिशतले बढी बजेट विनियोजन हुने अनुमान गरिएको छ।

प्रदेशबाट संकलन हुने र बाँडफाँटबाट प्राप्त हुने कुल राजस्वमा आर्थिक वर्ष २०७९/८० को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा करिब १४ प्रतिशत वृद्धि हुने अनुमान गरिएको छ भने

आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा करिब १७ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ।




**तालिका ३.१ त्रिवर्षीय बजेट विनियोजन तथा स्रोत प्रक्षेपण (प्रचलित मूल्यमा) (रु.हजारमा)**

| सि.नं. | विवरण | मध्यमकालीन खर्च अनुमान | | | |
|---|---|---|---|---|---|
| | | आ.व. २०७९/८० अनुमान | आ.व. २०८०/८१ को प्रक्षेपण | आ.व. २०८१/८२ को प्रक्षेपण | कुल अनुमान तथा प्रक्षेपण |
| १ | कुल राजस्व | १४६५५८०० | १६७४३४४३ | १९५७६१९५ | ५०९७५४३८ |
| १.१ | राजस्व बाँडफाँट प्राप्त राजस्व | ९२३९२०० | १११९१४४३ | १३५५६१९५ | ३३९८६८३८ |
| १.२ | आन्तरिक राजस्व | ५०९१६०० | ५२०२००० | ५६५०००० | १५९४३६०० |
| १.३ | रोयल्टी | ३२५००० | ३५०००० | ३७०००० | १०४५००० |
| २ | नेपाल सरकार बाट प्राप्त अनुदान | १६५४३२०० | १७३२७९०० | १८५३०००० | ५२४०११०० |
| २.१ | वित्तीय समानीकरण | ७९२७९०० | ८४२७९०० | ९२००००० | २५५५५८०० |
| २.२ | सशर्त | ६९१८३०० | ७०००००० | ७२१०००० | २११२८३०० |
| २.३ | विशेष | ८६०००० | ९००००० | ९२०००० | २६८०००० |
| २.४ | समपूरक | ८३७००० | १०००००० | १२००००० | ३०३७००० |
| ३ | कुल खर्च | ३५९०९००० | ३६०७१३४३ | ४०१०६१९५ | ११२०८६५३८ |

| सि.नं. | विवरण | मध्यमकालीन खर्च अनुमान | | | |
|---|---|---|---|---|---|
| | | आ.व. २०७९/८० अनुमान | आ.व. २०८०/८१ को प्रक्षेपण | आ.व. २०८१/८२ को प्रक्षेपण | कुल अनुमान तथा प्रक्षेपण |
| ३.१ | चालु खर्च | १११५६८५४ | १११४४५४५ | १३७६४७७५ | ३६०६६१७४ |
| ३.२ | पुँजीगत खर्च | २२१४०१४६ | २१४०६७९८ | २१८४१४२० | ६५३८८३६४ |
| ३.३ | अन्तरसरकारी वित्त हस्तान्तरण | २११२००० | २५२०००० | ३०००००० | ७६३२००० |
| ३.४ | वित्तीय खर्च | ५००००० | १०००००० | १५००००० | ३०००००० |
| ४ | नगद मौज्दात | २७१०००० | ० | ० | २७१०००० |
| ५ | ऋण | २०००००० | २०००००० | २०००००० | ६०००००० |
| ५.१ | आन्तरिक ऋण | १०००००० | १०००००० | १०००००० | ३०००००० |
| ५.२ | नेपाल सरकारबाट प्राप्त ऋण | १०००००० | १०००००० | १०००००० | ३०००००० |
| ६ | कुल आय | ३५९०९००० | ३६०७१३४३ | ४०१०६१९५ | ११२०८६५३८ |

*स्रोतः मध्यमकालीन खर्च संरचना (आ.व. २०७९/८० - २०८१/८२), गण्डकी प्रदेश*

## ३.२ वार्षिक विकास कार्यक्रम कार्यान्वयनको स्थिति

### क. चौमासिक समीक्षा बैठक

प्रत्येक चौमासिक अवधि सकिए पछि मन्त्रालयहरू समेतको सहभागितामा चौमासिक समीक्षा बैठक बस्ने गरिन्छ। मन्त्रालयबाट भएको वित्तीय, भौतिक र मुख्य मुख्य कार्यहरूको प्रगति अवस्था बारेमा प्रस्तुति गर्ने गरिन्छ। गत आर्थिक वर्षमा दुईवटा बैठक सम्पन्न भएका थिए।


### ख. प्रदेश विकास समस्या समाधान समितिको बैठक

यो बैठकले प्रदेशका विकास समस्याको पहिचान गर्ने र त्यस्ता समस्या समाधान गर्ने हो। उक्त समस्याको सम्बोधन अधिकार क्षेत्रको दृष्टिकोणले स्थानीय तहले, प्रदेशले वा नेपाल सरकार कसले गर्ने हो पहिचान गरी तदनुकूल निर्णय गर्ने गरिन्छ। सामान्यतया एक आर्थिक वर्षमा कम्तीमा तीन पटक बस्ने व्यवस्था रहेको छ।

### ग. आयोजना बैंक दिग्दर्शन निर्माण

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ र प्रदेशको प्रथम पञ्चवर्षीय योजना (आ.व. २०७६/७७ - आ.व. २०८०/८१) ले समेत प्रदेशस्तरको आयोजना बैंकको संस्थागत विकासको मार्ग प्रशस्त

गरेको हुँदा प्रदेश आयोजना बैंकको स्थापना र सञ्चालन गर्न प्रदेश नीति तथा योजना आयोगले यो दिग्दर्शन जारी गरेको छ। आयोजना पहिचान, छनौट र प्राथमिकीकरण दिग्दर्शनमा आधारित हुनेछ। गण्डकी प्रदेश अन्तर्गतका स्थानीय तहले समेत आयोजना छनौटमा यो दिग्दर्शनलाई उपयोग गर्न सक्नेछन् साथै स्थानीय तहले आफ्ना आयोजनाहरू गण्डकी प्रदेश आयोजना बैंकमा सूचीकृत गर्न चाहेमा आयोजनासँग सम्बन्धित मन्त्रालयमार्फत अवधारणापत्र पेश गर्न सक्नेछन्।




गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ ले निर्दिष्ट गरे अनुसार प्रदेश नीति तथा योजना आयोगले लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (Project Bank) र स्वीकृत कार्यविधि अनुसार आयोजना तयारी तथा छनौट सम्बन्धी काम गर्ने, प्रदेशस्तरका ठूला आयोजनाहरूको छनौट गर्ने तथा प्रदेशमा निजी क्षेत्र र बाह्य लगानीका आयोजनाको इन्जिनियरिङ्ग, प्रोक्योरमेन्ट कन्ट्र्याक्टिङ्ग, (EPC) इन्जिनियरिङ्ग, प्रोक्योरमेन्ट, कन्ट्याक्टिङ् एण्ड फाइनान्सिङ्ग (EPCF) र विल्ड वोन अपरेट एण्ड ट्रान्सफर (BOOT) प्रणालीमा आयोजना निर्माण सम्बन्धी काम गर्ने साथै आयोजना बैंक र आयोजना तयारीको लागि सार्वजनिक-निजी साझेदारी इकाईको रुपमा काम गर्ने भनी तोकिएको छ।

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४; अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ को व्यवस्थाले रणनीतिक महत्वका आयोजनाको पहिचान, संभाव्यता अध्ययन, प्रतिफलमुखी, वित्तीय र आर्थिक रूपमा संभाव्य आयोजना छनौट तथा प्राथमिकीकरण गर्ने र सो अनुसार स्रोत साधनको विनियोजन गरी प्रभावकारी कार्यान्वयनको लागि आयोजना बैङ्क स्थापना गर्नुपर्ने देखिएको हुँदा आयोजना बैंक दिग्दर्शन निर्माणको प्रक्रिया अघि बढाएको छ। प्रदेश मन्त्रिपरिषद्वाट स्वीकृत भएपछि यसलाई लागु हुनेछ।


## घ. गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि मूल्याङ्कन

प्रथम पञ्चवर्षीय योजनाको अवधि २०७६/७७ साल देखि २०८०/८१ सम्म रहेको छ । आर्थिक वर्ष २०७८/७९ मा यस आवधिक योजनाको मध्यावधि मूल्याङ्न गर्ने कार्यक्रम रहेको

थियो। यस सम्बन्धमा विज्ञ टोलीले काम गरिरहेको छ। उक्त टोलीले क्षेत्रगत विषयहरूमा छलफल गर्ने क्रममा विषयगत मन्त्रालयहरू, सरोकारवाला संघ संस्थाका प्रतिनिधिहरूसँग समूहगत छलफल सम्पन्न गरेको थियो।


### ङ. प्रदेशको राजस्व सम्भावना तथा व्यवस्थापन अध्ययन

प्रदेशको राजस्व सम्भावना तथा व्यवस्थापन अध्ययनका लागि त्रिभुवन विश्वविद्यालय केन्द्रीय अर्थशास्त्र विभागको टोलीले कार्य गरेको थियो। यसका लागि अध्ययन सम्पन्न गरी प्रतिवेदन आयोग समक्ष पेश गरेको छ।




### च. आयोगको वार्षिक प्रतिवेदन तयार गर्ने

गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ को दफा २३ मा व्यवस्था भए अनुसार आयोगले प्रत्येक वर्ष वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त प्रतिवेदनमा आयोगले वर्षभरीमा गरेका प्रमुख काम कारवाही र त्यसबाट हासिल भएका उपलब्धि, प्रदेशको आर्थिक विकासका अवसर तथा सम्भावना र विकासका प्राथमिकता लगायतका विषय समेट्दछ।




### झ. श्रीकृष्णगण्डकी नदीक्षेत्र विकासका निम्ति पूर्वसम्भाव्यता अध्ययन

श्रीकृष्णगण्डकी नदीक्षेत्र विकासका निम्ति पूर्वसम्भाव्यता अध्ययन गर्नका लागि प्रदेश नीति तथा योजना आयोगका सदस्य डा. सुवास अधिकारीको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन भएकोमा उक्त कार्यदलले अध्ययन सम्पन्न गरी मुख्यमन्त्री समक्ष प्रतिवेदन पेश गरेको छ।

### ञ. गण्डकी प्रदेशमा दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र २०७९-२०८७

गण्डकी प्रदेशमा दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र २०७९-२०८७ तयार गर्ने

कार्यक्रम रहेकोमा मार्गचित्रको अन्तिम मस्यौदा तयार भएको छ। यस मार्गचित्रले नेपालसँग सम्बन्धित दिगो विकासका १६ वटा लक्ष्यका सूचक तथा गन्तव्यहरू प्रदेशको अधिकार क्षेत्र र जिम्मेवारीसँग जोड्ने विषयलाई समेटेको छ। यस मार्गचित्रको अन्तिम मस्यौदालाई मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि लागू हुनेछ।




**ट. गण्डकी प्रदेशका स्थानीय तहहरूमा मध्यमकालीन खर्च संरचना तयारीका लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम**

यस कार्यक्रमका लागि प्रशिक्षार्थीहरू तथा प्रशिक्षक छनौट गरी करिब ३३ जनाको संख्यामा प्रशिक्षक प्रशिक्षण तालिम (TOT) उपलब्ध गराइएको थियो।

## ३.३ विकास कार्यक्रम अनुगमन तथा मूल्याङ्कन

### ३.३.१ पृष्ठभूमि

प्रदेश नीति तथा योजना आयोग प्रदेशको दिर्घकालीन सोच, प्रदेशको आवधिक योजना, विकास नीति र योजना तर्जुमा गर्ने र प्रदेश सरकारलाई विकास र नीति सम्बन्धी सल्लाह दिने निकाय हो। यसले आर्थिक विकासको निमित्त स्रोत साधनको आँकलन गरी  वार्षिक बजेट कार्यक्रमहरूको छलफल गरी स्वीकृत गर्ने गर्दछ। प्रदेश नीति तथा योजना आयोगले विकास योजना, नीति तथा कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कन गर्ने निकायको रूपमा कार्य गर्दछ। साथै विकास नीति र वार्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको लागि सहजीकरण गर्दछ। प्रदेशको आर्थिक विकास विषयहरूमा विचार आदानप्रदान, वहस, छलफल र अन्तर्क्रियाका लागि एउटा मञ्चको रूपमा पनि कार्य गर्दछ। प्रदेश नीति तथा योजना आयोगले प्रदेशमा संचालित परियोजनाहरूको गौरवका आयोजनाहरू, रुपान्तरणकारी योजनाहरू, दिगो, मध्यमकालीन तथा वार्षिक कार्ययोजनाहरूको स्थलगत भ्रमण, अवलोकन, निरीक्षण, अनुगमन र मूल्याङ्कन गरी संचालित योजना/परियोजनाहरूको कार्यान्वयनको अवस्था, प्रगति, उपलब्धि र आशातीत प्रतिफल हासिल भए नभएको, प्रगति हुन नसक्नाका कारणहरू र कार्यान्वयनको क्रममा देखा परेका समस्या र चुनौतीहरूलाई पहिचान गरी आवश्यक पहल र निर्देशन दिने गर्दछ। यसै अनुरुप निम्न उल्लेखित उदेश्यहरू प्राप्तिका लागि राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर अनुगमन तथा अवलोकन  भ्रमण (राष्ट्रिय योजना आयोगका सदस्य सहित संयुक्त रुपमा) गरिएको हो।

**कालीगण्डकी करिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा) सडक योजना**

**संक्षिप्त परिचय**

२०७८ पौष १८ र १९ गते गण्डकी प्रदेशको लाइफलाइनको रुपमा रहेको राष्ट्रिय गौरवको आयोजना, कालिगण्डकी करिडोरको (गैडाकोट, राम्दी, मालढुङ्गा खण्ड) सडक योजनाको स्थलगत अनुगमन गरियो। कालीगण्डकी करिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा खण्ड) सडक योजना गैंडाकोट नवलपुरबाट शुरु भई मालढुङ्गा, पर्वत सम्म लम्बाइ २४५ कि.मी. रहेको छ। यस खण्डमा नवलपरासी, पाल्पा, गुल्मी, बागलुङ, स्याङ्जा र पर्वत जिल्लालाई सडकले छोएको छ।

गण्डकी प्रदेशको लाइफलाइनको रुपमा रहेको चीन र भारतसँग सडक सञ्जाल मार्फत जोडिएर आर्थिक, सामाजिक विकास, व्यापार विस्तार तथा अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढीकरणमा टेवा पुर्याउने आयोजनाको लक्ष्य रहेको छ।

यो आयोजना आ.व. २०६६/६७ देखि शुरु भई आ.व. २०७९/८० सम्म समापन गर्ने

अनुमान गरिएको छ। बजेट स्रोत नेपाल सरकार तथा वैदेशिक ऋण बाट बन्ने ऊक्त आयोजनाको शुरुवाति कूल लागत अनुमान रु. १३०० करोड र संशोधित लागत अनुमान रु. १५०० करोड रहेको छ।

**कालीगण्डकी कोरिडोर सडक योजनाको स्थलगत अनुगमन कार्यक्रम**

२०७८ साल पौष १८ गते देखि १९ गते सम्म गैंडाकोट, राम्दी, मालढुङ्गा सडक खण्डको कार्यप्रगतिको अवस्था निरीक्षण तथा अवलोकन गरिएको हो। उक्त स्थलगत भ्रमणमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. दिल बहादुर गुरुङ्गज्यू समेत सम्मिलित हुनहुन्थ्यो।

**गैंडाकोट, राम्दी, मालढुङ्गा सडक योजनाको कार्यप्रगतिको अवस्था**

१. **मालढुङ्गा देखि हर्मीचौर** सम्मको सडक खण्ड नेपाली सेना मार्फत सडक विभागलाई हस्तान्तरण गरिएको पाईयो (६ महिना अघि) र उक्त सडक खण्डमा यथाशीघ्र ठेक्का व्यवस्थापन गरी निर्माण कार्यलाई अगाडि बढाउनु पर्ने।

२. **हर्मीचौर देखि रिडी** सम्मको २१ कि.मी. सडक खण्डमा कालोपत्रेस्तरमा स्तरोन्नती कार्यको भौतिक प्रगति करिब ५०% भएको।

३. सडक खण्डमा पर्ने रुख कटान, विद्युतका पोल व्यवस्थापन, घरहरूको क्षतीपूर्ति वितरण तथा Blasting को लागि सामग्री माग कार्यमा चुनौती रहेको र सम्बोधनको प्रक्रियामा रहेको।

४. **हर्मीचौर देखि रिडी** (२१ कि. मि) क्षेत्रमा यस वर्षको वर्षाले पुर्याएको क्षति तथा बाढी पहिरोका कारण बिग्रेका पुलहरू र बाटोको निर्माण तथा मर्मत सम्भार भइरहेको।

५. **रिडी देखि रानी** महलसम्मको १४ कि.मी. सडकमा करिब १५% भौतिक प्रगति भएको र हाल Structural wall लगाउने काम मात्र सम्पन्न भएको।

६. **रानीमहल देखि दैलाथुंग** सम्मको ४ कि.मी. सडक खण्डको करिब १०० मी. Track opening गर्न बाँकी रहेको।

७. **पिपलडाँडा देखि रामपुर** सम्मको सडक खण्ड ग्राबेल गरिएको र केही स्थानहरूमा पहिरो व्यवस्थापन तथा सडक निर्माण कार्य भईरहेको।

८. **रामपुर नगरपालिका** भित्र पर्ने सडक खण्डमा अधिकांश कालोपत्रे गरिएको र निर्माण कार्य भैरहेको।

९. रामपुर नगरपालिका पछिको सडकमा पहिरोको अधिक जोखिम रहेका क्षेत्रहरूको **(बौदिकाली, कशिवन पैह्रो, जन्ती पैह्रो, कौडीभिर र स्याउले बजार)** सडक खण्डका भित्ताहरू रसाएका,

बगेका र धेरै स्थानमा सडक भासिएको। बुलिंगटार गाउँपालिका सडक खण्डमा यस्तो समस्या अलि बढी रहेको।

१०. गैडाकोटबाट करिब ६ कि.मी. माथि सम्म पर्ने सडक खण्डमा जंगल पर्ने हुनाले करिब १०५६ बढी रुखहरू कटान गर्नु पर्ने देखियो र सो कार्य सम्पन्न गर्न सम्बन्धित निकायबाट स्विकृति लिने कार्यलाई प्राथमिकतामा राख्नु पर्ने।

११. यस सडक खण्डमा बनाउनु पर्ने **पुलहरूको यथाशीघ्र डिजाइन** गरी पुल निर्माण कार्यलाई तीव्रता दिनुपर्ने।

१२. यस वर्षको अतिवृष्टि र बेमौसमी बर्षाले कालीगण्डकी कोरिडोर सडक खण्डका धेरै स्थानमा भौतिक क्षति पुर्याएको, सोको मर्मत कार्य र लक्षित  निर्माण कार्य तीव्र रुपमा बढिरहेको।

### सुझाव तथा निर्देशन

१. हर्मीचौर देखि मालढुङ्गा सम्मको करिब ४९ कि.मी. सडक खण्ड नेपाली सेना मार्फत सडक विभागलाई हस्तान्तरण गरिएको र उक्त सडक खण्ड यथाशीघ्र ठेक्का व्यवस्थापन गरी निर्माण कार्य अगाडि बढाउनु पर्ने।

२. डिजाइन हुँदै गरेका पुलहरूको र डिजाइन भइसकेका पुलहरूको क्रमशः स्वीकृत र ठेक्का व्यवस्थापन गरी सडक संचालनमा सहज गर्नु पर्ने।

३. यस सडक खण्ड अन्तर्गत जोखिम पूर्ण रहेका पैह्रोहरूलाई व्यवस्थापन गरी बाह्रै मास सहज रुपमा यातायात संचालन गर्नु पर्ने।

४. यस सडक खण्डको निर्माण कार्यमा गति अवरोध गरेको विद्युतका पोलहरू सार्ने, वनको रुख कटान समस्या र सडकमा पर्ने घरहरूको क्षतिपूर्ति यथा सम्भव तत् तत् निकायसंग समन्वय गरी कार्य अगाडि बढाउनु पर्ने।

### शालिग्राम करिडोर सडक योजनाको स्थलगत अनुगमन कार्यक्रम

शालिग्राम करिडोर तनहुँको देवघाटदेखि मुस्ताङसम्म जोड्ने सडक हो। प्रदेश सरकारको गौरवको आयोजनामा शालिग्राम करिडोरलाई राखेर काम अगाडि बढेको छ। उक्त सडक कालोपत्रे भएपछि यस क्षेत्रकै समृद्धिको ढोका खुल्नेमा दुईमत छैन। पहाड र तराई जोड्ने महत्वपूर्ण मार्गको रुपमा यस सडक कालोपत्रे भएपछि विभिन्न जिल्लाका हजारौं नागरिक लाभान्वित हुनेछन र यसले प्रदेशको आर्थिक समृद्धिलाई टेवा पुर्याउनेछ।

वि.सं. २०७६ फागुन ११ गते सम्झौता भएको उक्त कोरिडोरको काम वि.सं. २०७९ फागुन

११ गतेसम्म सम्पन्न गर्ने म्याद छ। रु. २५ करोड ८ लाख ७३ हजार ५ सय १३ लागत रहेको करिडोरमा कटिङ, कल्भर्ट निर्माण, कजवे, ग्याबिङ लगायतका काम भैरहेका छन्। यसैगरी गण्डकी प्रदेश सरकारले गौरवको योजनाको रुपमा सूचीकृत गरेको मानपुर-डेडगाउँ-बुलिङटार सडकको काम पनि अगाडि बढेको छ। मुस्ताङको कोरोलादेखि नवलपूरको त्रिवेणी जोड्ने छोटो दूरीको उक्त सडक अन्तर्गत तनहुँ खण्डमा पहिलो चरणमा काम अगाडि बढिरहेको छ। भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत रु. २२ करोड ८५ लाख ४१ हजार ७ सय ९३ को लागतमा उक्त मार्ग निर्माण हुन लागेको हो। सडक कालोपत्रेको सम्झौता वि.सं.२०७६ फागुन ७ गते भएको थियो।

तनहुँको घिरिङ गा.पा. ४ मानपुरबाट शुरु भएर डेढगाउँको सिमानासम्मको ११ कि.मी. खण्डमा सडक कालोपत्रे हुँदैछ। वि.सं. २०७८ फागुन ७ गतेसम्म सम्पन्न गर्ने म्याद रहेको सडकखण्डमा आधुनिक प्रविधिको अल्फास्ट कालोपत्रे हुनेछ। उक्त सडकको चौडाइ ७ मी. रहनेछ भने ५.५ मी. कालोपत्रे र सडकमा १ मी.को नाला रहेको छ।

**समस्याहरूः**

१. अहिलेको अवस्थामा उत्खनन् गर्ने स्थान कालीगण्डकी घाट बन्द भएको हुनाले निर्माण सामग्री पुर्याउन निकै कठिनाइ भएको,
२. घाटको सामग्रीमा निर्भरता भएको एवं निर्माण स्थलको दूरी टाढा भएकोले वैकल्पिक स्थानबाट सामग्री ढुवानी गर्न समस्या,
३. शालिग्रामको २१ कि.मी.को अन्तिम भागमा वर्षायामको पानीले २००मी.-३०० मी. ट्र्याक भासिएर रोड Settle Down भएकोहुँदा पुनः खनेर ट्र्याक खोल्नुपर्ने भएकाले लागतमा भिन्नता आएको,
४. सबै ठाउँमा बाटोको चौडाइ ७ मी. कायम नभएको,
५. मानपुर डेढगाउँ खण्डमा २/३ ठाउँमा पहिरो गएको र १०० मी. बाटो पूर्णरुपमा भासिएको र यस बाटोलाई पूर्णरुपमा बनाउनुपर्ने समस्या देखिएको,
६. कालीगण्डकी नदी नजिक खोलाको किनारमा घुम्ती भएर गाडी घुमाउन प्राविधिक रुपमा ठिक नभएको र घुम्ती छोडेर खोलाको किनारबाट गएर ४०० मी. पछि पुरानो बाटोमा भेट्ने संरचना बनाउँदा प्राविधिक रुपमा ठीक भएपनि लागतमा भिन्नता भएको,
७. निर्माण कार्य अत्यन्त ढिलो गतिमा अगाडि बढेको।

**सुझावहरूः**

१. वैज्ञानिक विधिबाट कालीगण्डकी क्षेत्रबाट निर्माण सामग्री निकाल्नको लागि कानूनी र अन्य व्यवस्था गर्ने र निर्माण सामग्रीको आपूर्ती सहज बनाउन पहल गर्ने,
२. निर्माण भैसकेको संरचना पुनः भत्किएको र लागतमा समस्या आएको कुरा सम्बन्धित मन्त्रालय र निर्माण कम्पनी छलफल गरी निर्माण प्रक्रियालाई तीव्र रुपमा अगाडि बढाउनुपर्ने,
३. निर्माण कार्य अत्यन्त ढिलो गतिमा भएको हुनाले सम्बन्धित व्यक्ति वा संस्थालाई ध्यानआकर्षण गराई तीव्र रुपमा निर्माण गतिविधि अगाडि बढाउनु पर्ने,
४. सबै ठाँउमा बाटोको चौडाइलाई ७ मी. कायम राख्न निर्देशन,
५. राजमार्गको रुपमा विकास हुने हुँदा बाटो सकेसम्म सिधा बनाउन पहल गर्नुपर्ने,
६. कतिपय स्थानमा कत्ति पनि काम नभएकाले उक्त स्थानमा पनि कार्यारम्भ गर्ने,
७. हालसम्मको प्रगति निर्माणको हालको गतिले आयोजना समयमा हुनेमा आशंका भएकाले तीव्र गतिमा काम गर्न निर्देशन दिइएको

**बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत क्षेत्रीय अस्पतालको पोषण पुनर्स्थापना गृहको अनुगमन**

गण्डकी प्रदेश सरकारले गर्भवती तथा सुत्केरी (सुनौला हजार दिन) महिला तथा ५ बर्षमुनिका बालबालिका तथा किशोरीहरुको पोषण अवस्थामा सुधारका लागि विभिन्न किसिमका नीति तथा सोसँग सम्बन्धीत कार्यक्रमहरु कार्यान्वयन गर्दै आइरहेको छ। त्यसै सन्दर्भमा प्रदेश निती तथा योजना आयोगका मा सदस्यज्यूहरुके संयोजकत्वमा विभिन्न जिल्लामा अनुगमन गरियो।यसै सन्दर्भमा पश्चिमांचल क्षेत्रीय अस्पतालको पोषण पुनर्स्थापना गृहको अनुगमन गरियो।

**अनुगमनका क्रममा देखिएका सबल पक्षहरुः**

- बेड क्षमताभन्दा बढि बिरामी भएकाले क्षमताभन्दा बढि बेड थपेर भएपनि कडा सिघ्र कुपोषित बालबालिकाको उपचार व्यवस्थित ढंगले गरेको पाइयो।
- पोषण पुनर्थापना केन्द्रले पोषिला खानेकराहरुलाई पोत्साहन गरेको पाइयो।
- बालरोग विशेषज्ञको टिमले नियमित परामर्श र निगरानी गरेका

**सुधार गर्न दिइएका सुझाब तथा निर्देशनहरुः**

- एउटै बेडमा आमा तथा कुपोषित बच्चाको उपचार गर्दा थप संक्रमण हुनसक्ने र उपचारको क्रममा लामो समय बस्नुपर्ने भएकाले आमा तथा बच्चा दुवैलाई मानसिक तनाब हुनसक्ने भएकोले उपचाररत बच्चा र बच्चाको हेरालु आमालाई छुट्टाछुट्टै बेडको व्यवस्था हुनुपर्ने।

- लमजुङ्ग गोरखा तनहु र नवलपरासी पूर्वका कुपोषित बालबालिकालाई उपचार गर्न सम्बन्धित क्षेत्रमा एउटा पनि पोषण पुनस्थापन केन्द्र नभएकोले कुपोषित बालबालिकाके चाप बढिभई पोषण पुनस्थापन केन्द्रमा बढि भार परेको पाइएकोले गण्डकी प्रदेशमा रहेका सबै पोषण पुनर्स्थापना गृहहरुको पुनरावलोकन गरी पोषण पुनर्स्थापना गृहको क्षमता बृद्धि वा विस्तार सम्बन्धी निर्णयका लागि प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिमा छलफलको विषय बनाउनु पर्ने।

**वन, वातावरण, भू संरक्षण र जलवायु परिवर्तन सम्बन्धित रहेर मुस्ताङ जिल्ला अनुगमन प्रतिवेदन**

मुस्ताङ जिल्ला गण्डकी प्रदेशको उत्तरपट्टि अवस्थित छ। यो जिल्ला धौलागिरी र निलगिरी हिमालको काखमा अवस्थित भएको हुनाले यसलाई हिमालपारिको जिल्ला पनि भनिन्छ। यो जिल्ला हिन्दु र बौद्ध धर्मावलम्वीहरूको पवित्र तिर्थ स्थल (कागबेनी र मुक्तिनाथ मन्दिर) समेत रहेकाले तीर्थयात्रा लगायत पर्यटकहरूका लागि अत्यन्त महत्वपूर्ण छ।मुस्ताङ जिल्ला समुद्रि सतहबाट १३७२ मी. देखी ८१६७ मी. सम्म फैलिएको छ। यस जिल्लाको पूर्वमा मनाङ, पश्चिममा डोल्पा, उत्तरमा चीनको स्वायत्त प्रदेश तिब्वत र दक्षिणमा म्याग्दी जिल्ला पर्दछन्। यस जिल्लाको न्यूनतम र अधिकतम तापक्रम क्रमशः -२.७ डिग्री सेल्सियस र २३.१ डिग्री सेल्सियस रहेका छन्। यो क्षेत्रको औसत वर्षा २३० मि.मी. रहेको छ। मुस्ताङ जिल्लामा थासाङ, घरपझोङ, बाह्रगाउँ, ल्होघेकर र लोमान्थाङ गाउँपालिका गरी ५ वटा स्थानीय तहहरू रहेका छन्। यस क्षेत्रको भू-उपयोग धेरै मात्रामा सुख्खा बाँझो जमिनले ओगटेको छ। मुस्ताङ जिल्लाको पर्यटकीय, धार्मिक, सांस्कृतिक र प्राकृतिक महत्व हुँदा हुँदै पनि यो जिल्ला प्राकृतिक प्रकोपहरूको जोखिममा छ।

जलवायु परिवर्तनको जोखिममा नेपाल १० - १५ औं स्थानमा छ। विशेषगरी जलवायु परिवर्तनको असर उच्च हिमाली भेगमा देखिन्छ किनकी हाम्रा हिमालहरू अत्यन्त संवेदनशील छन्। थोरै मात्र तापक्रम बढ्नाले पनि सेता टल्केका हिमालहरू काला पत्थरयुक्त नाङ्गा डाँडामा परिणत हुन धेरै समय लाग्दैन। विभिन्न वैज्ञानिक अध्ययनहरूले नेपालको हिमालमा कम्तिमा ०.६ डिग्री सेल्सीयसका दरले तापक्रम बढेको पाइन्छ। जुन आईपीसिसी (IPCC) ले निर्धारण एवं अनुमान गरेको दर भन्दा ३ गुणा बढी हो। यसैगरी यस वर्षमा मनसुन वर्षा पहाडहरू माथिबाट पार गर्दै उच्च पहाडी उपत्यकामा सर्दै गएको छ।जसले गर्दा मुस्ताङ जिल्लामा बाढीको खतरा बढाएको छ। यदि समयमै सचेत भएर पूर्व तयारी नगर्ने हो भने गत साल मनाङ्गमा भएको जनधनको क्षति पुर्याउने गरी घटेको घटना मुस्ताङमा नदोहोरिएला भन्न सकिन्न। नदी र सोको तटीय क्षेत्रमा मानव जातीको बसोबास रहने कुरा मानव सभ्यता विकास क्रमसंग अन्तर सम्बन्धित छ। मुस्ताङ जिल्ला

उदगम स्थल रहेको कालीगण्डकी नदी आसपासको क्षेत्रमा पनि प्रशस्त मानव वस्ती रहेको छ(चित्र २,३ र ४)। जलवायु परिवर्तनको प्रभावका कारण दक्षिणबाट उकालो लाग्ने मौसमी वायु अग्लो हिमालय पर्वत समेत नाघेर हिमाल पारीको जिल्ला मुस्ताङ प्रवेश गरी बर्षाद गराउने तथा बढ्दो तापाक्रमको कारण हिउँ पग्लेर बग्ने जस्ता कारणले गर्दा नदी खोलाहरूमा नदीजन्य पदार्थहरू गेग्रान सहितको भेल बग्ने क्रम विस्तारै बढ्न थालेको छ। यसर्थ मुस्ताङ जिल्लाका ५ ओटै स्थानीय तह कालीगण्डकी नदीको आसपासमा पर्ने हुनाले नदीको बहाव बढेमा तटीय क्षेत्रका बसोबासहरूलाई असर पर्ने देखिन्छ। जलवायु परिवर्तनको प्रभावका रुपमा देखा परेको उच्च पहाड कालीगण्डकी नदीमा गेग्रान जम्मा हुनुले पनि मेलम्ची नदीमा भएजस्तो घटना नदोहोरिएला भन्न सकिँदैन। त्यसैगरी हिमाल, हिमनदी र हिमताल नजिकै बस्ती भएको हुनाले पनि जलवायु परिवर्तनको असर यस जिल्लामा उच्च पर्ने देखिन्छ।

**मुस्ताङ जिल्लामा वन, वातावरण र भू-क्षयको समस्या**

१. डिभिजन वन कार्यालय, जोमसोम, मुस्ताङमा स्वीकृत भन्दा आधा मात्र कर्मचारीको पदपूर्ति भएको।
२. बलौटे माटो र सिँचाईको उचित ब्यवस्था नभएको हुनाले बोटविरुवा हुर्काउन गाह्रो।
३. वर्षको आधाभन्दा बढी समय चिसो हुने, प्रदेशको बजेट विनियोजनको समय र वन कार्यालयको काम कारवाहीको समय नमिल्नाले डिभिजन वन कार्यालयलाई काम गर्न असहज।
४. आवश्यकता अनुरुपको बजेट विनियोजन हुन नसक्नु।
५. अनियन्त्रित एवं छाडा चरिचरनका कारण बारबन्देज बिनाको वृक्षारोपण असफल हुने।
६. भूक्षय र कटानको उच्च जोखिम।
७. जलवायु परिवर्तन प्रभाव एवं असरको कारण विशेषतः बस्ती आसपासको क्षेत्रमा नदीजन्य वस्तु थुप्रिनाले नदी सतह अग्लो हुँदै गएको हुँदा जोमसोमका बस्तीहरू प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेको।
८. डिभिजन वन कार्यालयको सेवा प्रवाह कार्य क्षेत्र नै एकिन नभएको र भएको कार्यक्षेत्र कामको प्रभावको आधारमा निकै साँघुरो

**वन, वातावरण, भू संरक्षण र जलवायु परिवर्तन सम्बन्धित रहेर मुस्ताङ जिल्ला र आसपासमा गर्न सकिने रुपान्तरणकारी कार्ययोजना**

१. जोमसोम र वेनी खण्डको सुरक्षा र भविष्यमा आउनसक्ने विपत न्यूनीकरण र इकोलोजिकल


व्यवस्थापन गर्न Integrated River Basin Management/ Watershed Conservation गुरुयोजनाको आवश्यक छ यसले सबै किसिमको ecosystem को रक्षा गर्न मद्दत गर्नेछ।

२. कालीगण्डकी नदी नियन्त्रण सम्बन्धी विस्तृत परियोजना बनाई नदी नियन्त्रण सम्बन्धी कार्यहरू गर्न जग्गा उकास गरी व्यवस्थित सिँचाइ मार्फत व्यवसायिक कृषि वन खेती र स्थानीय हावापानी सुहाउँदो भोटेपिपल, बैंस, धुपी जस्ता विरुवाहरू लगाउने कार्ययोजनाको जरुरी।
३. कालीगण्डकी कोरिडोरमा भैरहेको वायु प्रदुषणलाई नियन्त्रण गर्न कोरिडोर आसपासमा वृक्षारोपणको जरुरी।
४. वन, पर्यावरण र जैविक विविधताको महत्वलाई आधार मान्दै जैविक मार्ग वा एक अहम जैविक विविधता कोरिडोरको अवधारणा अगाडि बढाउनु आवश्यक।
५. उच्च हिमाली क्षेत्र जडिबुटी अनुसन्धान केन्द्र स्थापनाको जरुरी।
६. जडिबुटीहरूको संरक्षण, व्यवस्थित उत्पादन र उपयोग/प्रशोधन गर्न आवश्यक जिम्मु, टिमुर, यार्सागुम्वा उत्पादन र बजारीकरणको सम्भावना।
७. औषधिजन्य वनस्पति र फलफूलको व्यवसायीकरणको सम्भावना जस्तै अमला, डालेचुक, जिम्बु, आँखे टिमुर र वेल।
८. प्राकृतिक र जलवायु परिवर्तनको असरले जलचर सम्बन्धी बृहत अध्ययनको खाँचो।
९. वन, वातावरण र भूगोल जलवायुको उच्च जोखिममा रहेको हुनाले यसलाई वैज्ञानिक कार्ययोजना बनाउन जरुरी छ।

नेपाल राजपत्रमा उल्लेख भएका बाहेकका मुस्ताङ जिल्ला अन्तर्गतका भुगोलको डिभिजन वन कार्यालयको सेवा प्रवाह कार्य क्षेत्रको रुपमा कायम गर्नु पर्ने।

## ३.४ आयोगको वार्षिक कार्यक्रम अनुसार वित्तीय प्रगति

आर्थिक वर्ष २०७८/७९ मा सञ्चालन भएका वार्षिक कार्यक्रमका लागि कुल रु. ३ करोड ४५ लाख ५० हजार बजेट विनियोजन भएको थियो। जसमध्ये चालुतर्फ रु. २ करोड ८७ लाख ३३ हजार विनियोजना भएको थियो। चालुतर्फको वित्तीय प्रगति रु. १ करोड ९४ लाख ५८ हजार (५४.५३ प्रतिशत) भएको थियो। पुँजीगततर्फ रु. ७४ लाख ९९ हजार विनियोजन भएकोमा वित्तीय प्रगति रु. ६० लाख ९१ हजार (८१.२२ प्रतिशत) भएको थियो र यस प्रकार आर्थिक वर्ष २०७८/७९ मा औसतमा ७०.५२ प्रतिशत वित्तीय प्रगति रह्यो।




**तालिका नं. ३.२ आयोगका लागि विनियोजित बजेट र वित्तीय प्रगति रु. हजारमा**

| क्र.सं. | विवरण | विनियोजित बजेट | खर्च | खर्च (प्रतिशत) |
|---|---|---|---|---|
| १ | चालुतर्फ | २,८७,३३ | १,९४,५८ | ५४.५३ |
| २ | पुँजीगततर्फ | ७४,९९ | ६०,९१ | ८१.२२ |
| जम्मा (१+२) | | ३,६२,३२ | २,५५,४९ | ७०.५२ |

## ३.५ आयोगले आर्थिक वर्ष २०७८/७९ मा खरिद गरेका जिन्सी सामग्री तथा निर्माण गरेका पूर्वाधार

### क. भौतिक पूर्वाधार

आयोगको कार्यालय परिसरमा सवारी साधन राख्ने स्थल (कोठा/टहरा) निर्माण भवनको तल्ला थप (ट्रस निर्माण) कार्य सम्पन्न भएको छ ।

### ख. जिन्सी सामग्री

कार्यालयलाई आवश्यक पर्ने केही जिन्सी सामग्री खरिद तथा कार्यालयको मर्मत सम्भार गरिएको छ। कार्यालयमा ट्रसबाट निर्मित सवारी साधन ग्यारेज बनाइएको छ। आवास तथा शहरी विकास कार्यालय मार्फत कम्पाउण्ड भित्र नयाँ भवनको तला थप निर्माण कार्य सम्पन्न भएकोछ। कार्यालयलाई आवश्यक पर्ने ल्यापटप कम्प्युटर, प्रिन्टर खरिद गरिएको छ। त्यस्तै नयाँ भवनको

सभाहलका लागि फर्निचरमा टेबुल, कुर्ची, लगायत फर्निसिङको कार्य सम्पन्न गरिएको छ। आ.व. २०७७/७८ मा खरिद गरिएका सामग्रीको विस्तृत जानकारी तालिकामा दिइएको छ।

## ३.६ आयोग तथा विभिन्न समितिका बैठक र मुख्य निर्णयहरू

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ (संशोधन सहित) को परिच्छेद २ को दफा ३(६) मा आयोगको पूर्ण बैठक सम्बन्धी व्यवस्था गरिएको छ। आ.व. २०७८/७९ मा आयोगका १ पूर्ण र २८ नियमित बैठक बसेका थिए। आयोगको विभिन्न बैठकका निर्णयहरू निम्नअनुसार उल्लेख गरिएको छ।

### क) आयोगका नियमित बैठक र मुख्य निर्णयहरू

**तालिका नं. ३.३ आयोगको नियमित बैठकको मिति र मुख्य निर्णयहरू**

| क्र.सं. | बैठकको मिति | मुख्य निर्णयहरू |
|---|---|---|
| १. | २०७८।०४।०७ | १. आयोगका नयाँ पदाधिकारीहरूको मन्त्रालयगत कार्यविभाजन तथा जिम्मेवारी बाँडफाँट सम्बन्धी |
| २. | २०७८।०४।१५ | २. प्रदेश विकास समस्या समाधान समितिको बैठक सम्बन्धी |
| ३. | २०७८।०४।२१ | १. आयोगको नयाँ गठन आदेश बनाउन पुरानोमा थपघट गर्ने सम्बन्धी<br>२. कृष्णगण्डकी क्षेत्र विकास पूर्वसम्भाव्यता अध्ययन कार्यशर्त स्वीकृति कार्यदल गठन र बजेट माग सम्बन्धी<br>३. दिविल स्थानीयकरण सम्बन्धी अवधारणापत्र स्वीकृत गरी रायोआमा पठाउने सम्बन्धी<br>४. राजस्वको दायरा विस्तार अध्ययन गराउने सम्बन्धी |
| ४. | २०७८।०५।२० | १. निजामती दिवस मनाउने सम्बन्धी<br>२. उत्कृष्ट कर्मचारी पुरस्कृत गर्ने सम्बन्धी |
| ५. | २०७८।०५।२२ | १. प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि समीक्षाको कार्ययोजना स्वीकृति सम्बन्धी<br>२. नेपाल सरकारको स्रोतमा सञ्चालन हुने गरी विभिन्न योजनाहरू कार्यक्रममा समावेश गर्न रायोआमा सिफारिश गर्ने सम्बन्धी |
| ६. | २०७८।०७।०३ | १. नमुनायोग्य तथा प्रतिफलयुक्त क्षेत्रगत आयोजना पहिचान गर्ने सम्बन्धी<br>२. प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि समीक्षाका लागि परामर्शबाट विज्ञ छनौट र कार्यशर्त तयारी सम्बन्धी |

| क.सं. | बैठकको मिति | मुख्य निर्णयहरू |
|---|---|---|
| ७. | २०७८।०७।२८ | १. प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि समीक्षाका लागि फ्रेमवर्क तयार गर्न विज्ञ तोकिएको सम्बन्धी<br>२. लगानी सम्मेलनका लागि अवधारणापत्र तयारी गर्ने कार्य तदारुकताका साथ अगाडि बढाउने सम्बन्धी |
| ८. | २०७८।०९।२५ | प्रदेश विकास समस्या समाधान समितिको बैठक सम्बन्धी |
| ९. | २०७८।१२।२८ | आव २०७९/८०को वार्षिक नीति तथा बजेट तयारीको सम्बन्धमा शिक्षाक्षेत्रसँग र युवा तथा खेलकुद क्षेत्रसँग सरोकार राख्ने निकाय/संघ/संस्थासँग अन्तरक्रिया गर्ने निर्णय सम्बन्धी |
| १०. | २०७९।०१।०४ | आव २०७९/८०को वार्षिक नीति तथा बजेट तयारीको सम्बन्धमा सूचना तथा सञ्चार क्षेत्रसँग सरोकार राख्ने निकाय/संघ/संस्थासँग अन्तरक्रिया गर्ने सम्बन्धी |
| ११. | २०७९।०१।०६ | MTEF को निर्देशक समितिको बैठक आयोजना गर्ने सम्बन्धी |
| १२. | २०७९।०१।०८ | आयोजना बैंक दिग्दर्शनको मस्यौदा उपर छलफल गर्ने कार्यक्रम |
| १३. | २०७९।०१।११ | आव २०७९/८० को वार्षिक नीति तथा बजेट तयारीको सम्बन्धमा बैंक तथा वित्तीय क्षेत्रसँग सरोकार राख्ने निकाय/संघ/संस्थासँग अन्तरक्रिया गर्ने सम्बन्धी |
| १४. | २०७९।०१।१६ | आव २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम तथा बजेटको प्रस्ताव सहित छलफलमा उपस्थितिका लागि सचिवज्यूहरूलाई आमन्त्रण तथा पत्राचार सम्बन्धमा सूचना तथा सञ्चार क्षेत्रसँग सरोकार राख्ने निकाय/संघ/संस्थासँग अन्तरक्रिया गर्ने सम्बन्धी |
| १५. | २०७९।०१।२१ | युवा तथा खेलकुल मन्त्रालयले प्रस्ताव गरेको आव २०७९/८० को नीति कार्यक्रम र बजेटका सम्बन्धमा उक्त मन्त्रालयका सचिव र महाशाखा प्रमुख सहितको उपस्थितिमा छलफल गरेको |
| १६. | २०७९।०१।२२ | उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालयले प्रस्ताव गरेको आव २०७९/८० को नीति कार्यक्रम र बजेटका सम्बन्धमा उक्त मन्त्रालयका सचिव र महाशाखा प्रमुख सहितको उपस्थितिमा छलफल गरेको |
| १७. | २०७९।०१।२३ | आन्तरिक मामिला मन्त्रालयले प्रस्ताव गरेको आव २०७९/८० को नीति कार्यक्रम र बजेटका सम्बन्धमा उक्त मन्त्रालयका सचिव र महाशाखा प्रमुख सहितको उपस्थितिमा छलफल गरेको |
| १८. | २०७९।०१।२३ | शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयले प्रस्ताव गरेको आव २०७९/८० को नीति कार्यक्रम र बजेटका सम्बन्धमा उक्त मन्त्रालयका सचिव र महाशाखा प्रमुख सहितको उपस्थितिमा छलफल गरेको |

| क्र.सं. | बैठकको मिति | मुख्य निर्णयहरू |
| --- | --- | --- |
| १९. | २०७९।०१।२४ | कानून सञ्चार तथा प्रदेश सभा मन्त्रालयले प्रस्ताव गरेको आव २०७९/८० को नीति कार्यक्रम र बजेटका सम्बन्धमा उक्त मन्त्रालयका सचिव र महाशाखा प्रमुख सहितको उपस्थितिमा छलफल गरेको |
| २०. | २०७९।०१।२५ | पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले प्रस्ताव गरेको आव २०७९/८० को नीति कार्यक्रम र बजेटका सम्बन्धमा उक्त मन्त्रालयका सचिव र महाशाखा प्रमुख सहितको उपस्थितिमा छलफल गरेको |
| २१. | २०७९।०१।२६ | भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयले प्रस्ताव गरेको आव २०७९/८० को नीति कार्यक्रम र बजेटका सम्बन्धमा उक्त मन्त्रालयका सचिव र महाशाखा प्रमुख सहितको उपस्थितिमा छलफल गरेको |
| २२. | २०७९।०२।०४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रस्ताव गरेको आव २०७९/८० को नीति कार्यक्रम र बजेटका सम्बन्धमा उक्त मन्त्रालयका सचिव र महाशाखा प्रमुख सहितको उपस्थितिमा छलफल गरेको |
| २३. | २०७९।०२।०५ | वन, वातावरण तथा भूसंरक्षण मन्त्रालयले प्रस्ताव गरेको आव २०७९/८० को नीति कार्यक्रम र बजेटका सम्बन्धमा उक्त मन्त्रालयका सचिव र महाशाखा प्रमुख सहितको उपस्थितिमा छलफल गरेको |
| २४. | २०७९।०२।०७ | भूमि, व्यवस्था, कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालयले प्रस्ताव गरेको आव २०७९/८० को नीति कार्यक्रम र बजेटका सम्बन्धमा उक्त मन्त्रालयका सचिव र महाशाखा प्रमुख सहितको उपस्थितिमा छलफल गरेको |
| २५. | २०७९।०२।१० | प्रदेश लोकसेवा आयोगले  र प्रदेश सभा सचिवालयले प्रस्ताव गरेको आव २०७९/८० को नीति कार्यक्रम र बजेटका सम्बन्धमा अलग अलग छलफल गरेको |
| २६. | २०७९।०२।११ | मुख्मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रस्ताव गरेको आव २०७९/८० को नीति कार्यक्रम र बजेटका सम्बन्धमा सचिव र महाशाखा प्रमुख सहितको उपस्थितिमा छलफल गरेको<br>मुख्य न्यायाधिवक्ता कार्यालयले प्रस्ताव गरेको आव २०७९/८० को नीति कार्यक्रम र बजेटका सम्बन्धमा शाखा अधिकृत सहितको उपस्थितिमा छलफल गरेको |
| २७. | २०७९।०३।१२ | विज्ञहरूद्वारा प्रस्तुत गरिने दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र मस्यौदा छलफल तथा सुझाव संकलन कार्यक्रममा सहभागी हुन विभिन्न मन्त्रालयका सचिवज्यूहरूलाई सहभागिताका लागि पत्राचार गर्ने |

| क्र.सं. | बैठकको मिति | मुख्य निर्णयहरू |
|---|---|---|
| २८. | २०७९।०३।२२ | १. लगानी सम्मेलनका लागि आयोजनाको अवधारणा विकास र पहिचान सम्बन्धी विषयमा छलफल भयो साथै लगानी सम्मेलनको पूर्व तयारी स्वरुप स्थानीय तह सबै, जिल्ला समन्वय प्रमुख सबै र उद्योग वाणिज्य क्षेत्रका संघ संस्थाका प्रमुखहरूलाई आयोजनाको विवरण तयार गरी पठाउन पत्राचार गर्ने<br>२. ICIMOD, NAST, NARC, नेपाल राष्ट्र बैंक प्रादेशिक कार्यालय पोखरा यी संस्थाहरूलाई तोकिएका विषयमा अध्ययन अनुसन्धान गरी सहयोग उपलब्ध गराउन अनुरोध गर्ने<br>३. गण्डकी प्रदेशको राजस्व सम्भावना तथा व्यवस्थापन अध्ययन सम्बन्धी प्रतिवेदन प्राप्त भएकोमा नियमानुसार रकम उपलब्ध गराउने<br>४. मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र पुस्तक छपाइ गर्ने निर्णय |

## ख) आयोगको पूर्ण बैठकका मुख्य निर्णय

| क्रसं | पूर्ण बैठकको मिति | मुख्य निर्णयहरू |
|---|---|---|
| १. | २०७८।०५।११<br>(बाह्रौं पूर्ण बैठक) | १. प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ को मस्यौदा आवश्यक कार्यार्थ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।<br>२. गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) को मध्यावधि समीक्षाको आवश्यक प्रक्रिया आयोगकोतर्फबाट अगाडि बढाउने।<br>३. आयोगको नयाँ संगठन संरचना स्वीकृत गरी आवश्यक कार्यार्थ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।<br>४. प्रदेश सरकार मातहतका मन्त्रालयहरूले क्षेत्रगत नीति तयार गर्नुपूर्व आयोगको पूर्व सहमति लिने तथा आयोगसँग समन्वय र सहजीकरण गर्न निर्देशन दिने।<br>५. प्रादेशिक आयोजना बैंक निर्माणका लागि आवश्यक प्रादेशिक आयोजना बैंक निर्देशिका तथा प्रणाली स्थापनाका अन्य कार्य अगाडि बढाउने। |

*स्रोतः आयोगको बैठक निर्णय पुस्तिकाबाट संक्षेपीकरण गरिएको*

### ग) प्रदेश विकास समस्या समाधान समिति बैठक

**मिति २०७८/०४/१९ गते बसेको प्रदेश विकास समस्या समाधान समितिको बैठकमा पेश भएका समस्या र समाधानका लागि भएका मुख्य निर्णयहरू**

| क्र.सं. | समस्या | निर्णय |
|---|---|---|
| १ | साविकका कृषि कार्यालयहरू संघीय सरकार अन्तर्गतका कार्यालयहरू तथा अन्य निकायले प्रयोग गरिरहेकोले नयाँ स्थापना भएका प्रदेश कार्यालयहरूलाई भवनको अभाव भएको। | साविकका कृषि कार्यालयहरू जस्तै भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको कार्यालय मनाङको शसस्त्र प्रहरीले, बाग्लुङको नगरपालिकाले, पर्वतको जिल्ला प्रशासन कार्यालयले र मुस्ताङको कालीगण्डकी करिडोर निर्माण आयोजनाले प्रयोग गरिरहेको हुनाले सम्बन्धित निकायसँग सहजीकरण गरी प्रदेश अन्तर्गत स्थापना भएका कृषि कार्यालयहरूलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाउने। |
| २ | कृषि व्यवासाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र मालेपाटनको तालिम छात्रावास विगतमा कोभिड-१९ आइसोलेसन सेन्टरको रुपमा प्रयोग भएको र हाल कोभिड-१९ को संक्रमणबाट मृत्यु भएका व्यक्तिहरूको शवबाहनका सवारीका चालक र शव व्यवस्थापन गर्ने सुरक्षाकर्मीहरूको वासस्थानका रुपमा प्रयोग गरिएकाले आवासीय तालिम सञ्चालनमा समस्या भएको। | मालेपाटन स्थिति कृषि व्यावसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रको दुई वटा छात्रावास भवन कोभिड-१९ को संक्रमणबाट मृत्यु भएका व्यक्तिहरूको शवबाहनका सवारीका चालक र शव व्यवस्थापन गर्ने सुरक्षाकर्मीहरूको वासस्थानका रुपमा प्रयोग हुँदै आएकोमा पोखरा महानगरपालिकाको समन्वयमा सो को बैकल्पिक स्थानको व्यवस्था गरी तालिमको आवासीय भवन तालिम प्रयोजनका लागि उपलब्ध गराउन सहजीकरण गर्ने। |
| ३ | पोखरा महानगरपालिका रामबजार स्थिति प्रहरी चौकी सम्बत् २०५३ देखी निजी आवासमा सञ्चालन हुँदै आएको र घरधनीले खाली गरिदिन बारम्बार आग्रह गरेकोले चौकीको लागि भवनको समस्या भएको। | हाल डिभिजन वन कार्यालय रहेको भवनमा उक्त प्रहरी चौकीलाई स्थानतरण गर्ने र डिभिजन वन कार्यालयको नयाँ भवन निर्माण गर्ने |
| ४ | आ.व. २०७६/७७ मा बाढी पहिरोले क्षति भएका विद्यालय, स्वास्थ्य कार्यालय र निजी आवासको पुननिर्माण गर्न स्रोतको अभाव भएको। | आ.व. २०७६/७७ मा बाढी पहिरोले क्षति भएका विद्यालय, स्वास्थ्य कार्यालय र निजी आवासको पुननिर्माणको लागि नेपाल सरकार अर्थ मन्त्रालयसँग थप बजेट माग गरी स्रोतको व्यवस्था गर्ने। |

| क्र.सं. | समस्या | निर्णय |
|---|---|---|
| ५ | प्रदेशबाट स्थानीय तहमा पठाएको सशर्त, विशेष र समपुरक अनुदानको रकमको प्रगति विवरण प्रदेशमा नियमित रुपमा नआउने गरेको र खर्च नभएको रकम प्रदेशमा फिर्ता पठाउनुपर्ने व्यवस्था भएता पनि नियमित नभएको। | प्रदेशबाट स्थानीय तहमा पठाएको सशर्त, विशेष र समपुरक अनुदानको रकमको प्रगति विवरण स्थानीय तहले प्रदेशमा नियमित रुपमा पठाउने तथा आर्थिक वर्षको अन्तिममा खर्च नभएको रकम प्रदेशम फिर्ता पठाउने र नियमित गर्ने। |
| ६ | अर्थ मन्त्रालयमा आर्थिक क्षेत्र हेर्ने कर्मचारीको अभाव भएको। | अर्थ मन्त्रालयमा रहेको आर्थिक क्षेत्र हेर्ने कर्मचारीको अभावलाई सम्वोधन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अणुरोध गर्ने। |
| ७ | प्रदेशको आफ्नै प्रशासनिक भवन नभएको | प्रदेशको आफ्नै प्रशासनिक भवनको निर्माणको लागि आवश्यक प्रकृया प्रारम्भ गर्ने। |
| ८ | प्रदेश र स्थानीय तहको आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कनमा एकरुपता नभएको। | प्रदेश र स्थानीय तहमा सञ्चालित आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन एक आपसमा समन्वय गरी एकीकृत प्रणाली मार्फत गर्ने व्यवस्था गर्ने। |
| ९ | निर्णयहरूको कार्यान्वयन अनुगमन गर्ने व्यवस्थाको कमि | मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यलयले सबै मन्त्रालय निकाय र स्थानीय तहसँग समन्वय गरी निर्णय कार्यान्वयनको मासिक अनुगमन गर्नेछ। |

**मिति २०७८/०९/२९ गते बसेको प्रदेश विकास समस्या समाधान समितिको बैठकमा पेश भएका समस्या र समाधानका लागि भएका मुख्य निर्णयहरू**

| क्र.सं. | समस्या | निर्णय |
|---|---|---|
| १ | साविकका जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यालयको भवन अन्य निकायले प्रयोग गरिरहेकोले (जिल्ला पशु सेवा कार्यालय, मनाङको भवन सशस्त्र प्रहरी बलले, जिल्ला कृषि विकास कार्यालय, बागलुङको बागलुङ नगरपालिकाले, जिल्ला कृषि विकास कार्यालय,मुस्ताङको कार्यालय भवन कालीगण्डकी कोरिडोर निर्माण आयोजनाले) नयाँ स्थापना भएका प्रदेश मातहतका कार्यालयहरूलाई भवनको अभाव भएको। | सम्बन्धित निकायसँग समन्वय गरी उल्लेखित भवनहरू प्रदेश अन्तर्गत स्थापना भएका कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई उपलब्ध हुने व्यवस्था मिलाउने। |

| क्र.सं. | समस्या | निर्णय |
|---|---|---|
| २ | बाढी पहिरो लगायतका विपदबाट क्षतिग्रस्त प्रदेशभित्रका खानेपानी, सिंचाइ, स्वास्थ्य सेवाका संरचनाको मर्मत सम्भार/पुनर्निर्माणमा बजेटको अपर्याप्तता। | क्षतिको विवरण स्थानीय तहबाट संकलन गरी प्रदेशस्तरबाट बजेट विनियोजनमा जोड गर्ने साथै थप बजेटको लागि नेपाल सरकारसँग अनुरोध गर्ने। |
| ३ | प्रदेशबाट स्थानीय तहमा पठाएको सशर्त, विशेष र समपुरक अनुदान रकमको प्रगति विवरण प्रदेशमा नियमित रुपमा नआउने गरेको र खर्च नभएको रकम प्रदेशमा फिर्ता पठाउनुपर्ने व्यवस्था भएता पनि नियमित नभएको। | प्रदेशबाट स्थानीय तहमा पठाएको सशर्त, विशेष र समपुरक अनुदानको रकमको प्रगति विवरण स्थानीय तहले प्रदेशमा नियमित रुपमा पठाउने तथा आर्थिक वर्षको अन्तिममा खर्च नभएको रकम प्रदेशमा फिर्ता पठाउने र नियमित गर्ने। |
| ४ | प्रदेशको एकीकृत प्रशासनिक भवन नहुँदा सेवा प्रवाहमा कठिनाइ भएको। | यस सम्बन्धमा मन्त्रिपरिषद्बाट गठित कार्यदलले दिने प्रतिवेदन बमोजिम भवन निर्माणको प्रक्रिया अगाडि बढाउने। |
| ५ | प्रदेशको आन्तरिक स्रोत परिचालनका सम्बन्धमा क्षमता कमजोर हुँदा विकास निर्माणमा स्रोतको न्यूनता रहेको। | प्रदेशको आन्तरिक स्रोत परिचालन सम्बन्धी प्राप्त हुने अध्ययन प्रतिवेदन अनुसार राजस्व सुधार योजना बनाई कार्यान्वयन गर्ने। |
| ६ | प्रदेश सरकारले प्रयोग गर्ने यातायात लगायतका सफ्टवेयर र तथ्याङ्कहरू प्रदेश सरकार मातहत नहुँदा यसको नियन्त्रण, सञ्चालन, सुरक्षा र समग्र सेवा प्रवाहमा समस्या देखिएको। | प्रदेश सरकारले प्रयोग गर्ने सफ्टवेयरहरू र तथ्याङ्कहरूको सुरक्षाको लागि प्रदेश मातहत नै अलग्गै डाटा सेन्टर स्थापना र प्रदेश सरकारसँग सम्बन्धित सेवा/कार्यक्षेत्रको सफ्टवेयर निर्माणको कार्य प्रारम्भ गर्ने। |
| ७ | उपलब्ध स्रोतको आँकलन नगरी बहुवर्षीय आयोजना थप्ने गरिएको र कार्यान्वयनमा रहेका बहुवर्षीय आयोजना सम्पन्न गर्नका लागि पर्याप्त रकम विनियोजन नहुँदा समयमा नै आयोजना सम्पन्न हुन नसकेको र सम्पन्न भएका आयोजनाको भुक्तानीमा समेत कठिनाइ भएको। | बहुवर्षीय आयोजना छनौट र थप गर्दा उपलब्ध स्रोत साधनको आधारमा मात्र गर्ने, साथै दायित्व सृजना भएका बहुवर्षीय आयोजनाका लागि प्राथमिकताका साथ आवश्यक बजेट विनियोजन गर्ने। |
| ८ | सवारी चालक अनुमतिपत्रको परीक्षा माग बमोजिम लिन नसकिएको, यसलाई व्यवस्थित गर्न नसक्दा राजस्व अपेक्षित रूपमा वृद्धि हुन नसकेको र प्रभावकारी रूपमा सेवा समेत दिन नसकिएको। | प्रदेशमा सवारी चालक अनुमतिपत्रको माग बमोजिम सेवा दिनसक्ने गरी पूर्वाधार तथा जनशक्ति व्यवस्था गर्ने, सेवाग्राहीमैत्री सेवा प्रवाहको लागि यातायातसँग सम्बन्धित सेवाहरू Cashless, Paperless, Faceless बनाउने, प्रदेशले नै सञ्चालन गर्नसक्ने सफ्टवेयर निर्माण गर्ने र सवारी चालक अनुमतिपत्र आफैंले जारी गर्ने व्यवस्थाका लागि पहल गर्ने। |

| क्र.सं. | समस्या | निर्णय |
|---|---|---|
| ९ | प्रदेश सरकारले कार्यान्वयन गर्ने विकास आयोजना/कार्यक्रमको पहिचान, छनौट, वर्गीकरण, कार्यान्वयन व्यवस्थित नहुँदा साना तथा टुक्रे आयोजना/कार्यक्रमको संख्या अस्वभाविक रुपमा बढ्दा कार्यान्वयन, स्रोत व्यवस्था, अनुगमन मूल्याङ्कन र दिगोपनामा समस्या। | आयोजना पहिचान, छनौट र कस्ता आयोजना प्रदेशले सञ्चालन गर्ने भन्ने सम्बन्धमा मापदण्ड प्रष्ट हुनेगरी आयोजना बैंक दिग्दर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याउने। |
| १० | प्रदेशमा एकीकृत तथ्याङ्क प्रणाली विकास नहुँदा नीति निर्माण, योजना तर्जुमा र निर्णय वस्तुपरक हुन नसकेको। | प्रदेशको तथ्याङ्क एकीकृत गर्ने प्रणालीको विकासको लागि Provincial Integrated Information Management System (PIIMS) को स्थापना गर्ने र विषयगत मन्त्रालय, स्थानीय तह र प्रदेश मातहतका निकायको तथ्याङ्क व्यवस्थापन प्रणालीमा क्षमता विकास गर्ने। |
| ११ | कतिपय स्थानीय तहमा आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमा हुन नसकेकोले योजनाबद्ध विकास प्रणालीमा कठिनाइ भएको। | आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि बाँकी रहेका स्थानीय तहलाई आवश्यक सहयोग र समन्वय गर्ने। |
| १२ | प्रदेशलाई विभिन्न स्रोतबाट उपलब्ध हुनुपर्ने राजस्व/रोयल्टी ( स्थानीय तहबाट पाउनुपर्ने, अन्नपूर्ण संरक्षण क्षेत्र (ACAP) बाट पाउनुपर्ने, मनास्लु संरक्षण क्षेत्र (MCAP) बाट पाउनुपर्ने, चितवन राष्ट्रिय निकुञ्ज, ढोरपाटन शिकार आरक्षबाट पाउनुपर्ने आदि) प्राप्तिमा कठिनाइ। | स्थानीय तहसँग समन्वय गरी नियमानुसारको राजस्व संकलन गर्ने, विभिन्न स्रोतबाट प्राप्त गर्नुपर्ने रोयल्टीका लागि विद्यमान कानूनी व्यवस्थामा सुधार, बाँडफाँट प्रणालीमा रहेको अस्पष्टतालाई हटाउन नेपाल सरकारसँग पहल गर्ने। |
| १३ | स्वास्थ्यसम्बन्धी प्रदेश गौरवका आयोजना/कार्यक्रम सञ्चालनमा जनशक्ति, बजेट लगायतको अपर्याप्तता हुँदा प्रदेशको समग्र जनस्वास्थ्य प्रणालीमा अपेक्षित सुधार हुन नसकेको | गण्डकी आमा बचाऊ कार्यक्रम, चौबीस घण्टे स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र (PHEUC),आमा प्रतीक्षा गृह (Maternal Waiting Home) लगायतका आयोजना/कार्यक्रममा थप जनशक्ति बजेट लगायतको व्यवस्था गर्ने । |

**मिति २०७८/०९/२९ गते बसेको प्रदेश विकास समस्या समाधान समितिको बैठकमा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेश गर्नु पर्ने समस्या सम्बन्धी भएका निर्णय**

| क्र.सं. | समस्या | निर्णय |
|---|---|---|
| १ | प्रदेश सरकारबाट सञ्चालन हुने विकास आयोजनाहरूको लागि सहज रुपमा जग्गा प्राप्त नहुँदा आयोजना कार्यान्वयन हुन नसक्दा विकासले गति लिन नसकेको साथै प्रदेश सरकारको सेवा प्रवाह प्रभावकारी हुन नसकेको (प्रदेश शिशु स्याहार केन्द्र स्थापना, बहुसांस्कृतिक ग्राम स्थापना ,प्रदेशस्तरीय विज्ञान प्रविधि प्रयोगशाला निर्माण, अपाङ्गता ग्राम निर्माण, गण्डकी विश्वविद्यालय, शिक्षण अस्पताल, वि.पी. स्मृति ग्राम, औद्योगिक क्षेत्रहरू आदि) | जग्गा प्राप्ति सम्बन्धी विद्यमान कानूनी व्यवस्थामा सुधार गर्न नेपाल सरकारसँग अनुरोध गर्ने। |
| २ | संघीय निजामती सेवा ऐन तर्जुमा नहुँदा प्रदेश निजामती सेवा ऐन तर्जुमा गर्न सकिएन जसको कारण कर्मचारीको वृत्तिविकास, निवृत्तिभरण लगायतका सेवा सुविधामा अनिश्चितता सिर्जना भई समग्र कर्मचारी व्यवस्थापनमा कठिनाइ भएको। | संघीय निजामती सेवा ऐन यथाशीघ्र निर्माण गर्नका लागि नेपाल सरकारसँ अनुरोध गर्ने। |
| ३ | प्रदेशस्तरका आयोजना कार्यान्वयनमा कतिपय संघीय कानूनहरूले अवरोध सिर्जना गर्दा आयोजना समयमै सम्पन्न गर्न नसकिएको। | विद्यमान कानूनहरूलाई संघीयताको भावना अनुसार संशोधन/परिमार्जनको लागि नेपाल सरकारसँग पहल गर्ने। |
| ४ | रोयल्टी र राजस्व बाँडफाँटको विद्यमान कानूनी व्यवस्था/अभ्यास मूलतः नेपाल सरकारको अनुकूल भएकोले प्रदेशले प्राप्त गर्ने समानीकरण/रोयल्टी लगायतको अनुदान र राजस्व न्यून हुँदा प्रदेश सरकारलाई स्रोत व्यवस्थापन गर्न कठिनाइ भएको। | प्रदेश सरकारलाई विभिन्न स्रोतबाट प्राप्त हुनुपर्ने अनुदान, रोयल्टी र राजस्व बाँडफाँटसम्बन्धी विद्यमान कानून/अभ्यासलाई सुधार गर्न नेपाल सरकारसँग अनुरोध गर्ने। |
| ५ | गण्डकी प्रदेशमा रहेका सम्पदाहरूको संरक्षण र प्रवर्द्धनमा पर्याप्त ध्यान पुर्याउन नसक्दा यस क्षेत्रको समग्र आर्थिक लगायत सामाजिक सांस्कृतिक रुपान्तरण अपेक्षित रुपमा हुन नसकेको। | गोरखा दरबार, मुस्ताङको लोमन्थाङ दरबारलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्ने कार्यलाई पहल गर्ने। तनहुँसुर दरबार क्षेत्र र कालीगण्डकी प्रसरण क्षेत्रलाई विश्वसम्पदा सूचीमा समावेश गर्न आवश्यक पूर्वतयारी गर्ने। |

| क्र.सं. | समस्या | निर्णय |
|---|---|---|
| ६ | प्रदेशमा रहेको मत्स्य विकास केन्द्र अपायक स्थानमा रहेको साथै आफ्नै मत्स्य पोखरी नभएकाले मत्स्य पालक कृषकले माछाको भुरा अन्यत्रबाट आयात गर्नुपर्दा मत्स्य पालन व्यवसाय अपेक्षा अनुरुप फस्टाउन नसकेको। | नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत मत्स्य अनुसन्धान केन्द्र, बेगनासको स्वामित्वमा फेवाताल किनारमा रहेको भौतिक संरचना प्रदेशको मत्स्य विकास केन्द्र स्थापना गर्न प्रदेशलाई उपलब्ध गराउन सम्बन्धित निकायमा पहल गर्ने। |
| ७ | प्रदेशमा रहेका/स्थापना हुने ठूला उद्योग व्यवसाय दर्ता/ नवीकरणका लागि प्रदेशस्तरमा सम्बन्धित निकाय नहुँदा कठिनाइ भोग्नुपरेको। | कम्पनी रजिष्ट्रारको कार्यालय प्रदेशमा स्थापना गर्नको लागि यस सम्बन्धमा नेपाल सरकारसँग नीतिगत, कानूनी छलफल अगाडि बढाउने। |
| ८ | संघीय विनियोजन ऐनको कारण प्रदेश सरकारले नेपाल सरकारका इकाईलाई सिधै बजेट अख्तियारी प्रदान गरी कामकाज गराउन कठिनाइ | प्रदेश सरकारले नेपाल सरकारका इकाईहरूलाई सिधै बजेट अख्तियारी प्रदान गरी कामकाज गराउन सक्ने व्यवस्थाका लागि नेपाल सरकारसँग अनुरोध गर्ने |

# परिच्छेद चारः प्रदेश गौरव, रुपान्तरणकारी तथा ठूला आयोजनाहरूको अवस्था

## ४.१ प्रशासनिक भवन तथा सहरी विकास

**आयोजना कार्यान्वयन गर्ने निकायः भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय**

**प्रदेश गौरवका आयोजनाहरू (प्रशासनिक भवन तथा शहरी विकास)**

**१. एकीकृत प्रदेश प्रशासनिक केन्द्रको निर्माण आयोजनाः**

१. अवधारणा Conceptual Drawing तयार गरी नेपाल सरकारसँगको सहलगानीमा गर्ने गरी कार्यान्वयनका लागि प्रस्ताव गरिएको।

२. नेपाल सरकारको स्वामित्त्वमा रहेको जग्गा लोकसेवा आयोगको अगाडिको १२६ रोपनी, साविकको नगर विकास समितिलाई भोगाधिकार प्राप्त रहेको, प्रदेश सरकारलाई भोगाधिकार/स्वामित्त्व प्राप्त गर्नुपर्ने।

३. विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार हुन बाँकी।

४. प्रदेश सभा भवनको DPR तयार भएको।

**२. स्याटलाइट सिटीः-**

१. ४ वटा योजना सम्पन्न (भिमाद नगरपालिका, मध्यनेपाल, कुस्मा नगरपालिका, पुतलीबजार नगरपालिकालाई स्याटलाइट सिटीको रूपमा विकास गर्ने)।

२. पुतली बजार, कुश्मा र फलेबासमा वडा भवन निर्माण भैरहेको।

३. मध्य नेपाल, भीमाद र शुक्लागण्डकीमा नगरपालिकाबाट छनौट भएका सडक पूर्वाधार सम्बन्धी एक/एक वटा योजना कार्यान्वयन हुन गइरहेका।

## ४.२ कृषि तथा पशुपंक्षी

**आयोजना कार्यान्वयन गर्ने निकायः भूमि व्यवस्था, कृषि सहकारी तथा गरीबी निवारण मन्त्रालय**

**जग्गा चक्लाबन्दी सहयोग कार्यक्रम**

जग्गा चक्लाबन्दी सहयोग कार्यक्रम अन्तर्गत मुस्ताङ,बाग्लुङ,तनहुँ र गोरखा गरी ४ जिल्लामा ७ वटा समूह मार्फत १०३४ रोपनी जमिन चक्लाबन्दी गरिएको। वित्तीय प्रगति ८६.६ प्रतिशत तथा भौतिक प्रगति ८३.५ प्रतिशत रहेको।

**स्याउ विशेष आयोजना** (मुस्ताङ जिल्लामा)

यस कार्यक्रम अन्तर्गत ६८,११० उच्च घनत्व प्रविधिमा आधारित स्याउका बिरुवा आयात गरी मुस्ताङ, मनाङ, बाग्लुङ, गोरखा, म्याग्दी र लमजुङ गरी ६ वटा जिल्लाका ६१ जना कृषकहरूलाई वितरण गरिएको, जसबाट करिब ४५५ रोपनी क्षेत्रफलमा नयाँ स्याउ बगैंचा स्थापना भएको।



## मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँ कार्यक्रम

यस कार्यक्रमको भौतिक प्रगति ९८.८ तथा वित्तीय प्रगति ९०.५ रहेको। स्थायी तथा बाँसको गरी जम्मा ४१९ प्लाष्टिक घर निर्माण भएको। १३९ वटा मिनिटिलर, १४० वटा डिजिटल तराजु, २४२ वटा पानी ट्याङ्की, ६६६ मिटर असिना छेक्ने हेल नेट, २५ वटा मौरीको घार वितरण गरिएको। यसै गरी १७३ वटा बाख्राको खोर, ७ वटा बंगुरको खोर, २९ वटा कुखुराको खोर निर्माण भएको साथै १४३ वटा गोठमा भकारो सुधार गरिएको। यसै गरी २९ हेक्टरमा स्याउ, २ हेक्टरमा केरा, ३ हेक्टरमा ओखर, ४.५ हेक्टरमा सुन्तलाजात फलफूल, ४.७५ हेक्टरमा चिया खेती विस्तार भएको। यस कार्यक्रमबाट ६३५३ जना कृषकहरू लाभान्वित भएका।

## ४.३ वन, वातावरण तथा भूसंरक्षणसँग सम्बन्धित विभिन्न आयोजना तथा कार्यक्रम

**तालिकाः ४.१ आयोजना कार्यान्वयन गर्ने निकायः वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय**

| आयोजनाको नाम | आयोजना शुरु मिति (आ.व) | सम्पन्न हुने मिति (आ.व) | प्रगति प्रतिशत | | आयोजना कार्यान्वयनमा देखिएका मुख्य समस्याहरू |
|---|---|---|---|---|---|
| | | | भौतिक % | वित्तिय % | |
| फेवातालको संरक्षण र सौन्दर्यिकरण आयोजना | ०७६/७७ | ०८०/८१ | १०० | ९२।५६ | न्यून बजेट विनियोजन |
| पचभैया प्राणी उद्यान तथा वन्यजन्तु उद्धार केन्द्र | ०७५/७६ | ०८२/८३ | १०० | ९७।७७ | कानुनी अस्पष्टता र संस्थागत संरचनाको कमी |
| ताल तथा सिमसार क्षेत्र संरक्षण कार्यक्रम | ०७७/७८ | | ८० | ४६।९७ | न्यून बजेट विनियोजन भएको |
| कस्तुरी मृग पालन तथा प्रजनन् | ०७७/७८ | | | | बजेट विनियोजन नभएको, कानुनी अस्पष्टता रहेको। |

## ४.४ पर्यटन

**आयोजना कार्यान्वयन गर्ने निकायः पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

**पर्यटकीय गन्तव्य**

सबै जिल्ला समेटिने गरी प्रमुख पर्यटकीय गन्तव्यहरूको DPR तयारी गर्ने सम्बन्धमा ११ वटा पर्यटकीय गन्तव्यहरूको DPR तयार भएको।

**फेवातालको संरक्षण र सौन्दर्यीकरण आयोजना**

१. आ.व. २०७६/७७ मा शुरु गरी आ.व. २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा आ.व. २०७८/७९ मा ५० लाख विनियोजन भएको थियो। भौतिक प्रगति शत प्रतिशत भएको र वित्तीय प्रगति ९२.५६ प्रतिशत रहेको देखिन्छ।

**पचभैया प्राणी उद्यान तथा वन्यजन्तु उद्धार केन्द्र**

२. आ.व. २०७५/७६ मा शुरु गरी आ.व. २०८२/८३ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा आ.व. २०७८/७९ मा १ करोड ७० लाख विनियोजन भएको थियो। भौतिक प्रगति शत प्रतिशत भएको र वित्तीय प्रगति ९७.७७ प्रतिशत रहेको देखिन्छ।

३. ताल तथा सिमसार क्षेत्र संरक्षण कार्यक्रम आ.व. २०७७/७८ मा शुरु भएकोमा आ.व. २०७८/७९ मा १ करोड ७० लाख विनियोजन भएको थियो। भौतिक प्रगति ८० प्रतिशत भएको र वित्तीय प्रगति ४६.९७ प्रतिशत रहेको देखिन्छ।

४. १० वटा तालतलैयाको मर्मत सम्भार र सौन्दर्यीकरणका कार्य सम्पन्न।

## ४.५ उद्योग

**प्रदेश औद्योगिक क्षेत्र**

**क) आयोजना कार्यान्वयन गर्ने निकायः उद्योग, पर्यटन, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

१. नेपाल सरकारसँगको समन्वयमा पोखरा महानगरपालिकाको वडा नं ३३ को पुँडीटार र नवलपुरको लोकाहा खोलामा प्रादेशिक औद्योगिक क्षेत्र स्थापना तथा सञ्चालनार्थ जग्गा प्राप्तिका लागि नापी तथा मालपोत कार्यालयहरूसँग समन्वय गरी नापी र सर्भेको काम सम्पन्न भएको। आ.व. २०७८/७९ मा विनियोजित बजेटको वित्तीय प्रगति ४२ प्रतिशत र भौतिक प्रगति ४२ प्रतिशत भएको।

**एक स्थानीय तह एक उद्योगग्राम पूर्वाधार निर्माणः**

१० वटा स्थानीय तहमा १५ लाख रुपैयाका दरले बजेट पठाइएकोमा २ स्थानीय तह (चामे र वालिङले मात्र कार्य सम्पन्न गरेको ।

## ४.६ शिक्षा

**ख) आयोजना कार्यान्वयन गर्ने निकायः गण्डकी विश्वविद्यालय**

१. BSM/BBA/BALLB/BIT/B.Pharm को पढाइ शुरु गरेको।

२. पोखरा महानगरपालिका वडा नं. ३२ ज्ञानकुञ्जमा ७ करोड लागतमा प्रिफ्यावको भवनहरू निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको।

३. गण्डकी विश्वविद्यालयको मूल भवनको निर्माण सम्पन्न हुने चरणमा पुगेको।

४. गण्डकी विश्वविद्यालयको प्रस्तावित भौतिक संरचना निर्माण तथा शैक्षिक क्रियाकलाप सञ्चालन आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको लागि परामर्शदाता छनौट भै काम अगाडि बढेको।

५. अनुसन्धान, अन्वेषण तथा आविष्कार केन्द्रको भौतिक संरचना निर्माण कार्य सम्पन्न भै सकेको छ।

६. कोदोको रक्सीलाई कानूनी दायरामा ल्याई त्यसको व्यावसायिक उत्पादन, ब्राण्डिङ् तथा बजारीकरणको लागि अनुसन्धान कार्य भैरहेको छ।

**३. आयोजना कार्यान्वयन गर्ने निकायः गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान**

१. प्रतिष्ठानको १६० रोपनी क्षेत्रफलमा पूर्वाधार विकासको लागि डि.पि.आर. निर्माण

२. छोटो अवधिको ३ वटा तालिम सम्पन्न भएको जसबाट ७४ जनाले तालिम प्राप्त गरेका।

३. लामो अबधिको एक र छोटो अबधिको दुइ वटा पाठ्यक्रम निर्माण सम्पन्न।

## ४.७ खेलकुद

**एक स्थानीय तह एक खेल मैदान**

२३३ खेलमैदान निर्माण तथा स्तरोन्नतिको लागि आवश्यक बजेट विनियोजन गरी खेलकुद गतिविधिलाई प्रबर्द्धन गरिएको र सो मध्ये ८६ प्रतिशत खेलमैदान निर्माण सम्पन्न भएको ।

## ४.८ सूचना प्रविधि पार्क निर्माण आयोजना

**सूचना प्रविधि पार्क निर्माण आयोजना**

**आयोजना कार्यान्वयन गर्ने निकायः कानून, सञ्चार तथा प्रदेशसभा मामिला मन्त्रालय**

पोखरा महानगरपालिका वडा नं १८ जामुनबोटमा ९६ रोपनी जग्गाको भोगाधिकार प्राप्त भै सूचना प्रविधि पार्क निर्माणको लागि सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरिएको तथा विस्तृत परियोजना प्रतिवेदन तयार गर्न EOI सूचना प्रकाशन भै सूचीकृत भएका परामर्शदाताहरूसँग प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिएको। पूर्वाधार निर्माणतर्फ पर्खाल निर्माण कार्य भै रहेको।

## ४.९ खानेपानी तथा सरसफाइ

**एक घर एक धारा खानेपानी**

**आयोजना कार्यान्वयन गर्ने निकायः उर्जा, जलस्रोत, तथा खानेपानी मन्त्रालय**

आ.व. २०७८/७९ मा २७७ वटा क्रमागत योजना सम्पन्न भई एक घर एक धारा खानेपानी उपलब्ध गराउने कार्यक्रमतर्फ हालसम्म १०४७९० घरधुरीमा आधारभूत खानेपानी पुगेको। आधारभूत खानेपानी पहुँच जनसंख्या ९३.७४ प्रतिशत पुगेको। उच्च मध्यमस्तरको खानेपानी सुविधा पुगेको परिवार २१ प्रतिशत पुगेको।

## ४.१० उर्जा

**उज्यालो गण्डकी प्रदेश कार्यक्रम**

**आयोजना कार्यान्वयन गर्ने निकायः उर्जा, जलस्रोत, तथा खानेपानी मन्त्रालय**

उज्यालो गण्डकी प्रदेश कार्यक्रम अन्तर्गत बत्ती बाल्न आधुनिक उर्जाको प्रयोग गर्ने घरधुरी संख्या ९९.५ प्रतिशत पुगेको छ। ५७४७९८ घरधुरीमा विद्युत सुविधा पुगेको, २८८४ घरधुरीमा विद्युत सुविधा पुग्न बाँकी रहेको।

## ४.११ स्वास्थ्य

### मुटु, मृगौला र क्यान्सरको एकीकृत प्रदेश अस्पताल

**आयोजना कार्यान्वयन गर्ने निकायः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

मुटु, मृगौला र क्यान्सरको एकीकृत प्रदेश अस्पताल निर्माण गरी जनतालाई स्वास्थ्य सेवा सहज रुपमा उपलब्ध गराउने कार्यक्रम रहेको। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मुटु, मृगौला र क्यान्सर रोगको विशिष्टिकृत सेवा सञ्चालन भएको वित्तीय प्रगति ८८.०६ तथा भौतिक प्रगति शत प्रतिशत रहेको छ। प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र मार्फत डायलायसिस मेसिन, RO Machine र Cath Lab Accessories खरिद गरी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हस्तान्तरण गरिएको।

## ४.१२ सडक पूर्वाधार

**तालिकाः ४.२ आयोजना कार्यान्वयन गर्ने निकायः भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय**

| आयोजनाको नाम | योजना संख्या | कुल लम्बाइ (कि.मी.) | निर्माणाधीन लम्बाइ (कि.मी.) | सम्पन्न लम्बाइ (कि.मी.) | सम्झौता रकम (रू हजारमा) | खर्च (रू हजारमा) | खर्च % |
|---|---|---|---|---|---|---|---|
| एक निर्वाचन क्षेत्र एक सडक | ३५ | ६१५.८ | ३६९.७०५ | ११३.४१ | ९२,६५,९६६ | ६४,६६,०१३ | ६९.७८ |
| स्थानीय तहका केन्द्र जोड्ने कार्यक्रम | ११ | १०५.७ | ९५.६९ | १३.२४ | २५,०५,५७० | १८,७४,५२२ | ७४.८१ |
| पोखरा-डेडगाउँ-दुम्कीवास-त्रिवेणी सडक निर्माण आयोजना (खण्डहरू) | ६ | ६३ | २९ | १८ | ७,२५,९०० | ३,७३,८४४ | ५१.५ |
| शालिग्राम करिडोरका खण्डहरू | ४ | ८० | ४४ | १३ | ७,२९,०९२ | ३,६७,६०१ | ५०.४२ |

## नेपाल सरकारसँग स्रोत माग गरिएका रुपान्तरणकारी प्रदेश गौरवका आयोजना

### रूपान्तरणकारी योजना

| कार्यक्रमको नाम | प्रगति तथा कार्यान्वयनको अवस्था |
|---|---|
| पोखरा-डेडगाउँ-दुम्कीवास-त्रिवेणी सडक निर्माण आयोजना (खण्डहरू) | ६८.१३ प्रतिशत वित्तीय प्रगति रहेको |
| (क) खैरेनिटार- भिमाद(संघ) | संभावित रणनैतिक सडक खण्ड (सडक विभाग) |
| (ख) भिमाद- मानपुर (प्रदेश) | ११ कि.मी. सडक Ottaseal भएको, Double Lane बनाउनका लागि DPR तयारी चरणमा। |
| (ग) मानपुर- डेढगाउँ (प्रदेश) | ६ कि.मी. नाली निर्माण (Double Lane) |
| (घ) डेढगाउँ - झ्यालबास (प्रदेश) | १२ कि.मी. सडकको समझौताको चरणमा| बाँकी १६ कि.मी. खण्डका लागि थप बजेट व्यवस्थापन गर्नुपर्ने। |
| (ङ) झ्यालबास- चोरमारा (प्रदेश) | ६ कि.मी. ग्राभेल, ६ कि.मी. नाली निर्माण |
| (च) दुम्कीवास-त्रिवेणी (प्रदेश) | DoR बाट Feasibility Study हुँदै |
| शालिग्राम करिडोर  लोकमार्ग (प्रदेश) (८० कि.मी.) | ६४.९७ प्रतिशत वित्तीय प्रगति रहेको |
| (क) बैडी घिरिङ्ग देबघाट प्रथम खण्ड, (तनहूँ) (०+०००-२१+५६५) | उपलब्धिः १३ कि.मी. ग्राभेल सडक, १० कि.मी. सडक चौडा (भौ.प्र.-६०%) |
| (ख) बैडी घिरिङ्ग देबघाट दोश्रो खण्ड, (तनहूँ) (२१+५६५-३१+५६५) | उपलब्धिः ४ कि.मी. सडक चौडा (भौ.प्र.-६०%) |
| (ग) दासढुङ्गा - देउपुर सडक खण्ड, (तनहूँ) (३१+५६५-३७+५६५) | उपलब्धिः ४ कि.मी. पक्कि सडक, ३ कि.मी. ग्राभेल, ६ कि.मी. सडक चौडा (भौ.प्र.-७२%) |
| (घ) मालुङ्गा बास्टारी रानीघाट रूद्रबेनी सेतिबेनी फलेबास-कुस्मा, (स्याङ्गजा-पर्वत खण्ड) (३७+५६५-४३+५६५) | उपलब्धिः ४०० घ.मी. Gabion Works (भौ.प्र.-१०%) |

# परिच्छेद पाँचः वार्षिक विकास कार्यक्रमका मुख्य उपलब्धिहरू

## ५.१ गण्डकी प्रदेश सरकारको भौतिक प्रगति

आयोजना कार्यान्वयनको भौतिक प्रगतिका आधारमा मन्त्रालयगत रुपमा ६ वर्गमा विश्लेषण गर्दा ४२.४ प्रतिशत आयोजनाहरूको प्रगति ९० प्रतिशत भन्दा माथि रहेको र १३.३ प्रतिशत आयोजनाहरू ४० प्रतिशत भन्दा कम प्रगति भएको देखिन्छ भने १२.८ प्रतिशत आयोजनाहरू शुरु नै हुन नसकेको देखिएको छ। प्रदेश सरकारको कार्य विभाजन नियमावली आ.व. को करिब अन्तमा परिवर्तन भएको र साविकको मन्त्रालयहरूबाट अधिकांश कार्य सम्पादन भएको कारणले यस खण्डमा कतिपय जानकारीहरू साविकका मन्त्रालयकै नाममा तथा कतिपय विवरणहरू हालका मन्त्रालयको नाममा उल्लेख गरिएको छ।

## ५.२ गण्डकी प्रदेश सरकारको वित्तीय प्रगति

गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ मा समग्र रुपमा खर्चको प्रगति ७३.६३ प्रतिशत थियो। आर्थिक वर्ष २०७८/७९ मा गण्डकी प्रदेश सरकारको वित्तीय प्रगति चालुतर्फको प्रगति ६०.४४ प्रतिशत र पुँजीगततर्फको प्रगति ७८.१५ प्रतिशत र कुल ७०.४३ प्रतिशत वित्तीय प्रगति भएको छ।

**तालिका नं. ५.१ आर्थिक वर्ष २०७७/७८ मा गण्डकी प्रदेश सरकारको वित्तीय प्रगति (रु. हजारमा)**

| विवरण | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|
| शुरु विनियोजन | १३,०८,२०,६७ | १६,७३,४६,३३ | २४०००० | ३००५६७०० |
| थप/घट | -४७,७८,५७ | १,७७,४०,४२ | | १२९६१८५ |
| जम्मा विनियोजन | १२,६०,४२,१० | १८,५०,८६,७५ | २४०००० | ३१३५२८८५ |
| जम्मा खर्च | ७,६१,८०,०३ | १४,४६,४५,४१ | | २२०८२५४४ |
| शुरु विनियोजनमा खर्च % | ५८.२३ | ८६.४३ | | ७३.४७ |
| जम्मा विनियोजनमा खर्च % | ६०.४४ | ७८.१५ | | ७०.४३ |

*स्रोतः अर्थ मन्त्रालय, गण्डकी प्रदेश*

## ५.३ मन्त्रालयगत खर्चको विवरण

आर्थिक वर्ष २०७८/७९ मा मन्त्रालय/निकायको लागि विनियोजन गरिएको निकायगत बजेट, रकमान्तर भई थप/घट भएको रकम विवरण र यस आर्थिक वर्षमा भएको खर्चको विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका ५.२ आर्थिक वर्ष २०७८/७९ मा गण्डकी प्रदेशका मन्त्रालय र निकायगत वित्तीय प्रगति**

**(रु. हजारमा)**

| मन्त्रालय/निकायको नाम | विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|---|
| प्रदेश व्यवस्थापिका | जम्मा विनियोजन | १५४९१८ | ३२२०० | १८७११८ |
| | खर्च | १०६०६३ | २५७०२ | १३१७६४ |
| | खर्च प्रतिशत | ६८.४६ | ७९.८२ | ७०.४२ |
| प्रदेश लोक सेवा आयोग | जम्मा विनियोजन | ११६२२७ | १५००० | १३१२२७ |
| | खर्च | ९४७८३ | १३९७९ | १०८७६३ |
| | खर्च प्रतिशत | ८१.५५ | ९३.२ | ८२.८८ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | जम्मा विनियोजन | १४४९९ | १००० | १५४९९ |
| | खर्च | ११२६६ | २८७ | ११५५३ |
| | खर्च प्रतिशत | ७७.७ | २८.७२ | ७४.५४ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | जम्मा विनियोजन | १२३८०२२ | २३४२५० | १४७२२७२ |
| | खर्च | ६२३०२० | २११०२१ | ८३४०४१ |
| | खर्च प्रतिशत | ५०.३२ | ९०.०८ | ५६.६५ |
| अर्थ मन्त्रालय | जम्मा विनियोजन | १७०५९४ | १५०३० | १८५६२४ |
| | खर्च | ७६३७४ | ५५२० | ८१८९४ |
| | खर्च प्रतिशत | ४४.७७ | ३६.७३ | ४४.१२ |
| पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | जम्मा विनियोजन | १९२९७५ | २८०६८५ | ४७३६६० |
| | खर्च | १३६५८३ | २१२९६५ | ३४९५४८ |
| | खर्च प्रतिशत | ७०.७८ | ७५.८७ | ७३.८ |
| भूमि व्यवस्था. कृषि सहकारी तथा गरीबी निवारण मन्त्रालय | जम्मा विनियोजन | १८५९६४७ | २८७०२९ | २१४६६७६ |
| | खर्च | १३७२३२२ | २०७९९३ | १५८०३१६ |
| | खर्च प्रतिशत | ७३.७९ | ७२.४६ | ७३.६२ |
| कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय | जम्मा विनियोजन | ६४४९० | ८२४००० | ८८८४९० |
| | खर्च | ४००६८ | ६०६८१२ | ६४६८८० |
| | खर्च प्रतिशत | ६२.१३ | ७३.६४ | ७२.८१ |
| वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय | जम्मा विनियोजन | ६१३१८० | ३०६०६७ | ९१९२४७ |
| | खर्च | ४४०६८५ | २५७०३० | ६९७७१५ |
| | खर्च प्रतिशत | ७१.८७ | ८३.९८ | ७५.९ |

| मन्त्रालय/निकायको नाम | विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|---|
| भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय | जम्मा विनियोजन | ३७०८७१ | ९२७२५३८ | ९६४३४०९ |
| | खर्च | २५३१७८ | ६८८७५४८ | ७१४०७२६ |
| | खर्च प्रतिशत | ६८.२७ | ७४.२८ | ७४.०५ |
| उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | जम्मा विनियोजन | २६९०२२ | ५३८८९०९ | ५६५७९३१ |
| | खर्च | २०१७२० | ४८६९७३६ | ५०७१४५६ |
| | खर्च प्रतिशत | ७४.९८ | ९०.३७ | ८९.६३ |
| शिक्षा, संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | जम्मा विनियोजन | १२८४२२१ | ९०९५५० | २१९३७७१ |
| | खर्च | ८४७९९७ | ६८२३२३ | १५३०३२० |
| | खर्च प्रतिशत | ६६.०३ | ७५.०२ | ६९.७६ |
| युवा तथा खेलकुद मन्त्रालय | जम्मा विनियोजन | २१०१४२ | १९०७०० | ४००८४२ |
| | खर्च | ७४९७३ | १५१४१५ | २२६३८८ |
| | खर्च प्रतिशत | ३५.६८ | ७९.४ | ५६.४८ |
| प्रदेश नीति तथा योजना आयोग | जम्मा विनियोजन | २८७३३ | ७४९९ | ३६२३२ |
| | खर्च | १७१५१ | ६०९१ | २३२४२ |
| | खर्च प्रतिशत | ५९.६९ | ८१.२३ | ६४.१५ |
| स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | जम्मा विनियोजन | २३१८६३० | ४४७७३६ | २७६६३६६ |
| | खर्च | १६०४६३४ | ३२४४०२ | १९२९०३६ |
| | खर्च प्रतिशत | ६९.२१ | ७२.४५ | ६९.७३ |
| अर्थ-वित्तीय व्यवस्था | जम्मा विनियोजन | ० | ० | २४०,००० |
| | खर्च | | | |
| | खर्च प्रतिशत | | | |
| अर्थ- आन्तरिक ऋण भुक्तानी | जम्मा विनियोजन | ५,००० | | ५,००० |
| | खर्च | | | |
| | खर्च प्रतिशत | | | |
| कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | जम्मा विनियोजन | ३००० | | ३,००० |
| | खर्च | | | |
| | खर्च प्रतिशत | | | |
| अर्थ-विविध | जम्मा विनियोजन | १५९८०७८ | ३१७२८२ | १९१५३६० |
| | खर्च | | | |
| | खर्च प्रतिशत | | | |

| मन्त्रालय/निकायको नाम | विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|---|
| स्थानीय तह | जम्मा विनियोजन | २०९१९६१ | ० | २०९१९६१ |
| | खर्च | १७३०७७६ | ० | १७३०७७६ |
| | खर्च प्रतिशत | ८२.७३ | | ८२.७३ |
| | जम्मा विनियोजन | १२६०४२१० | १८५२९४७५ | ३१३७३७ |
| | खर्च | ७६३१५९२ | १४४६२८२४ | ० |
| | खर्च प्रतिशत | ६०.५५ | ७८.०५ | ७०.४२ |

*स्रोतः प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश*

आर्थिक वर्ष २०७८/७९ मा मन्त्रालय/निकायगत विनियोजन भएको कुल बजेट मध्ये आर्थिक वर्षको अन्त्यसम्मको अवधिमा प्रदेश व्यवस्थापिकाबाट ७०.४२ प्रतिशत, प्रदेश लोकसेवा आयोगबाट ८२.८८ प्रतिशत, मुख्य न्यायाधिवक्ताको कार्यालयबाट ७४.५४ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट ५६.६५ प्रतिशत, अर्थ मन्त्रालयबाट ४४.१२ प्रतिशत, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट ७३.८ प्रतिशत, भूमि व्यवस्था. कृषि सहकारी तथा गरीबी निवारण मन्त्रालयबाट ७३.६२ प्रतिशत, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयबाट ७२.८१ प्रतिशत, वन, वातावरण तथा भूसंरक्षण मन्त्रालयबाट ७५.९ प्रतिशत, भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयबाट ७४.०५ प्रतिशत, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयबाट ८९.६३ प्रतिशत, शिक्षा, संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयबाट ६९.७६ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयबाट ५६.४८ प्रतिशत, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट ६९.७३ प्रतिशत र प्रदेश नीति तथा योजना आयोगबाट ६४.१५ प्रतिशत रकम खर्च भएको छ। स्थानीय तहबाट ८२.७३ प्रतिशत समेत गरी समग्रमा विनियोजनको ७०.४२ प्रतिशत खर्च भएको छ।

मन्त्रालयगत/निकायगत अन्तर्गत तुलनात्मक रुपले हेर्दा चालुतर्फ सबैभन्दा बढी खर्च प्रदेश लोक सेवा आयोगको (८१.५५ प्रतिशत) रहेको छ भने सबैभन्दा कम खर्च युवा तथा खेलकुद मन्त्रालयको (३५.६८ प्रतिशत) रहेको छ। यसै गरी पुँजीगततर्फ सबैभन्दा बढी खर्च प्रदेश लोक सेवा आयोगको (९३.२ प्रतिशत) रहेको छ भने सबैभन्दा कम खर्च मुख्य न्यायाधिवक्ताको कार्यालयको (२८.७२ प्रतिशत) रहेको छ।

## ५.४ मन्त्रालय/निकायहरूको मुख्य उपलब्धि

### ५.४.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

#### क. वित्तीय प्रगति

**तालिका ५.३ वित्तीय प्रगति (रु. हजारमा)**

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| जम्मा विनियोजन | ५२,५३,६० | २,९५,०० | ५५,४८,६० |
| खर्च | २१,८०,७६ | १,८९,८६ | २३,७०,६३ |
| खर्च प्रतिशत | ४१.५१ | ६४.३६ | ४२.७२ |

#### ख. मुख्य उपलब्धि

१. डिजिटल नेपाल राष्ट्रिय लक्ष्य अनुसार डिजिटल गण्डकी प्रदेशको अवधारण स्वीकृत गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै लगिएकोः (Data Digitization, PPIS, Online Monitoring system, web portal निर्माण आदि)।

२. हेल्लो मुख्यमन्त्री कार्यक्रमको छुट्टै वेब पोर्टल र मोबाईल एप सञ्चालन भएको

३. श्रीकृष्णागण्डकी नदी क्षेत्र विकासको पूर्व संभाव्यता अध्ययन प्रतिवेदन २०७८ प्राप्त भई प्रतिवेदनले सिफारिश गरेका परियोजनालाई साधन स्रोतको आधारमा क्रमशः लागु गर्दै जान प्रदेश सरकारको नीति तथा कार्यक्रममा समावेश गरिएको ।

४. बिदा पर्यटन कार्यक्रम मार्फत् ६५५ जना कर्मचारी सहभागी भई प्रदेशको आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुगेको र कर्मचारीमा सकारात्मक उत्प्रेरणा प्रवाह भएको।

५. विपद् प्रभावित क्षेत्रहरूमा माननीय मुख्यमन्त्री आफैं पुगेर निरीक्षण गरी राहत वितरण गर्नुभएको।

६. माननीय मुख्यमन्त्रीसँग विभिन्न देशका महामहिम राजदुत/विदेशी नियोगका निर्देशक/प्रतिनिधिको शिष्टाचार भेटघाटमा यस प्रदेशका सम्भावना एवम् आपसी सहयोगका विषयमा छलफल भएको।

७. माननीय मुख्यमन्त्रीसहितको भ्रमण टोलीले मधेश प्रदेशको भ्रमण गरी अनुभव आदानप्रदान गरिएको, साथै मधेश प्रदेशका माननीय मुख्यमन्त्रीले गण्डकी प्रदेशको भ्रमण गर्नुभएको।

८. माननीय मुख्यमन्त्रीबाट प्रदेशका महत्वपूर्ण आयोजनाको स्थलगत निरीक्षण भ्रमण गर्नुभएको।

९. विशिष्ट व्यक्ति सम्मान कार्यविधि, २०७८ स्वीकृत गरी सोही बमोजिम सम्मान प्रदान गरिएको।

१०. नमूना कार्यालय छनौट कार्यविधि अनुसार ११ जिल्लाका ११४ र प्रदेश मन्त्रालय/आयोग/प्रतिष्ठान १० वटा गरी जम्मा १२४ कार्यालयहरूको मूल्याङ्कन गरी १३ वटा कार्यालयहरूलाई पुरस्कृत गरिएको।
११. सवारी साधनको प्रयोगसम्बन्धी मापदण्ड प्रतिवेदन तयार गरिएको र मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा गएको।
१२. व्यवसाय जीवन रक्षा कोष कार्यविधि संशोधन गरी सोही वमोजिम कर्जा प्रवाह गर्ने कार्यका लागि नेपाल राष्ट्र बैकसँग समन्वय गरिएको। हालसम्म १४०४ जना व्यवसायीले कर्जा प्राप्त गरेका।
१३. सघन अनुगमन कार्यक्रम मार्फत १० वटा जिल्लाका ३८ वटा आयोजना/कार्यक्रम, ८ वटा कार्यालय र १० वटा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
१४. प्रदेश र स्थानीय तहको साझेदारीमा १० स्थानीय तहमा नवप्रवर्तन साझेदारी कोष कार्यक्रम सञ्चालन गरिएको।
१५. कार्यालयकोतर्फबाट ५५ प्रस्तावहरू तयार गरी मन्त्रिपरिषद्मा पेश गरिएको।
१६. विभिन्न मन्त्रालयबाट राय/सहमतिका लागि आएका ९ वटा फाइलहरू अध्ययन गरी सहमति प्रदान गरिएको। (O & M पूर्वस्वीकृति र प्रतिवेदन पेश गर्नका लागि समेत)
१७. ८५ वटै पालिकाका नवनिर्वाचित प्रतिनिधिहरूको लागि स्थानीय सरकार सञ्चालन तथा स्थानीय विकास सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।

### ५.४.२ अर्थ मन्त्रालय

**क. वित्तीय प्रगति**

**तालिका ५.४ वित्तीय प्रगति (रु. हजारमा)**

| विवरण | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|
| जम्मा विनियोजन | १२,६०,४२,१० | १८,५०,८६,७५ | २४,००,०० | ३१,३५,२८,८५ |
| खर्च | ७,६१,८०,०३ | १४,४६,४५,४१ | ० | २२,०८,२५,४४ |
| खर्च प्रतिशत | ६०.४४ | ७८.१५ | | ७०.४३ |

तालिका ५.५ स्रोतगत वित्तीय प्रगति (रु. हजारमा)

| विवरण | प्रदेश | समानीकरण | सशर्त | विशेष | समपूरक |
|---|---|---|---|---|---|
| शुरु विनियोजन | १६,७८,७०,०० | ७,४२,२८,०० | ४,१८,४३,०० | ५४,९०,०० | ८७,३६,०० |
| थप/घट | ० | ० | १,२९,६१,८५ | ० | ० |
| जम्मा विनियोजन | १६,७८,७०,०० | ७,४२,२८,०० | ५,४८,०४,८५ | ५४,९०,०० | ८७,३६,०० |
| जम्मा खर्च | ११,१९,८०,९० | ६,०८,२४,५७ | ३,९८,२४,९८ | ४३,७३,०३ | ३८,२१,९६ |
| शुरु विनियोजनमा खर्च % | ६६.७१ | ८१.९४ | ९५.१८ | ७९.६५ | ४३.७५ |
| जम्मा विनियोजनमा खर्च % | ६६.७१ | ८१.९४ | ७२.६७ | ७९.६५ | ४३.७५ |

तालिका ५.६ स्थानीय तहमा वित्तीय हस्तान्तरण (रु. हजारमा)

| विवरण | विनियोजन भएको रकम | खर्च/हस्तान्तरण | प्रतिशत |
|---|---|---|---|
| समानीकरण अनुदान | १,१०,००,०० | १,१०,००,०० | १००.०० |
| सशर्त अनुदान | २८,५५,६६ | १९,५८,७९ | ६८.५९ |
| विशेष अनुदान | १२,६८,२८ | ८,०१,५० | ६३.२० |
| समपूरक अनुदान | ५७,९५,६७ | ३५,०७,४७ | ६०.५२ |
| जम्मा | २,०९,१९,६१ | १,७२,६७,७६ | ८२.५४ |

तालिका ५.७ अर्थ मन्त्रालयको वित्तीय प्रगति (रु. हजारमा)

| शीर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | १७०५९४ | ७६३७३ | ४४.७७ |
| पुंजीगत | १५०३० | ५५१९ | ३६.७३ |
| जम्मा | १८५६२४ | ८१८९३ | ४४.१२ |

**तालिका ५.८ राजस्व परिचालन अवस्था (रु. हजार)**

| क्र.स. | स्रोत | लक्ष्य | प्राप्ती | प्रगती(%) |
|---|---|---|---|---|
| १. | आन्तरिक राजस्व | ५,६०,००,०० | ३,८०,८५,१८ | ६८.०१ |
| २. | समानीकरण अनुदान | ७,४२,२८,०० | ७,४२,२८,०० | १००.०० |
| ३. | सशर्त अनुदान | ४,१८,४३,०० | ५,०२,९०,८० | १२०.१९ |
| ४. | विशेष अनुदान | ५४,९०,०० | ५४,९०,०० | १००.०० |
| ५. | समपूरक अनुदान | ८७,३६,०० | ८७,३६,०० | १००.०० |
| ६. | भ्याट | ५,७२,०२,५० | ५,६६,७१,८१ | ९९.०७ |
| ७. | अन्तःशुल्क | १,९०,६७,५० | १,८३,५४,२४ | ९६.२६ |
| ८. | रोयल्टी | ३०,००,०० | २५,१८,८५ | ८३.९६ |
| ९. | ऋण | २,००,००,०० | ० | ०.०० |
| १०. | नगद मौज्दात | २,१०,००,०० | २,२०,१५,४० | १०४.८४ |
| ११. | सवारी साधन कर बाँडफाँट (-) | -६०,००,०० | -५९,२८,६७ | ९८.८१ |
| | जम्माः | ३०,०५,६७,०० | २७,०४,६१,६१ | ८९.९८ |

**ख. मुख्य उपलब्धि**

**स्रोत परिचालनका लागि भएका प्रयास**

१. सवारी चालक अनुमति पत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ कार्यान्वयन ल्याई यातायात क्षेत्रमा कोभिड-१९ लगायतको कारण लामो समयदेखि रोकिएको सवारी चालक अनुमति पत्र वितरण कार्यलाई सहजता प्रदान गरिएको, जसका कारण राजस्व संकलन सुधारोन्मुख देखिएको छ।

२. घरजग्गाको न्यूनतम मूल्याङ्कन वास्तविक कारोबार मूल्य भन्दा अत्यन्त कम भई राजस्व चुहावट भएको देखिंदा मालपोत कार्यालयबाट न्यूनतम मूल्याङ्कनका आधारमा भईरहेको घरजग्गाको कारोबारलाई वास्तविक कारोबार मूल्यसँग फरक नपर्ने गरी न्यूनतम मूल्याङ्कलाई पुनरावलोकनका लागि जिल्ला प्रशासन, नापी र मालपोत कार्यालयसँग समन्वय गरिएको छ।

३. नेपाल सरकारबाट प्राप्त हुने अनुदानवापतको रकम लक्ष्य बमोजिम प्राप्त भएको छ। आगामी दिनमा वित्तीय समानीकरण र बाँडफाँट भई प्राप्त हुने राजस्वको हिस्सा वृद्धि गर्न साथै तोकिएको समयमै प्राप्त गर्न नेपाल सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग समन्वय गरिएको छ।

### ५.४.३ कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय

### क. वित्तीय प्रगति

**तालिका ५.९ वित्तीय प्रगति (रु. हजारमा)**

| विवरण | चालु | पुंजीगत | जम्मा |
|---|---|---|---|
| जम्मा विनियोजन | ६४४९० | ८२४००० | ८८८४९० |
| खर्च | ४००६८ | ६०८२४५ | ६४८३१३ |
| खर्च प्रतिशत | ६२.१३ | ७३.८ | ७२.९ |

### ख. मुख्य उपलब्धि

**१. सञ्चार तथा सूचना प्रविधि प्रवर्द्धन कार्यक्रम**

१. सूचना प्रविधि पार्कको भौतिक संरचना निर्माण कार्य भौतिक रुपमा ४४ प्रतिशत तथा वित्तीय रुपमा ४२ प्रतिशत काम सम्पन्न भएको।

२. चेतनामूलक सूचना/कार्यक्रम उत्पादन तथा वितरण गरिएको।

३. १८० वटा सञ्चार माध्यमहरू सूचीकृत भै लोककल्याणकारी सूचना प्रकाशन/प्रसारण भएकोमा १६७ सञ्चार माध्यमलाई नियमानुसार रकम भुक्तानी गरिएको।

४. सूचना/संचार प्रविधि प्रवर्धन कार्यक्रम २ वटा कार्यक्रम सम्पन्न गरिएको।

५. फोनिज गण्डकी प्रदेश मार्फत पत्रकारको पेशागत क्षमता अभिवृद्धि अन्तर्गत कास्कीको घाचोकमा, स्याङ्जाको सिरुवारीमा र बाग्लुङको ढोरपाटनमा २ दिवसीय कार्यक्रम सम्पन्न भएको।

६. पत्रकार महासंघ कास्की मार्फत पुस्तकालयका लागि पुस्तक खरिद इ-लाईब्रेरी, मिडिया सेन्टर तथा पत्रकारिता विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको।

७. संसदीय पत्रकार मञ्चको क्षमता अभिवृद्धि र सामग्री खरिद कार्यक्रम सम्पन्न भएको।

८. पत्रकार महासंघ प्रदेश समिति मार्फत कार्यान्वयन हुने गरी पत्रकारको क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत पत्रकार महासंघ प्रदेश समिति मार्फत ११ जिल्लामा कार्यक्रम सम्पन्न गरिएको।

९. रेडियो टेलिभिजन कार्यक्रम उत्पादन प्रसारण तथा अनलाईन र पत्रपत्रिकाको लेखन प्रोत्साहन अन्तर्गत स्वीकृत अवधारणा बमोजिम उत्पादन तथा प्रसारणको लागि शिलवन्दी दरभाउपत्र माग गरी आशयको सूचना जारी गरिएकोमा समय अभावका कारण प्रकृया रद्द गरिएको।

१०. पत्रकार महासंघको भवन निर्माण

११. भवन निर्माणका सम्बन्धित जिल्लाका पूर्वाधार विकास कार्यालयमा बजेट पठाइएको तथा

गोरखा, लमजुङ र स्याङ्जा जिल्लामा भवन निर्माणको लागि अख्तियारी प्रदान गरिएको।

१२. प्रदेश डाटा सेन्टर/सर्भर खरिद

१३. जग्गाको खोजी गर्न नापी कार्यालयका प्रतिनिधि रहेको टोली गठन गरीएकोमा टोली बाट प्रतिवेदन प्राप्त भै जग्गाको भोगाधिकार प्राप्त गर्न पोखरा उपत्यका नगर विकास समितिलाई पत्राचार गरिएको। हालसम्म भोगाधिकार प्राप्त हुन नसकेको।

१४. सूचना प्रविधि पार्कको सम्भाव्यता अध्ययन

१५. परामर्श खरिदका लागि दोस्रो पटक EOI सूचना प्रकाशन भै सूचीकृत भएका परामर्शदातासँग प्रस्ताव माग गरिएको।

## ३. स्थानीय तहको कानून तर्जुमामा सहजीकरण

१. कानून तर्जुमा तथा कार्यान्वयन सहजीकरण कार्यक्रम

२. कानून तर्जुमा (अध्ययन अनुसन्धान, मस्यौदा तर्जुमा, गोष्ठी तथा सेमिनार)

३. तर्जुमा कार्य निरन्तर भैरहेको। प्रदेश कानून पुनरावलोकन समितिले प्रदेश कानूनको पुनरावलोकन गरी केही गण्डकी प्रदेश कानून संशोधन गर्ने विधेयक गण्डकी प्रदेश सभामा दर्ता गरिएको।

४. स्वीकृत अवधारणा पत्र बमोजिम स्याङ्जाको वालिङ नगरपालिकामा तथा तनहुँको भिमाद नगरपालिकामा कार्यक्रम सम्पन्न गरिएको।

६. कानूनको कार्यान्वयन सम्बन्धी अध्ययन तथा अनुगमन

७. गोरखा, तनहुँ, बाग्लुङ, पर्वत, म्याग्दी र स्याङ्जा जिल्लामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको।

८. न्यायिक समिति तथा कानून तर्जुमामा संलग्न कर्मचारीको क्षमता अभिवृद्धि

९. कानून तर्जुमामा संलग्न कर्मचारीको क्षमता अभिबृद्धिका लागि एक हप्ते तालिम सम्पन्न गरिएको, मुस्ताङ जिल्लाको थासाङ गाउँपालिकामा क्षमता अभिबृद्धि तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको तथा न्यायिक समितिका संयोजक हरूलाई २ दिने क्षमता अभिबृद्धि तालिम सम्पन्न गरिएको।

## कानून सम्पादन, प्रकाशन तथा वितरण कार्यक्रम

१. प्रदेश कानून प्रकाशन (ऐन संग्रह, नियम संग्रह, कार्यविधि, निर्देशिका सम्पादन)

२. प्रदेश कानून तथा प्रदेश नियमावली संग्रह प्रकाशन गरिएको।

३. राजपत्र सम्पादन तथा प्रकाशन

४. राजपत्र नियमित रुपमा सम्पादन तथा प्रकाशन गरिएको। अतिरिक्ताङ्क ३४, संख्या-५ वटा प्रकाशन भएका।

**मानव अधिकार तथा कानुनी सहायता कार्यक्रम**

१. मानव अधिकार, अन्तर्राष्ट्रिय मानवीय कानून तथा अन्य कानूनी व्यवस्था सम्बन्धी सचेतना कार्यक्रम (सुरक्षाकर्मी समेत)

२. स्वीकृत अवधारणा पत्र बमोजिम तनहुँ जिल्लाको घिरिङ गाउँपालिकास्थित चन्द्र ज्योति मा.वि., पर्वत जिल्लाको मोदी गाउँपालिकास्थित जन नेत्र मा.वि., लमजुङको भैरव काली मा.वि. तथा म्याग्दी जिल्लाको बेनी सामुदायिक मा.वि. मा सचेतना कार्यक्रम सम्पन्न गरिएको। साथै क्रियाशिल महिला पत्रकार तथा खेलकुद पत्रकार मञ्च मार्फत अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको।

३. निशुल्क कानूनी सहायता (संघ तथा स्थानीय तहसँग सहकार्य)

४. पोखरा उच्च अदालत बार एशोसिएसन महिला समिति मार्फत अन्तर्क्रिया गोष्ठी सम्पन्न गरिएको।

**समन्वय तथा सहजीकरण कार्यक्रम**

१. सूचनाको हक सम्बन्धी प्रवोधिकरण कार्यक्रम

२. प्रदेशका विभिन्न निकायमा कार्यरत सूचना अधिकारी तथा सूचनाको हक सम्बन्धी अभियन्ताको सहभागितामा २ दिने प्रवोधिकरण कार्यक्रम सम्पन्न गरिएको। तथा संचारीका समूह कास्कीद्वारा २ दिने सूचनाको हक सम्बन्धी प्रवोधिकरण कार्यक्रम सम्पन्न भएको।

३. विपद् उद्दार उपकरण खरिद (क्रमागत)

४. सामग्री खरिद गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हुँदै नेपाली सेना तथा सशस्त्र प्रहरी बल लाई हस्तान्तरण गरिएको।

५. निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम

६. नियमावली बमोजिम सम्पूर्ण रकम भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई अख्तियारी प्रदान गरिएको।

७. विपद् उद्दार उपकरण खरिद (क्रमागत)

८. सामग्री खरिद गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हुँदै नेपाली सेना तथा सशस्त्र प्रहरी बल लाई हस्तान्तरण गरिएको।

## ५.४.४ भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय

### क. वित्तीय प्रगति

तालिका ५.१० वित्तीय प्रगति (रु. हजारमा)

| विवरण | चालु | पुंजीगत | जम्मा |
|---|---|---|---|
| जम्मा विनियोजन | ३७०८७१ | ९२५१७३८ | ९६२२६०९ |
| खर्च | २५३०८७ | ६८८६४४९ | ७१३९५३६ |
| खर्च प्रतिशत | ६८.२४ | ७४.४३ | ७४.२० |

**प्रशासनिक भवन तथा सहरी विकास**

**आयोजना कार्यान्वयन गर्ने निकायः भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय**

तालिका ५.११ सडकको विवरण

| क्र.सं. | उपलब्धि | एकाइ | आ.व. ०७७/७८ सम्मको जम्मा उपलब्धि | आ.व. ०७८/७९ सम्मको जम्मा उपलब्धि | हालसम्मको |
|---|---|---|---|---|---|
| १ | सडक कालोपत्रे | कि.मी. | ३२९ | १६५ | ४९४ |
| २ | ग्रावेल सडक | कि.मी. | ४०४ | ११७ | ५२१ |
| ३ | सडक पुल | गोटा | ४३ | २९ | ७२ |
| ४ | झो.पु. | गोटा | ३१ | २० | ५१ |

## ५.४.५ उर्जा, जलस्रोत, तथा खानेपानी मन्त्रालय

### क. वित्तीय प्रगति

तालिका ५.१२ वित्तीय प्रगति (रु. हजारमा)

| क्र. सं. | कार्यक्रम | वार्षिक लक्ष्य | | प्रगति | | | | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| | | विनियोजित बजेट | योजना संख्या | खर्च | सम्पन्न योजना संख्या | भौतिक | वित्तीय | |
| १ | उर्जा | ६९९०० | ५० | ५७३५७ | ३३ | ८८.५ | ८२.१ | P1 |
| २ | सिंचाइ तथा नदी नियन्त्रण | २०१९५२० | ११३६ | १७१८७०३ | ६९९ | ९४.३ | ८५.१ | P1 |
| ३ | खानेपानी तथा सरसफाइ | ३२९९४८९ | ११७२ | ३०९४४३१ | २७७ | ९६.५ | ९३.८ | P1 |
| जम्मा | | ५३८८९०९ | २३५८ | ४८७०४९१ | १००९ | ९५.६ | ९०.४ | |

### तालिका ५.१३ वार्षिक प्रगति (समष्टिगत) (पुँजीगत कार्यक्रमतर्फ)

| क्र.सं. | कार्यक्रम | विनियोजित रकम (रु. हजारमा) | खर्च (रु. हजारमा) | प्रगति प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | वित्तीय | भौतिक | |
| १ | संघीय | १४२१५२५ | १२५८१८५ | ८८.५ | ९३.७ | |
| २ | प्रादेशिक | ३९६७३८४ | ३६१२३०६ | ९१.१ | ९६.३ | |
| जम्मा | | ५३८८९०९ | ४८७०४९१ | ९०.४ | ९५.६ | |

### तालिका ५.१४ बहुवर्षीय तथा क्रमागत आयोजनाहरूको प्रगतिको अवस्था

| क्षेत्र | आ.व. २०७८/७९ भन्दा पहिलेबाट सरी आएका क्रमागत आयोजना संख्या | आ.व. २०७८/७९ मा थप भएका बहुवर्षीय आयोजना संख्या | आ.व. २०७८/७९ मा सम्पन्न भएका बहुवर्षीय आयोजना संख्या | सम्पन्न हुन नसक्नुका कारणहरू |
|---|---|---|---|---|
| उर्जा, सिंचाइ तथा नदी नियन्त्रण | २६२ (२६ वटा बहुवर्षीय योजना सहित) | १५ | ७ | न्यून बजेट विनियोजना तथा बाढि पहिरोबाट क्षतिग्रस्त |
| खानेपानी तथा सरसफाइ | ९२९ (३८ वटा बहुवर्षीय योजना सहित) | ० | ३ | |
| जम्मा | ११९१ (६४ वटा बहुवर्षीय योजना सहित) | १५ | १० | |

## मुख्य उपलब्धि

### उर्जा

### उर्जा विस्तार कार्यक्रम

उज्यालो गण्डकी प्रदेश कार्यक्रम अन्तर्गत बत्ती बाल्न आधुनिक उर्जाको प्रयोग गर्ने घरधुरी संख्या ९९.५ प्रतिशत पुगेको छ। ५७४७९८ घरधुरीमा विद्युत सुविधा पुगेको, २८८४ घरधुरीमा विद्युत सुविधा पुग्न बाँकी रहेको।

### घरेलु सौर्य उर्जा प्रविधि जडान

हालसम्म राष्ट्रिय प्रसारण लाइनमा नजोडिएको म्याग्दी जिल्ला, मालिका गा.पा. २ का १२०५ घरधुरीमा प्रदेश सरकारको ७५ प्रतिशत सहुलियतमा घरेलु सौर्य उर्जा प्रविधि जडान गरी सोलार बत्ती बलिसकेको छ।

### सौर्य उर्जा प्रविधि जडान कार्य (विभिन्न जिल्ला)

मन्त्रालय अन्तर्गतका जलस्रोत तथा सिंचाइ विकास सबडिभिजन कार्यालयहरू मनाङ, मुस्ताङ तथा अन्य क्षेत्रमा स्वास्थ्य चौकी, विद्यालय र यातायात व्यवस्था कार्यालय पोखरामा गरी कुल ९२ कि.वा. क्षमताको संस्थागत सौर्य उर्जा प्रविधि जडान सम्पन्न भएको छ।

### लघु तथा साना जलविद्युत आयोजना निर्माण तथा मर्मत सम्भार योजना

२१ वटा लघु जलविद्युत योजनाको मर्मत सम्भार गरी जम्मा ५३५ किलोवाट विद्युत् नियमित गरिएको छ ।

### लघु तथा साना जलविद्युत आयोजनाहरूलाई राष्ट्रिय प्रसारण लाइनमा जडान गर्ने कार्यक्रम

स्याङ्जा जिल्लाको ९८ किलोवाट क्षमताको पुतपुते खोला दोश्रो लघु जलविद्युत आयोजनालाई राष्ट्रिय प्रसारण लाइनमा जडान गर्ने कार्य सम्पन्न गरिएको।

### सिंचाइ

सतह, भूमिगत र लिफ्ट सिंचाइ योजनाहरूको निर्माण तथा कृषक कुलो स्तरोन्नति तथा मौजुदा सिंचाइ प्रणालीहरूको पुनर्स्थापना सुधारबाट ३२८ वटा योजना सम्पन्न भएका र ३८१३ हेक्टर सिंचित क्षेत्र विस्तार भई ६६६२० हेक्टर जमिनमा भरपर्दो सिंचाइ सुविधा पुगेको।

### नदी नियन्त्रण

आ.व. २०७८/७९ मा ३७१ वटा योजना सम्पन्न भई १४.९० किलोमिटर तटबन्ध निर्माण भएको र हालसम्म ८४.६२ किलोमिटर तटबन्ध निर्माण भएको।

## ५.४.६ शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय

### क. वित्तीय प्रगति (रु. हजारमा)

**तालिका ५.१४ वित्तीय प्रगति (रु. हजारमा)**

| स्रोतः- गण्डकी प्रदेश सरकार | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वार्षिक बजेट (रु. हजारमा) | | | यस आ.व. को खर्च | | | वार्षिक वित्तिय प्रगती(%) | | | भौतिक प्रगती(%) | | | कैफियत |
| चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | |
| १४५१६० | ७०६०० | २१५७६० | ६६९४२ | ५४०४५ | १२०९८७ | ४६.१२ | ७६.५५ | ५६.०७ | ८६.०० | ७२.०० | ७९.०० | |

| स्रोतः- संघ सशर्त अनुदान | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | विवरण | वार्षिक बजेट (रु. हजारमा) | | | यस आ.व. को खर्च | | | वार्षिक वित्तिय प्रगती (%) | | | भौतिक प्रगती (%) | | | कैफियत |
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | |
| १ | मन्त्रालयले कार्यान्वयन गर्ने | ३६५४३ | २०००० | ५६५४३ | २४७३० | ५६९४ | ३०४२४ | ६७.६७ | २८.४७ | ५३.८१ | ५८ | २५ | ४१.५ | |
| २ | सि.टि.ई.भि.टि. | १५१४७१ | १५१८० | १६६६५१ | १०१४३१ | ८८४८ | ११०२७९ | ६६.९६ | ५८.२९ | ६६.१७ | | | | |
| ३ | सि.टि.ई.भि. टि. सम्बन्धन प्राप्त प्राविधिक शिक्षालयहरू | २५१८२९ | २४६३२० | ४९८१४९ | २०५२६५.७४ | १४५२४१.७८ | ३५०५०७.५२ | ८१.५१ | ५८.९६ | ७०.३६ | | | | |
| | जम्माः | ४३९८४३ | २८१५०० | ७२१३४३ | ३३१४२७ | १५९७८४ | ४९१२११ | ७५.३५ | ५६.७६ | ६८.१० | | | | |
| | (क)+(ख) को कुल जम्माः- | ५८५००३ | ३५२१०० | ९३७१०३ | ३९८३६९ | २१३८२९ | ६१२१९८ | ६८.१० | ६०.७३ | ६४.४१ | | | | |

## ख. मुख्य उपलब्धि

### शिक्षा क्षेत्र

१. साक्षर गण्डकी प्रदेश घोषणा कार्यक्रम अन्तर्गत सम्माननीय प्रधानमन्त्रीबाट साक्षर प्रदेश घोषणा भएको (मिति २०७८/६/२४)।

२. गण्डकी प्रदेश शिक्षा नीति २०७८ जारी भएको।

३. सडक मानव पहिचान, व्यवस्थापन एवम् सडकमुक्त प्रदेश घोषणा कार्यक्रम अन्तर्गत सडक आश्रित सहयोगापेक्षी मानवमुक्त गण्डकी प्रदेश घोषणा भएको (मिति २०७८/८/९)।

४. प्राविधिक धार तथा विज्ञान विषय सञ्चालन भएका विद्यालयहरूलाई प्रयोगशाला सुदृढीकरण अनुदान कार्यक्रम अन्तर्गत १६ वटा प्राविधिक धार तथा विज्ञान विषय सञ्चालन भएका विद्यालयहरूको प्रयोगशाला सुदृढीकरण भएको।

५. विशेष कक्षा सञ्चालन भएका स्रोतकक्षाहरूको सुदृढीकरण कार्यक्रम अन्तर्गत १७ वटा विशेष कक्षा सञ्चालन भएका स्रोतकक्षाहरूको सुदृढीकरण भएको।
६. सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूलाई स्तरोन्नतिका लागि अनुदान (E-Learning समेत) कार्यक्रम अन्तर्गत १२ सामुदायिक पुस्तकालयको स्तरोन्नति भएको।
७. स्थानीय तह तथा सामुदायिक क्षेत्रसँगको समन्वयमा प्रविधिमैत्री साक्षरता कार्यक्रम निरन्तरता अन्तर्गत ७६० जना नवसाक्षरहरूलाई प्रविधिमैत्री साक्षरता कक्षा सञ्चालन भएको।
८. सहिद दिलबहादुर रम्तेल स्मृति छात्रवृत्ति कार्यक्रम अन्तर्गत लक्षित समूहका ६ जना विद्यार्थीहरूलाई छात्रवृत्ति अनुदान उपलव्ध भएको।
९. एस ओ एस हर्मन माइनर विद्यालय पोखरा १५ मा अध्ययनरत लक्षित समुहका बालबालिकाहरूका लागि छात्रवृत्ति अनुदान निरन्तरता कार्यक्रम अन्तर्गत १२९ जना लक्षित समूहका बालबालिकाहरूको सिकाइ निरन्तरतामा सहयोग पुगेको।
१०. गुरुकुल, गुम्बा, मदरसा, लगायतका धार्मिक शिक्षा प्रदान गर्ने विद्यालयहरूलाई मुल प्रवाहिकरण अनुदान कार्यक्रम अन्तर्गत २१ वटा धार्मिक शिक्षा प्रदान गर्ने विद्यालयहरूलाई मूल प्रवाहीकरण अनुदान उपलव्ध भएको।
११. विज्ञान वा प्राविधिक विषयमा रुपान्तरण हुने सामुदायिक क्याम्पसहरूलाई सुदृढीकरण अनुदान (ICT, प्रयोगशाला तथा विद्युतिय पुस्तकालय) कार्यक्रम अन्तर्गत ३ वटा सामुदायिक क्याम्पसहरूलाई विज्ञान वा प्राविधिक विषयमा रुपान्तरणमा सहयोग पुगेको।
१२. हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासीय विद्यालयमा आवासीय भवन र पूर्वाधारको विकासको निरन्तरता-(गोरखा, मनाङ, म्याग्दी र मुस्ताङ जिल्लाका ५ विद्यालयहरू ५ वटा हिमाली तथा दुर्गम नमूना आवासिय विद्यालयहरूको पूर्वाधार विकासमा सहयोग पुगेको
१३. कोभिड-१९ का कारण बुबा वा आमा गुमाएका १५७ जना बालबालिकाहरूलाई राहत अनुदान उपलव्ध भएको।
१४. प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विभिन्न २० वटा कार्यक्रमहरू सञ्चालन भएका।
१५. सक्षम महिला समानान्तर पाइला कार्यक्रम अन्तर्गत २४ जना महिला उद्यमीहरूलाई उद्यमशीलता प्रवर्धननका लागि प्रविधि सहयोग तथा विभिन्न जिल्लाका १० वटा संस्थाहरू मार्फत सचेतना अभिवृद्धि।
१६. हिंसा प्रभावितहरूको लागि तत्काल उद्धार समन्वय वैठक सञ्चालन कार्यक्रम अन्तर्गत ४ जना बालबालिकालाई उद्धार गरी विभिन्न संस्थाहरू मार्फत संरक्षणमा राखिएको।
१७. प्रदेशस्तरमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक एवम् यौनिक अल्पसंख्यकहरूको तथ्याङ्क संकलन तथा प्रकाशन कार्यक्रम अन्तर्गत लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको तथ्याङ्क संकलन गरी प्रकाशन भएको।

१८. शिशु स्याहार केन्द्रको स्थापना तथा सञ्चालन (प्रदेश केन्द्रमा) कार्यक्रम अन्तर्गत रकमान्तर भएको।
१९. महिला बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति सम्बन्धी ऐन कानून नीति निर्माण कार्यक्रम अन्तर्गत बालबालिका सम्बन्धी ऐन जारी भएको अपाङ्गता नीतिको सुझाव संकलन गर्ने कार्य भइरहेको।
२०. ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन अनुदान कार्यक्रम अन्तर्गत ५८ वटा संस्थाहरूलाई ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालनको लागि अनुदान उपलब्ध गराइएको।
२१. ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र पूर्वाधार निर्माण अनुदान कार्यक्रम अन्तर्गत २५ वटा संस्थाहरूलाई ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालनको लागि अनुदान उपलब्ध गराइएको।
२२. अपाङ्गता भएका व्यक्तिहरूलाई क्षमता अनुसारको रोजगार सृजना तथा पुनर्स्थापना केन्द्रको लागि प्रदेशस्तरीय अपाङ्गता ग्राम निर्माणको जग्गा प्राप्त तथा डिपिआर तयारी कार्यक्रम अन्तर्गत जग्गाको कित्ताकाट गर्ने कार्य भएको।
२३. विद्यालयमा विपद/महामारी जोखिम न्यूनीकरण कार्यक्रम अन्तर्गत विपदवाट क्षति भएका १०३ वटा विद्यालयहरूको क्षति न्यूनीकरणमा सहयोग पुगेको।
२४. एक जिल्ला एक सहिद पार्क कार्यक्रम अन्तर्गत गोरखाको पालुङटार न.पा. मा शहिद सुरेश वाग्ले (बासु) स्मृति पार्कको भौतिक पूर्वाधार विकासमा सहयोग पुगेको।
२५. मठमन्दिर, गुम्बा लगायत पुरतात्विक तथा धार्मिक आस्थाका केन्द्रहरूको संरक्षण एवम् मर्मत सम्भार कार्यक्रम अन्तर्गत १०६ वटा धार्मिक आस्थाका केन्द्रहरूको संरक्षण एवम् मर्मत सम्भार भएको।

## १०. गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान

१. विद्युतीय बाइक तथा प्लाष्टिक काट्ने मेशिन निर्माण गरेको।
२. विज्ञान सम्बन्धी कार्यशाला र वैज्ञानिक सम्मेलन सम्पन्न गरेको।
३. २० वटा जडिबुटीहरूको अनुसन्धान तथा तथ्याङ्कीकरण गरेको।
४. स्नातकोत्तर थेसिस गर्ने १० जनालाई र ४ जना Researc Fellow लाई अनुदान प्रदान।
५. ५ महिनाको इंटर्नशिप प्रदान।

## ११. शिक्षा विकास निर्देशनालय

१. पहिलो पटक एस.ई.ई. परीक्षा व्यवस्थापन गरिएको।
२. विद्यार्थी प्रतिभा पहिचान तथा प्रोत्साहन तथा विद्यालयको व्यावस्थापकीय तथा प्राविधिक क्षेत्रको सुधार कार्यक्रमहरू सञ्चालन।

## १२. गण्डकी प्रज्ञा प्रतिष्ठान

१. मगर इतिहास, सामन्त अवशेष र गण्डकी नाट्य दर्पण नामक कृतिहरू प्रकाशन।
२. १४ जाति, ४२ लोक नाच र ७० बाजाको अध्ययन अनुसन्धान तथा २४ प्रकारका लोपोन्मुख बाजाहरूको संकलन।
३. ५ वटा भाषाको तालिम सम्पन्न।
४. ३९० जना श्रष्टाको बायोग्राफी तयार भई प्रकाशनको तयारीमा रहेको।
५. पुस्तकालय स्थापना भई ५५० श्रष्टाको १६०० कृति संकलन।
६. नाटक लेखन, नाटक निर्देशन, नाटक महोत्सव, नेवारी नृत्य, थारु नृत्य, ठाडो भाकाको कार्यशाला सम्पन्न।
७. प्रज्ञा उत्सवको आयोजना भएको।

## १३. शिक्षा तालिम केन्द्र

१. विभिन्न विषयमा तालिम प्रदान गर्नका लागि २२५ जना शिक्षकहरूको रोष्टर तयार।
२. २५०८ जना शिक्षकलाई टिपिडी, शैक्षिक प्रशासन, मनोसामाजिक परामर्श लगायतको तालिम प्रदान।
३. १०० जना प्रअ, वि.व्य.स. अध्यक्ष र लेखा कर्मचारीलाई तालिम प्रदान।
४. ५४ जना अपाङ्गता भएका शिक्षकहरूलाई तालिम प्रदान।
५. विज्ञान प्रयोगशाला, भर्चुअल ल्याब आदिको निर्माण।

## १४. प्रदेश संग्रहालय

१. संग्रहालयको भौतिक संरचना निर्माण, मर्मत, संरक्षण, स्तरोन्नति।
२. पुरातात्विक सामग्रीहरूको संकलन तथा मौलिक संरचनाहरूको डमी तथा डायरोमा निर्माण।

## १५. व्यावसायिक तथा सिप विकास तालिम केन्द्रहरू

१. ११२८ जनाले लामो अवधि (३९० घण्टा)को तालिम प्राप्त गरेको।
२. ३५९ जनाले छोटो अवधि (७५ घण्टा)को तालिम प्राप्त गरेको।
३. १०१ जना विपन्न/एकल/हिंसा पीडित/सीमान्तकृत महिलाहरूलाई तालिम प्रदान।
४. ४७ जना अपाङ्गता भएका व्यक्तिहरूलाई तालिम प्रदान।

## १६. सामाजिक विकास कार्यालयहरू

१. यस मन्त्रालय मातहतका ११ वटा सामाजिक विकास कार्यालयहरूबाट विद्यालय, मठ, मन्दिर, गुम्बा, मदरसा, मस्जिद, आमा समूह, युवा क्लब, ज्येष्ठ नागरिक, आदिको भवन, जाति विशेषका संग्रहालय जस्ता निर्माण तथा मर्मत सम्भार सँग सम्बन्धित ३८० वटा कार्यक्रमहरू सम्पन्न भएको।

२. त्यसैगरी गण्डकी समाज-सभ्य समाज, अपाङ्गता भएका व्यक्तिहरूका लागि सामग्री वितरण, ज्येष्ठ नागरिकमा भएको ज्ञान सिपको पुस्ता हस्तान्तरण, बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा व्यवस्थापन, महिला सहकारी संस्थाहरूको क्षमता विकास, सडक मानव पहिचान र व्यवस्थापन जस्ता विषयका १२३ वटा कार्यक्रमहरू सम्पन्न भएको।

## ५.४.७ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

### क. वित्तीय प्रगति

**तालिका ५.१५ संघ सशर्त अनुदानतर्फ (रु. हजारमा)**

| क्षेत्र | वित्तीय | | | भौतिक |
|---|---|---|---|---|
| | विनियोजन | खर्च | प्रतिशत (%) | प्रतिशत (%) |
| उपभोग तथा कार्यालय सञ्चालनतर्फ | ८४,९२,२१ | ५७,५५,४० | ६७.७७ | १०० |
| चालु कार्यक्रमतर्फ | ३२,८३,९४ | २३,६४,४४ | ७२.०० | ८८.२३ |
| पुंजीगततर्फ | ३५,३३,१८ | २८,४९,९७ | ८०.६६ | ९६.६३ |
| जम्मा | १,५३,०९,३३ | १,०९,६९,८१ | ७१.६५ | ९१.९२ |

**तालिका ५.१६ प्रदेश समानीकरण तर्फः (रु. हजारमा)**

| क्षेत्र | वित्तीय | | | भौतिक |
|---|---|---|---|---|
| | विनियोजन | खर्च | प्रतिशत (%) | प्रतिशत (%) |
| चालुतर्फ | १,१४,१०,१५ | ७८,६०,२० | ६८.८९ | ८४.३९ |
| पुंजीगततर्फ | ९,४४,१८ | ३,९८,२१ | ४२.१८ | ६१.८७ |
| जम्मा | १,२३,५४,३३ | ८२,५८,४१ | ६६.८५ | ८१.३४ |

### क. मुख्य उपलब्धि

१. गण्डकी प्रदेश स्वास्थ्य नीति, २०७८ स्वीकृत भई लागू भएको।

२. कोभिड-१९ को रोकथाम तथा व्यवस्थापनको ३५० जना अस्थायी दरबन्दी स्वीकृत गरी जनशक्ति व्यवस्थापन गरिएको।

३. प्रदेश मातहतका अस्पतालहरूमा ५२ शैया सघन उपचार कक्षमा २७ थान भेन्टिलेटर जडान भएको। साथै लमजुङ, गोरखा, मध्यविन्दु, धौलागिरी र संक्रामक तथा सरुवा रोग अस्पतालमा प्रत्येकमा २५ शैयाका दरले कुल १२५ शैयालाई हाई डिपेन्डेन्सी युनिट (HDU) मा स्तरोन्नति गरिएको।
४. कोभिड-१९ कोष मार्फत कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि आवश्यक व्यवस्थापन गरिएको।
५. गण्डकी प्रदेशका विभिन्न सरकारी निकायमा रहेको साविकको जम्मा २०० थान अक्सिजन सिलिन्डरलाई बढाई जम्मा २२१८ थान अक्सिजन सिलिन्डर पुर्याइएको।

### ५.४.८ युवा तथा खेलकुद मन्त्रालय

**क. वित्तीय प्रगति**

**तालिका ५.१७ वित्तीय प्रगति (रु.हजारमा)**

| विवरण | बजेट | बजेट खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|
| चालुतर्फ | ७९००० | २२१५७ | २८.०५ | ७१.३६ |
| पुँजीगत खर्च कार्यक्रम | १७५०० | ८८५३ | ५१ | ५३ |
| खर्च प्रतिशत | ९६५०० | ३१०१० | ३२.१३ | ७२.९ |

**युवातर्फ**

१. गण्डकी प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७८ स्वीकृत भई स्वयंसेवकहरू नियुक्ति गरिएको।
२. युवा तथा खेलकुद सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी सुझाव संकलन गरिएको।
३. नेपाल स्काउट गण्डकी प्रदेशले तालिम सञ्चालन गर्नका साथै स्काउटसँग सम्बन्धित पोशाक खरिद गरी वितरण गरिएको।
४. परम्परागत पेशा व्यवसायमा लागेका युवाहरूको लागि आवश्यक कार्यक्रम गरी उक्त पेसालाई प्रोत्साहन, विकास र संरक्षण गर्ने कार्य गरिएको।
५. अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा युवा स्वरोजगारः सम्भावना र चुनौती विषयमा युवाहरूका बिचमा प्रदेशस्तरीय बिचार लेखन प्रतियोगिता आयोजना गरिएको।
६. युवा मैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रम अन्तर्गत प्रस्ताव परेका विभिन्न स्थानीय तहमध्ये उत्कृष्ट बन्न सफल मोदी गाउँपालिका पर्वतलाई युवामैत्री स्थानीय तह घोषणा गरी नगद रु ५ लाख सहित पुरस्कृत गरिएको।

७. युवातर्फका विभिन्न सात वटा कार्यक्रमको लागि प्रस्ताव सङ्कलन भई कार्यान्वयन भएको।

**खेलकुदतर्फ**

१. ९ औं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनार्थ रु. ५०,००,०००।०० विनियोजन गरी आवश्यक पर्ने खेलमैदान/वैकल्पिक खेलमैदान र प्रदेश भित्रका विभिन्न खेलमैदान स्तरोन्नति गरिएको।
२. सिर्जनशील युवा, खेलाडी, उद्यमी लगायतका व्यक्तिहरूलाई प्रोत्साहन गरी पुरस्कार समेत दिईएको।
३. खेल सामग्री खरिद गरी उत्कृष्ठ युवा क्लब तथा शैक्षिक संस्थाहरूलाई वितरण गर्ने कार्य भएको।
४. पोखरा रङ्गशालामा सोलार लाइट जडान गरी खेलकुदको विकास र प्रबर्द्धन गरिएको।
५. २३३ खेलमैदान निर्माण तथा स्तरोन्नतिको लागि आवश्यक बजेट विनियोजन गरी खेलकुद गतिविधिलाई प्रबर्द्धन गरिएको र सो मध्ये ८६ प्रतिशत खेलमैदान निर्माण सम्पन्न भएको।

### ५.४.९ उद्योग, पर्यटन, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**क. वित्तीय प्रगति**

**तालिका ५.१८ वित्तीय प्रगति (रु.हजारमा)**

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| जम्मा विनियोजन | १९२९७५ | २८०६८५ | ४७३६६० |
| खर्च | १३६५५८ | २१२९६५ | ३४९५२४ |
| खर्च प्रतिशत | ७०.७६ | ७५.८७ | ७३.७९ |

**ख. मुख्य उपलब्धि**

१. नेपाल स्थित विदेशी कुटनीतिक नियोग, अन्तराष्ट्रिय विकास साझेदार संघसंस्थाका प्रमुख तथा प्रतिनिधिको उपस्थितिमा विश्व पर्यटन दिवस २०२१ मनाइयो।
२. अन्तर प्रदेश पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम अन्तरगत गण्डकी प्रदेशका माननीय मुख्यमन्त्रीको निमन्त्रणामा मधेश प्रदेशका माननीय मुख्यमन्त्रीको पोखरामा तथा मधेश प्रदेशका माननीय मुख्यमन्त्रीज्युको निमन्त्रणामा यस प्रदेशबाट माननीय मुख्यमन्त्री सहितको भ्रमण टोलीद्वारा मधेश प्रदेशको सद्भावना भ्रमण सम्पन्न भएको।
३. कोभिड - १९ महामारीले प्रत्यक्ष प्रभावित भएको पर्यटन क्षेत्रलाई पुनर्स्थापनाका लागि गण्डकी प्रदेश सरकार र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम UNDP बिच Sustainable

Tourism Recovery Project In Gandaki Province परियोजना कार्यान्वयनका लागि प्रयास भएको।

४. पर्यटन व्यवसायीको छाता सँगठनहरूसँगको सहकार्यमा पर्वतको लेसपार, बागलुङको भकुण्डे तथा कास्कीको हेम्जा र लेकसाइडमा आन्तरिक पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम सम्पन्न।
५. पोखरा अन्तराष्ट्रिय विमानस्थललाई सञ्चालनमा ल्याउनका लागि सरोकारवालाहरूसँग समन्वय, छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको।
६. पोखरालाई अन्य प्रदेशहरूसँग जोड्न अन्तर प्रदेश हवाई सम्पर्क कायम गरिएको (नेपालगञ्ज, सिमरा, जनकपुर, भरतपुर, भैरहवा, धनगढी) र एयरलाइन्सहरूसँग नियमित हवाई उडानका लागि पहल भैरहेको।
७. कोभिडबाट प्रभावित पर्यटन व्यवसायसँग आबद्ध ६७२ जना मजदुर/श्रमिकलाई राहत प्रदान गरिएको।
८. होमस्टेको गुणस्तरीयता अभिवृद्धि मार्फत पर्यटन प्रवर्द्धन गर्न मापदण्ड निर्माण गरी वितरणमा पारदर्शिता कायम गरिएको।
९. प्रदेशका दुर्गम र विकट स्थानमा समेत आधारभुत पर्यटकीय पूर्वाधार निर्माण गरी पर्यटन प्रवर्द्धन गरिएको।
१०. प्रदेशस्तरीय उद्यमी लगानीकर्ता सम्मेलन कास्कीको लुम्लेमा सम्पन्न भएको।
११. नेपाल सरकारसँगको समन्वयमा पोखरा महानगरपालिकाको वडा नं ३३ को पुँडीटार र नवलपुरको लोकाहा खोलामा प्रादेशिक औद्योगिक क्षेत्र स्थापना तथा सञ्चालनार्थ जग्गा प्राप्तिका लागि नापी तथा मालपोत कार्यालयहरूसँग समन्वय गरी नापी र सर्भेको काम सम्पन्न भएको।
१२. जिल्लाका उद्योग वाणिज्य संघ/संस्थाहरूले आयोजना गरेका मेला महोत्सव सञ्चालनमा सहयोग गरिएको।
१३. उद्योग वाणिज्यसंघसँगको सहकार्यमा उद्योग तथा वाणिज्य फर्मको दर्ता नवीकरण सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरिएको।
१४. घरेलु तथा साना उद्योग कार्यालयहरूबाट १४१८ जनालाई सीपमूलक तालिम र १२४० जनालाई उद्यमशिलता विकास तालिम प्रदान भएको।
१५. उद्योग प्रवर्द्धनका लागि उद्यमीहरूसँगको लागत साझेदारीमा २०० जना उद्यमीहरूलाई प्रविधि हस्तान्तरण गरिएको।
१६. उद्योग वाणिज्य प्रशासनसँग सम्बद्ध तथ्याङ्कहरूको विद्युतीय अभिलेखन (Digitization) कार्य भैरहेको।

१७. आ.व. ०७८/०७९ मा ७९८४ संख्यामा उद्योग तथा ७४३० संख्यामा वाणिज्य फर्महरू थप दर्ता भएका।

१८. प्रदेश भित्रको आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उपभोग्य बस्तु तथा सेवाको मुल्य, गुणस्तर कायम गर्न १०४ पटक बजार अनुगमन गरी गुणस्तर र मुल्य नियन्त्रणको प्रयास गरिएको।

१९. नियम विपरित कार्य गरेका १० वटा फर्म तथा व्यवसायीलाई कारवाही गरी रु. ६ लाख राजश्व संकलन गरिएको।

२०. उपभोक्तालाई दैनिक उपभोग्य बस्तु तथा सेवा खरिद गर्दा अपनाउनु पर्ने सतर्कताका लागि चेतनामूलक कार्यक्रम सम्पन्न गरिएको।

२१. आपूर्ति व्यवस्था र उपभोक्ता हित सम्बन्धमा सरोकारवालाहरूसँग समन्वय र छलफल कार्यक्रम गरिएको।

२२. प्रदेश बजार अनुगमन समितिको बैठक बसी वर्तमान अवस्था र चुनौती विषयमा छलफल गरिएको।

**नीतिगत सुधारः**

१. गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभाबाट पारित भैसकेको।

२. प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ संशोधनका लागि कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयमा मार्फत प्रदेश सभामा पेश गरिएको।

३. गण्डकी प्रदेश प्राईभेट फर्म दर्ता नियमावली, २०७९ स्वीकृत भै कार्यान्वयनमा रहेको।

४. वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७८ स्वीकृत गरिएको।

५. प्यारागलाइडिङ् सोलो पाइलट तालिम सञ्चालन सम्बन्धी मापदण्ड, २०७८ स्वीकृत।

६. उद्यमी तथा लगानीकर्ता सम्मेलनको मापदण्ड स्वीकृत।

७. मन्त्रालय मातहत निकायहरूमा रहेको बेरुजू शत प्रतिशत फछ्यौंट गरिएको।

८. आगामी आ.व.को नीति तथा कार्यक्रममा घोषणा भए बमोजिम पर्यटन सम्बन्धी कार्य साविक घरेलु तथा साना उद्योग कार्यालयहरूबाट कार्यान्वयन गर्ने गरी मन्त्रालय अन्तरगतका निकायहरूको सँगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन प्राप्त गरी प्रदेश सरकारमा प्रस्ताव पेश गर्ने क्रममा रहेको।

९. मन्त्रालय र अन्तरगतका निकायमा भौतिक पूर्वाधार तथा Logistics व्यवस्थापन गरिएको।

### ५.४.१० भूमि व्यवस्था, कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालय

#### क. वित्तीय प्रगति

तालिका ५.१९ वित्तीय प्रगति (रु.हजारमा)

| विवरण | चालु | पुंजीगत | जम्मा |
|---|---|---|---|
| जम्मा विनियोजन | १८५९६५३ | २७६४७९ | २१३६१३२ |
| खर्च | १३७७९९७ | १९८५५३ | १५७६५५० |
| खर्च प्रतिशत | ७४.१ | ७१.८ | ७३.८ |

#### ख. मुख्य उपलब्धि

१. मुस्ताङ,बाग्लुङ,तनहुँ र गोरखा गरी ४ जिल्लामा ७ वटा समूह मार्फत १०३४ रोपनी जमिन चक्लाबन्दी गरिएको।

२. कास्की जिल्लाको स्थानीय तह, नापी कार्यालय तथा मालपोत कार्यालयको समन्वयमा १०० वटा कन्ट्रोल पोईन्ट स्थापना गरिएको, २०० कि.मी. बाटोको फिल्ड सर्भे सम्पन्न भएको जसमध्ये १६ कि.मी. बाटोको लगत तयार भएको।

३. ६८,११० संख्यामा उच्च घनत्व प्रविधिमा आधारित स्याउका विरुवा आयात गरी मुस्ताङ, मनाङ, बाग्लुङ, गोरखा, म्याग्दी र लमजुङ गरी ६ वटा जिल्लाका ६१ जना कृषकहरूलाई वितरण गरिएको, जसबाट करिब ४५५ रोपनी क्षेत्रफलमा नयाँ स्याउ बगैंचा स्थापना भएको। औसत १०% मृत्युदर र प्रति बोट न्यूनतम १५ के.जी. प्रति वर्ष (चौथौ वर्ष पश्चात) उत्पादन हुँदा वार्षिक ९२० टन उत्पादन हुने र प्रति के.जी. १५० का दरले अनुमान गर्दा वार्षिक १३ करोड ८० लाख बराबरको थप स्याउ उत्पादन हुने।

४. स्थायी तथा बाँसको गरी जम्मा ४१९ प्लाष्टिक घर निर्माण भएको। १३९ वटा मिनिटिलर, १४० वटा डिजिटल तराजु, २४२ वटा पानी ट्याङ्की, ६६६ मिटर असिना छेक्ने हेल नेट, २५ वटा मौरीको घार वितरण गरिएको। यसै गरी १७३ वटा बाख्राको खोर, ७ वटा बंगुरको खोर, २९ वटा कुखुराको खोर निर्माण भएको साथै १४३ वटा गोठमा भकारो सुधार गरिएको। यसै गरी २९ हेक्टरमा स्याउ, २ हेक्टरमा केरा, ३ हेक्टरमा ओखर, ४.५ हेक्टरमा सुन्तलाजात फलफूल, ४.७५ हेक्टरमा चिया खेती विस्तार भएको। यस कार्यक्रमबाट ६३५३ जना कृषकहरू लाभान्वित भएका।

५. १५५ जना खोपकर्ता परिचालन गरी ११ जिल्लाका ३९ वटा पालिकामा पशुमा लाग्ने ६ वटा मुख्य संक्रामक रोग विरुद्ध १,४२,३४९ घरधुरीमा पुगी १२,९५,६५३ डोज खोप लगाईएको।

६. नयाँ कुलो निर्माण, पुरानो कुलो मर्मत, पाईप वितरण लगायतका क्रियाकलापहरूबाट ११८ हेक्टर जमिनमा सिँचाई सुविधा पुगेको जसबाट ५६०५ जना कृषक लाभान्वित भएका।
७. ३८८ वटा नयाँ खोर/गोठ निर्माण गरिएको तथा १७७ वटा खोर/गोठको सुधारमा सहयोग गरिएको, ५५६ जना कृषकहरू लाभान्वित भएका।
८. २ वटा दुग्ध चिस्यान केन्द्र निर्माणमा सहयोग गरिएको।
९. ७ वटा कोल्ड रुम निर्माण भएको (१२२ मे.टन कुल भण्डारण क्षमता)।
१०. ५८,६६१ संख्यामा पशु, ६,०१,९४६ संख्यामा पन्छी र ६,००,४३० माछा, ६६ हे. क्षेत्रफलमा लगाइएको विभिन्न बाली र ७५० घार मौरीको बीमा गरेका ५,७२५ जना कृषकलाई बीमा प्रिमियममा २०% अनुदान उपलब्ध गराइएको।
११. ९८.८ हेक्टर बाँझो जमिनमा खेती गरेबापत अधिकतम प्रति रोपनी ५००० का दरले प्रोत्साहन उपलब्ध गराइएको।
१२. १२८ हेक्टर क्षेत्रफलमा मौसमी तथा बेमौसमी तरकारी उत्पादन गरेबापत ७५१ जना कृषकहरूलाई प्रति रोपनी ३००० का दरले प्रोत्साहन उपलब्ध गराइएको।
१३. कृत्रिम गर्भाधानबाट जन्मेका १,०८१ वटा पाडी/बाच्छी हुर्काए बापत रु १० हजारका दरले प्रोत्साहन उपलब्ध गराइएको, ७४६ जना कृषक लाभान्वित।
१४. दूध उत्पादन गरी ५३ वटा सहकारी संस्थामार्फत बिक्री गरेबापत ८१६४ मे.टन दूध उत्पादनका लागि प्रति लिटर अधिकतम रु. २.५ का दरले प्रोत्साहन सहयोग उपलब्ध गराइएको।
१५. १७३ मे.टन धान, १९७ मे.टन मकै, ८ मे.टन गहुँ, ७ मे.टन काक्रो, १.२ मे.टन रायोको बीउ उत्पादन भएको, ०.३ मे.टन तोरी, ०.५ मे.टन सिमीको बीउ उत्पादन भएको।
१६. २५ मे.टन सूर्यमुखी, ३४ मे.टन तोरी, २० मे.टन कोदो, १० मे.टन कागुनो, १२ मे.टन सिमी, १.५ मे.टन उवा, १.५ मे.टन जौ उत्पादन भएको, ७६४ जना कृषक लाभान्वित।
१७. विभिन्न बालीका ३० वटा र पशुपन्छीतर्फ ११ वटा नयाँ ब्लक स्थापना भएको, ५२ वटा पुराना ब्लकहरूमा फलो अप कार्यक्रम सञ्चालन भएको।
१८. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ मा भएको व्यवस्था कार्यान्वयन गर्ने सन्दर्भमा प्रदेश मन्त्रिपरिषद्बाट **"गण्डकी प्रदेश खाद्य परिषद (गठन तथा सञ्चालन) आदेश"** स्वीकृत भएको र परिषदको बैठक समेत बसेको।
१९. अनुसन्धान, प्रसार र अध्यापनमा संलग्न निकायहरूको साझा फोरम तयार गरी कृषि

विकास सम्बन्धी समस्या पहिचान तथा समाधान गर्न र नीतिगत पृष्ठपोषण गर्नका लागि प्रदेशस्तरमा **"प्रदेशस्तरीय कृषि प्राविधिक कार्य समूह"** र जिल्लास्तरमा "जिल्लास्तरीय कृषि प्राविधिक कार्य समूह" गठन गरिएको।

२०. मौसमी पूर्वानुमानबारे अग्रीम अवगत गराई कृषि कार्यको व्यवस्थापन र अप्रत्यासित मौसम परिवर्तनबाट हुन सक्ने क्षति न्यूनीकरण गर्ने उद्देश्यले कृषि मौसम सल्लाह बुलेटिन प्रकाशन सम्बन्धी मापदण्ड स्वीकृत गरी आवश्यक प्रक्रिया अगाडि बढाईएको।
२१. प्रादेशिक कृषि विकास रणनीति तर्जुमाको प्रारम्भिक मस्यौदा तयार भएको।
२२. कृषि व्यवसाय प्रवर्द्धन नियमावलीको मस्यौदा तयार गरिएको, जीवनाशक विषादी व्यवस्थापन विधेयकको तयारीका लागि मन्त्रीपरिषदबाट सैध्दान्तिक स्वीकृती लिइ मस्यौदा तयारी गरिएको।
२३. कृषि व्यवसाय प्रवर्द्धन ऐन संसोधनका लागि मन्त्रीपरिषदबाट स्वीकृती लिइ प्रदेश सभा सचिवालयमा पेश गरिएको।
२४. स्याउ मूल्य श्रृङ्खला प्रवर्द्धनका लागि रणनीतिक लगानी योजना प्रदेश मन्त्रीपरिषद्बाट स्वीकृत भएको र कार्यान्वयन शुरु भएको।
२५. विशिष्टकृत पशु चिकित्सा सेवा उपलब्ध गराउने उद्देश्यले तनहुँ र कास्की जिल्लामा मोडल भेटेरिनरी अस्पताल निर्माण कार्य भईरहेको।
२६. सशस्त्र प्रहरी बलले प्रयोग गरिरहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्र, मनाङको कार्यालय भवन उक्त विज्ञ केन्द्रलाई प्राप्त भएको।
२७. पोखरा महानगरपालीकाले प्रयोग गरिरहेको कृषि ज्ञान केन्द्र, कास्कीको कार्यालय भवनका कोठाहरू उक्त केन्द्रलाई प्राप्त भएको।

**विपन्न बस्तीमा मुख्यमन्त्री कार्यक्रम**

बंगुरको खोर निर्माणः ४३ वटा; कुखुराको खोर निर्माणः ५३ वटा; प्लाष्टिक टनेल निर्माणः ६७ वटा; बोका ६ वटा; बाख्राको पाठीः २८ वटा वितरण; पाडी वितरणः ३० वटा; बंगुरका पाठापाठी वितरणः १८८ वटा; मौरी घार वितरणः ९५ वटा; भकारो सुधारः २८ वटा।

**प्रयोगशाला सेवाः**

तीन वटा प्रयोगशालाबाट (बाली संरक्षण प्रयोगशाला, बीउ बिजन प्रयोगशाला र माटो तथा मल परीक्षण प्रयोगशाला) सेवा प्रवाह गरिएको।

**बीउ बिजन प्रयोगशालाः**

१२,६१६ के.जी मूल बीउ र १,४७,४८१ के.जी. प्रमाणित बीउ प्रमाणीकरण गरिएको

**माटो तथा मल परीक्षण प्रयोगशालाः**

४२ स्थानमा सञ्चालित माटो परीक्षण शिविर तथा प्रयोगशालामा गरिएको परीक्षणमार्फत गरी कुल २८८७ वटा माटोको नमूना परीक्षण गरिएको र परीक्षणको नतिजा अनुसार मलखाद तथा कृषि चुनको सिफारिस गरिएको।

**बाली संरक्षण प्रयोगशालाः**

गत आ.व.बाट पि.सि.आर. परीक्षण शुरु गरिएको।

९ वटा जिल्लामा सञ्चालित ३१ वटा घुम्ती बाली उपचार शिविर मार्फत ७४५ वटा नमूना परीक्षण गरिएको।

**उपचार तथा प्रयोगशाला सेवाः भेटेरिनरी अस्पताल**

२,६७,०८४ पटक उपचार सेवा

२२,९९१ वटा नमूनाको प्रयोगशालामा परीक्षण

८१,४९१ पटक कृत्रिम गर्भाधान सेवा

बन्ध्याकरण शिविरमार्फत १,५६६ वटा कुकुर/बिरालोको बन्ध्याकरण

**६. शितोष्ण फलफूल विकास आयोजनाः**

बिरुवा खरिद प्रक्रिया पूर्व कृषकबाट माग संकलन गरी कृषकले प्राप्त गर्ने बिरुवा संख्या एकीन गरिएकोमा केही कृषकले जम्मा गर्नुपर्ने २५% रकम जम्मा नगरेकाले थौरै बिरुवाको लागि मात्र खरिद प्रक्रिया अघि बढेकाले बिरुवा खरिदको लागि विनियोजित बजेट रु ३ करोड ५६ लाख मध्ये १ करोड ५९ लाख मात्र खर्च भएको।

**७ खोरेत लगायका संक्रामक रोगको आउटब्रेकः**

प्रदेशमा खोप सम्बन्धी वृहत कार्यक्रमहरू सञ्चालन भईरहेता पनि अन्य प्रदेश तथा भारतबाट आयात गरी ल्याएका पशुहरू बिना परीक्षण आउने अवस्था रहेकाले खोरेत, पि.पि.आर. लगायतका रोगहरू पटक पटक देखा परिरहेको।

### ५.४.११ आन्तरिक मामिला मन्त्रालय

**क. वित्तीय प्रगति**

**तालिका ५.२० वित्तीय प्रगति (रु.हजारमा)**

| विवरण | चालु | पुंजीगत | जम्मा |
|---|---|---|---|
| जम्मा विनियोजन | ९०८३६ | १७७५० | १०८५८६ |
| खर्च | ८०९०२ | १६६३१ | ९७५३३ |
| खर्च प्रतिशत | ८९.१ | ९३.७ | ८९.८ |

**ख. मुख्य उपलब्धि**

१. गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद) को मिति २०७८।०९।१२ को निर्णयानुसार नयाँ स्थापित मन्त्रालयको सम्पूर्ण व्यवस्थापन (संगठन तथा व्यवस्थापन सर्वेक्षण, जनशक्ति व्यवस्थापन, भवन तथा कार्यालय व्यवस्थापन) गरी मन्त्रालयको कामकारवाही सुचार गरिएको।

२. गण्डकी प्रदेश सरकार स्थापना पश्चात् प्रदेश विपद् व्यवस्थापन परिषदको पहिलो पटक वैठक सम्पन्न गरिएको (मिति २०७९।०३।०७ गते)।

३. प्रदेशस्तरीय सुरक्षा गोष्ठी आयोजना नहुँदै र स्थानीय तहको निर्वाचन समेतलाई मध्यनजर गरी तनहुँ र बाग्लुङ्गमा गरी एघार वटै जिल्ला समेटी अन्तर जिल्ला सुरक्षा समन्वय वैठक सम्पन्न गरिएको।

४. गण्डकी प्रदेश सरकारद्वारा पहिलोपटक राखिएको विशिष्ट व्यक्ति सम्मान सम्बन्धी महत्वपूर्ण कार्यक्रम सम्पन्न गरिएको।

### ५.४.१२ वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय

**क. वित्तीय प्रगति**

**तालिका ५.२१ वित्तीय प्रगति (रु.हजारमा)**

| विवरण | चालु | पुंजीगत | जम्मा |
|---|---|---|---|
| जम्मा विनियोजन | ६१२३३८ | ३०६०६७ | ९१९२४७ |
| खर्च | ४४०५९४ | २५७०३२ | ६९७६२६ |
| खर्च प्रतिशत | ७१.८५ | ८३.९८ | ७५.८९ |

## ख. मुख्य उपलब्धि

१. १६० वटा गल्छी पहिरोको उपचार सम्पन्न,
२. ०.९८ कि.मी. खोला किनार संरक्षण,
३. वटा बस्ती संरक्षण,
४. ८,७०८ मिटर पदमार्ग निर्माण,
५. २९ वटा पूर्वाधारको संरक्षण,
६. वटा पानी मुहान संरक्षण,
७. ५,००० वटा बाँसको Culm उत्पादन,
८. १० वटा सिँचाइ कुलोको ६ कि.मी. भन्दा लामो खण्डमा मर्मत सुधार,
९. जिल्लाका पञ्चबर्षीय वन व्यवस्थापन कार्ययोजना तयार भएको,
१०. १०.२५ हेक्टर अतिक्रमण हटाइ बृक्षारोपण गरिएको,
११. लाख जडिबुटि प्रजाती तथा १ लाख ३० हजार फलफूल प्रजाती समेत गरी १४ लाख भन्दा बढी, विरुवा उत्पादन र वितरण,
१२. करिब ४०९ हेक्टर भन्दा बढी क्षेत्रफलमा वृक्षारोपण,
१३. ३७ वटा हरित उद्यान/पार्क निर्माण,
१४. १८ वटा वर पिपल चौतारी निर्माण र १० वटा मर्मत,
१५. निजी जग्गामा रोपणका लागि कृषि वनजन्य फलफूलका १,५०,००० विरुवा वितरण,
१६. ४५५ सामुदायिक वन र ६५ वटा कबुलियती वन गरी कूल ५२० वटा समूहका कार्ययोजना नवीकरण,
१७. १४ वटा सामुदायिक वन र १० वटा कबुलियती वन समूह गठन गरी १,६६१ हेक्टर वन क्षेत्र समूहलाई हस्तान्तरण,
१८. १ वटा धार्मिक वन समूह गठन र ३ वटा धार्मिक वन समूहमा पूर्वाधार निर्माण तथा व्यवस्थापन सहयोग,
१९. १३१ वटा जिल्ला तथा समूहस्तरका गोष्ठी सम्पन्न,
२०. ७१ वटा संरक्षण पोखरी र १० वटा सिमसार क्षेत्र व्यवस्थापन,
२१. वटा सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन,
२२. कुल ७,९०,९३२ क्यूफिट काठ र ४,४६८ चट्टा दाउरा बजारमा बिक्री बितरण,
२३. निजी आवादीबाट मात्र ४,८६,३३८.४६ क्यूफिट काठ उत्पादन र १,७५३.१४ चट्टा दाउरा उत्पादन,
२४. २,१०,९३७ क्यूफिट काठ र ४,३५२ चट्टा दाउरा आन्तरिक खपत,
२५. ११८ वटा फर्निचर समिल र जडिबुटी लगायतका वनजन्य उद्यम स्थापना,

२६. वटा कर्मचारीहरूको क्षमता अभिवृद्दी तालिमबाट ११० जना लाभान्वित,
२७. पञ्चासे वन संरक्षण क्षेत्रको डिजिटल नक्सा तयारी, १० वटा संरक्षण पोखरी निर्माण, ७ वटा विश्रामस्थल, १ वटा पानी मुहान संरक्षण, ४ वटा वन स्थलगत अभ्यास, होर्डिगं बोर्ड निर्माण,
२८. वटा EIA, ३ वटा IEE र २ वटा कार्यसूची तथा क्षेत्र निर्धारण प्रतिवेदन स्वीकृत (संघिय वन तथा वातावरण मन्त्रालयबाट),
२९. प्रदेश वन, वातावरण तथा भू संरक्षण मन्त्रालयबाट १ वटा EIA, ३ वटा IEE स्वीकृत,
३०. १० वटा तालतलैयाको मर्मत सम्भार र सौन्दर्यिकरणका कार्य सम्पन्न,
३१. १० वटा विषयगत अध्ययन अनुसन्धान सम्पन्न ,
३२. धौलागिरी संरक्षण क्षेत्र स्थापनाका लागि सम्भाव्यता अध्ययन,
३३. ३७ करोड ८७ लाख ३२ हजार ३ सय ९२ रुपैंया समूहलाई वन पैदावार बिक्री वितरणबाट प्राप्त,
३४. २७ करोड ५९ लाख ३७ हजार ३ सय ६८ रुपैंया राजस्व संकलन,
३५. वन पैदावार संकलनबाट २० लाख र कार्यक्रम कार्यान्वयनबाट २ लाख गरी कुल २२ लाख श्रमदिन भन्दा बढी रोजगारी सृजना भएको।

### ५.४.१३ मुख्य न्यायाधिवक्ताको कार्यालय

### क. वित्तीय प्रगति

**तालिका ५.२२ वित्तीय प्रगति (रु.हजारमा)**

| विवरण | चालु | पुंजीगत | जम्मा |
|---|---|---|---|
| जम्मा विनियोजन | १४४९९ | १००० | १५४९९ |
| खर्च | ११२६६ | २८७ | ११५५३ |
| खर्च प्रतिशत | ७७.७० | २८.७० | ७४.५४ |

### ख. सम्पादित मुख्य कार्य

१. प्रदेश तथा जिल्लास्तरका अदालतका सरकारी वकिल/बार एसोसियसनसँग तालिम छलफल अन्तरक्रिया कार्यक्रम नवलपुर, कास्की तथा बाग्लुङमा सम्पन्न भएको।
२. लुम्विनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेशको भ्रमण गरी अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न गरिएको।
३. मस्यौदा सहजीकरण समितिको विभिन्न मितिमा बैठक बसी ऐन कानून निर्माणमा सहयोग गरिएको।

४. आ. व. ०७७।७८ को वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गरिएको।
५. प्रदेश सरकारको प्रतिनिधित्व गर्दै विभिन्न मुद्दामा उच्च अदालत बाग्लुङ, कास्की र सर्वोच्च अदालतमा बहस पैरवी गरेको।
६. संविधान दिवसका अवसरमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको। स्थानीय तहबाटै विवाद समाधान गर्न सहज होस् भन्ने हेतुले न्यायिक समितिले निरुपण गर्ने मुद्दाको कारवाही सम्बन्धी हाते पुस्तक प्रकाशन गरिएको।
७. प्रदेश प्रहरीको ३ बर्षे रणनीतिक योजना निर्माण गरी सरकार समक्ष पेश गरिएको।
८. रायहरू/मस्यौदा समितिको संयोजक रही मस्यौदा माथि छलफल र संशोधन प्रस्ताव माथि छलफल गरिएको।
९. गण्डकी प्रदेशमा निर्मित कानूनहरूको जानकारी सम्बन्धी कार्यक्रम सम्पन्न।
१०. बाग्लुङ, कास्की, गोरखा, लम्जुङ तथा तनहुँ जिल्लास्थित कारागार निरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित निकाय (मुख्यमन्त्री र महान्यायाधिवक्ताको कार्यालय) समक्ष पेश गरिएको।
११. कानुनी राय तथा लिखित जवाफ सम्वन्धमा प्रदेश मातहतको मन्त्रालयका कानून अधिकृतहरूको दक्षता अभिबृद्धि तालिम सम्पन्न गरिएको।
१२. प्रदेशमा हाल कायम जम्मा १०० थान मुद्दा मध्ये ६९ चालु तथा ३१ फछ्र्यौट भएको।

### ५.४.१४ प्रदेश सभा सचिवालय

### क. वित्तीय प्रगति

**तालिका ५.२२ वित्तीय प्रगति (रु.हजारमा)**

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| जम्मा विनियोजन | १५,४९,१८ | ३,२२,०० | १८,७१,१८ |
| खर्च | १०,६०,४० | २,५७,०२ | १३,१७,४२ |
| खर्च प्रतिशत | ६८.४५ | ७९.८१ | ७०.४१ |

### १. मुख्य उपलब्धि

१. प्रदेश सभाको चौथो, पाँचौ र छैटौ अधिवेशनका जम्मा बैठक संख्या ७९ को अभिलेखीकरणका लागि भर्वेटिम (Verbatim) गरी पुस्तिका तयार गरिएको साथै प्रदेश सभाका अन्य अधिवेशनका बैठकहरूको भर्वेटिम कार्य भइरहेको।
२. अर्थ तथा विकास समितिको वेबसाइट निर्माण गरिएको।
३. प्रदेश सभामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धिका लागि विभिन्न प्रदेशको संसदीय

गतिविधिको अनुभव  आदान प्रदान गर्ने कार्य सम्पन्न भएको।

४. अर्थ तथा विकास समितिको वन व्यवस्थापन सम्बन्धमा सरोकारवालहरूसँग अन्तरक्रिया गोष्ठी सम्पन्न भएको।

५. सार्वजनिक लेखा समितिका पदाधिकारी र कर्मचारीहरूको क्षमता अभिवृद्धि सम्बन्धी तालिम सम्पन्न।

६. विधायन समितिबाट सरोकारवालाहरूसँग विधेयक निर्माणका सम्बन्धमा विभिन्न अन्तर्कियात्मक गोष्ठीहरू भएको।

## ५.४.१५ प्रदेश लोक सेवा आयोग

### क. वित्तीय प्रगति

**तालिका ५.२३ वित्तीय प्रगति (रु.हजारमा)**

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| जम्मा विनियोजन | ६८७०३ | १५००० | ८३७०३ |
| खर्च | ६१८७४ | १३९७९ | ७५८५३ |
| खर्च प्रतिशत | ९०.०६ | ९३.१९ | ९०.६२ |

### ख. मुख्य उपलब्धि

१. आयोगका ३० वटा बैठक सम्पन्न भई ४९ वटा निर्णय भएका।कर्मचारीहरूलाई कार्यसम्पादनमा उत्कृष्टता ल्याउन क्षमता विकास र उत्प्रेरणा सम्बन्धी अवसरहरू प्रदान गरिएको छ। आयोगले समय समयमा प्रदेश र स्थानीय तहका कार्यालयहरूमा निरीक्षण गरी सुझाव प्रदान गर्दै आएको छ। आयोगले प्रकाशन गरेको विज्ञापनबाट प्रदेश सरकारको राजश्व खातामा रु. ८ करोड ५६ लाख रकम जम्मा भएको छ।

२. आयोगले  प्राविधिक र अप्राविधिकतर्फका चौथो तहदेखि नवौं तहसम्म ३७ प्रकारका पदहरूको पाठ्यक्रम निर्माण गरेको छ। लिखित परीक्षाबाट अन्तरवार्ताका लागि छनौट भएका उम्मेदवारहरूको सामूहिक परीक्षण, कम्प्युटर सिप परीक्षण र प्रयोगात्मक परीक्षा सञ्चालन गरेको छ।

३. प्रदेश तथा स्थानीय तहमा कुल १४३ विज्ञापनमा आ.प्र.तर्फ १५, खुलातर्फ ९३० र समावेशीतर्फ ४६१ गरी जम्मा एक हजार चार सय छ पद सङ्ख्याको पदपूर्तिका लागि विज्ञापन प्रकाशन गरिएको छ। प्रकाशित विज्ञापनमा महिलातर्फ ८१ हजार नौ सय आठ र पुरुषतर्फ ९९ हजार तीन सय १४ गरी एक लाख ८१ हजार दुई सय २२ जना उम्मेदवारले विभिन्न समावेशी समूहमा समेत गरी जम्मा दुई लाख ८५ हजार तीन सय

९८ दरखास्त दिएका थिए।

४. लिखित परीक्षा सञ्चालनको लागि दक्ष/विज्ञहरूबाट ४९८ कच्चा प्रश्नपत्र सेटबाट परिमार्जन तथा मोडेरेसन गरी २६७ सेट परिमार्जित प्रश्नपत्र तयार गरिएको छ।

५. लिखित परीक्षा सञ्चालनका लागि एकै दिनमा ९३ केन्द्रसम्म कायम गरी एकै समयमा करिब २० हजार परीक्षार्थीको लिखित परीक्षा सञ्चालन गरिएको छ। लोक सेवा आयोग एवम् प्रदेश लोक सेवा आयोगको परीक्षा भवन, विभिन्न विद्यालय र क्याम्पस गरी जम्मा १०१८ परीक्षा केन्द्रमा परीक्षा सञ्चालन गरिएको थियो। परीक्षा केन्द्रमा एक दिनमा तीन हजारसम्म जनशक्ति परिचालन भएका थिए। दरखास्त दिएका मध्ये एक लाख ३२ हजार सात सय २४ जना उम्मेदवार परीक्षामा सम्मिलित भएका छन्।

६. प्रतिवेदन अवधिमा ८७ जना दक्ष वा विशेषज्ञद्वारा विभिन्न तहका १६ हजार पाँच सय ६८ विषयगत उत्तरपुस्तिका परीक्षण, नौ हजार सात सय ६५ वस्तुगत उत्तरपुस्तिका परीक्षण र OMR प्रविधिबाट एक लाख १० हजार चार सय ५० उत्तरपुस्तिका परीक्षण गरिएको छ। विषयगत उत्तरपुस्तिका समेत आयोगको कार्यालयमा महाशाखा प्रमुख/शाखा प्रमुखको सुपरिवेक्षणमा परीक्षण गराउने व्यवस्था मिलाईएको छ।

७. प्रतिवेदन अवधिसम्म प्रदेशतर्फ ७५ पद सङ्ख्याको लागि ३०० जना उम्मेदवार तथा स्थानीयतर्फ ११३६ पद सङ्ख्याको लागि २००४ जना गरी जम्मा २३०४ जना उम्मेदवार लिखित परिक्षाबाट अन्तरवार्तामा छनौट भएका छन्।

८. आयोगबाट यस अवधिमा दुई हजार तीन सय चार जना उम्मेदवारको अन्तर्वार्ता सञ्चालन भएको छ भने ५२१ महिला र ६६३ पुरुष गरी जम्मा ११८४ जना उम्मेदवार सिफारिस भएका छन्।

९. प्रदेश र स्थानीय तहका कुल १४३ विज्ञापन मध्ये समावेशीतर्फ ६६ विज्ञापनहरूबाट ४६१ सङ्ख्यामा समावेशी समूहका उम्मेदवारहरूको लागि विज्ञापन भएकोमा एक लाख चार हजार आठ सय ४३ जनाको अर्थात् ५७.८५ प्रतिशत आवेदन परेकोमा कुल सिफारिस सङ्ख्याको ४४.०० प्रतिशत महिला सिफारिस भएका छन्। सिफारिस भएका महिलाहरूमध्ये खुलातर्फ ३७ प्रतिशत र समावेशी समूहतर्फ ६३ प्रतिशत रहेका छन्। आदिवासी/जनजातिका लागि मात्र लक्षित विज्ञापनबाट ४१ महिला र ५६ पुरुष गरी ९७, मधेशी समुहलाई लक्षित विज्ञापनवाट १६ महिला र ५३ पुरुष गरी जम्मा ६९ तथा दलित समूह लक्षित विज्ञापनवाट ७ जना महिला र २२ जना पुरुष गरी जम्मा २९ जना उम्मेदवार सिफारिस भएका छन्। प्रदेशतर्फ चौथो तहमा ४४.८ प्रतिशत र स्थानीयतर्फ सोही तहमा अधिक ३५.२५ प्रतिशत समावेशी उम्मेदवार सिफारिस भएका छन्।

१०. आयोगबाट सिफारिस भएका मध्ये ९५९ जना उम्मेदवारहरूलाई कार्य जिम्मेवारी र सम्पादन गर्नुपर्ने कार्यहरू लगायतका विषयमा एक दिने सेवा प्रवेश अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ। अभिमुखीकरण कार्यक्रममा सम्बन्धित सेवा समूह एवम् विशेषज्ञ र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको समेत सहयोग प्राप्त भएको थियो।

११. परीक्षालाई अनुशासित, मर्यादित र व्यवस्थित रुपमा सञ्चालन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी र पोखरा महानगरपालिकाका कर्मचारीहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।

१२. परीक्षा केन्द्र रहेका विद्यालय र क्याम्पसका शिक्षक कर्मचारीहरूलाई परीक्षा सञ्चालनसँग सम्बन्धित नीति, नियम र आचारसंहिताबारे अभिमुखीकरण गरिनुका साथै ६० जना विद्यार्थीहरूलाई सार्वजनिक प्रशासनमा आकर्षण बढाउन आयोगको उद्देश्य, भूमिका, परीक्षा प्रणाली र कार्य सम्पादन प्रक्रियाका विषयमा एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।

१३. प्रथम वार्षिक प्रतिवेदनमा औंल्याइएका सुझावहरू कार्यान्वयनको चरणमा रहेका छन्। आयोगको काम कारवाहीलाई थप व्यवस्थित तुल्याइ अपेक्षित नतिजा हासिल गर्न सहयोग पुगोस् भन्ने हेतुले यस प्रतिवेदनमा सुझावहरू प्रस्तुत गरिएको छ।

**विज्ञापन प्रकाशन**

**प्रदेशतर्फ**

**तालिका ५.२४ प्रदेशतर्फको विज्ञापन**

| तह | विज्ञापन सङ्ख्या | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | आ.प्र. | खुला | महिला | आ.ज. | मधेशी | दलित | |
| चौथो | - | ८ | ७ | ३ | २ | २ | २२ |
| पाँचौ | - | १२ | ७ | २ | २ | १ | २४ |
| सातौं | - | ६ | २ | १ | - | - | ९ |
| आठौं | - | १ | १ | - | - | - | २ |
| नवौं | १३ | ९ | १ | - | - | - | २३ |
| जम्मा | १३ | ३६ | १८ | ६ | ४ | ३ | ८० |

## तालिका ५.२५ स्थानीयतर्फ

| तह | विज्ञापन सङ्ख्या | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | खुला | महिला | आ.ज. | मधेशी | दलित | |
| चौथो | १३ | ७ | ५ | ५ | ४ | ३४ |
| पाँचौ | १३ | ६ | ३ | २ | २ | २६ |
| सातौं | १ | - | - | - | - | १ |
| आठौं | १ | १ | - | - | - | २ |
| जम्मा | २८ | १४ | ८ | ७ | ६ | ६३ |

## तालिका ५.२६ दरखास्त संकलन

| तह | दरखास्त सङ्ख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| अधिकृत नवौं | १९ | ९६ | ११५ |
| अधिकृत आठौं | २७४ | ८०९ | १०८३ |
| अधिकृत सातौं | ७६१ | ८८७ | १६४८ |
| सहायक पाचौं | २१५२८ | ३६९८६ | ५८५१४ |
| सहायक चौथो | ५९३२६ | ६०५३६ | ११९८६२ |
| कुल जम्मा | ८१९०८ | ९९३१४ | १८१२२२ |

## तालिका ५.२७ लिखित नतिजा र सिफारिस

| तह | विज्ञापन सङ्ख्या | लिखित परिक्षाबाट छनौट | | | सिफारिस भएका | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| प्रदेश | १९ | २०३ | ९७ | ३०० | ३९ | ३६ | ७५ |
| स्थानीय | २४ | ८९७ | १०८६ | १९८३ | ४८२ | ६२७ | ११०९ |
| कुल जम्मा | ४३ | ११०० | ११८३ | २२८३ | ५२१ | ६६३ | ११८४ |

## तालिका ५.२८ सिफारिस

| सेवा | प्रदेश | | | स्थानीय | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| आर्थिक योजना तथा तथ्याङ्क | | १ | १ | १ | १ | २ | ३ |
| इन्जिनियरिङ | ३ | १६ | १९ | २७ | १७५ | २०२ | २२१ |
| कृषि | ८ | ८ | १६ | ७५ | १७९ | २५४ | २७० |
| विविध | १ | | १ | | ३ | ३ | ४ |
| शिक्षा | | | ० | ३ | ६ | ९ | ९ |
| स्वास्थ्य | २२ | १६ | ३८ | ३२६ | ३१३ | ६३९ | ६७७ |
| कुल जम्मा | ३१ | ४४ | ७५ | ३८२ | ७२७ | ११०९ | ११८४ |

## तालिका ५.२९ प्रदेशगत सिफारिस

| प्रदेश | सिफारिस सङ्ख्या | प्रतिशत |
|---|---|---|
| प्रदेश नं. १ | ६२ | ५.२४ |
| मधेश प्रदेश | ३६५ | ३०.८३ |
| बागमती प्रदेश | ८० | ६.७६ |
| गण्डकी प्रदेश | १७४ | १४.७० |
| लुम्बिनी प्रदेश | १२३ | १०.३९ |
| कर्णाली प्रदेश | २१० | १७.७४ |
| सुदूरपश्चिम प्रदेश | १७० | १४.३६ |
| कुल जम्मा | ११८४ | १००.०० |

## ५.५ बहुक्षेत्रीय पोषण कार्यक्रम

नेपाल सरकारको समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन सोच, दिगो विकास लक्ष्य तथा पन्ध्रौं पञ्चवर्षीय योजनाको लक्ष्य तथा गण्डकी प्रदेशको पहिलो पञ्चवर्षीय योजनाको लक्ष्य हासिल गर्न महिला, बालबालिका तथा किशोरीहरूको स्वास्थ्य तथा पोषणमा लगानी वृद्धि गर्नुपर्ने अवस्था छ। गण्डकी प्रदेशमा बालबालिका, महिला र किशोरीमा रक्तअल्पता एवम् बालबालिकामा ख्याउटेपना र पुड्केपनाको तथ्याङ्कीय नतिजा हेर्ने हो भने सन्तोष गर्ने अवस्था देखिंदैन।

**तालिका ५.३० प्रदेशमा पोषणको अवस्था**

| सूचक | नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०१६ | नेपाल बहुसूचक विषय सर्वेक्षण २०१९ | गण्डकी प्रदेशको २०८०/८१ सम्मको पञ्चवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| पुड्कोपनाको दर | २८=९ % | २२=६ % | १७=३ % |
| ख्याउटेपनाको दर | ५ =८ % | ८ % | १ % |
| कम तौल | १५ % | १५ % | ८ |
| बालबालिकामा रक्तअल्पताको दर | ४६ % | | १० % |
| प्रजनन् उमेरका महिलामा रक्तअल्पताको दर | २८ % | | १६ % |

यी समस्यालाई समाधान गर्नका लागि गण्डकी प्रदेशमा प्रदेशस्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिको गठन भई नियमित बैंठकहरू बस्ने गरेको छ। प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष एवम् प्रदेशस्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिका संयोजकको अध्यक्षतामा आ.व. २०७८/७९ मा **प्रदेशस्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिका तीनवटा बैंठकहरू** (मिति २०७८ असोज २० गते, २०७८ चैत्र २८ गते र २०७९ असार १९ गते) बसेका छन्। सो समितिले गरेका मुख्य मुख्य निर्णयहरू तपसिल वमोजिम रहेका छन्।

**२०७८/०६/२० गते सम्पन्न छैठौं बैंठकका निर्णयहरूः**

**निर्णय नं. १:** बहुक्षेत्रीय पोषण योजनासँग सम्बन्धित प्रदेश सरकारका विभिन्न मन्त्रालयबाट आ.व. २०७७/७८ मा सम्पादित कार्यक्रम तथा क्रियाकलापहरूको बारेमा समीक्षा तथा चालु आ.व. २०७८/७९ मा सञ्चालन हुने कार्यक्रम तथा क्रियाकलापहरूको बारेमा छलफल गरियो। साथै गत आ.व. मा विषयगत मन्त्रालयबाट कार्यक्रम कार्यान्वयनमा भएका कमिकमजोरीलाई सिकाईका रुपमा लिदैं चालु आ.व.मा थप प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. २:** बहुक्षेत्रीय पोषण योजना दोस्रो २०७५/७६-२०७९/८० को प्रभावकारी कार्यान्वयनका लागि प्रदेश नीति तथा योजना आयोगको संयोजन तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेशको नेतृत्व तथा प्रदेश अन्तरगतका सम्बन्धित सबै विषयगत मन्त्रालयको सहकार्य र समन्वयमा गण्डकी प्रदेशको पोषण पार्श्वचित्र तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** नेपाल सरकार र स्थानीय तहसँगको साझेदारीमा शिशु, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति र गर्भवतीको पोषण स्थितिमा सुधार ल्याउन बहुक्षेत्रीय पोषण सुधार कार्यक्रमलाई निरन्तरता दिन प्रदेश सरकारको आ.व. २०७८/७९ नीति तथा कार्यक्रमको बुँदा नं. ५ र बजेट

वक्तव्यको बुँदा नं. १८ मा रु. १ करोड ५० लाख बजेट छुट्टाउने निर्णय उल्लेख भएको तर वार्षिक कार्यक्रममा सो शीर्षक छुट्न गएको देखिएकोले बजेट वक्तव्यमा उल्लेख भएबमोजिमको बजेट व्यवस्थापनका लागि अर्थ मन्त्रालय, गण्डकी प्रदेशमा अनुरोध गरी पठाउने निर्णय गरियो।

<u>निर्णय नं. ४:</u> बहुक्षेत्रीय पोषण योजना दोस्रोमा उल्लेख भएवमोजिम विभिन्न जिल्लाका गाउँपालिका -नगरपालिका तथा वडातहमा गत आ.व. २०७७/७८ मा गठन भएका गाउँपालिका-नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको नियमित बैंठक र गठन हुन बाँकी सबै जिल्लाका स्थानीय तहमा चालु आ.व. २०७८/७९ भित्रमा सो समितको गठन तथा नियमित बैंठकका लागि प्रदेश नीति तथा योजना आयोगले समन्वय तथा सहजीकरण गर्ने साथै बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयनका लागि बजेट व्यवस्थापनको लागि सम्बन्धित स्थानीय तहहरूमा अनुरोध गरी पठाउने निर्णय गरियो।

<u>निर्णय नं. ५:</u> बहुक्षेत्रीय पोषण योजना अन्तर्गत गत आ.व. २०७७/७८ मा प्रदेश सरकारका विभिन्न मन्त्रालय, स्थानीय तह तथा विकास साझेदारबाट सम्पादित क्रियाकलापहरूको प्रगति र चालु आ.व. २०७८/७९ मा सञ्चालन हुने क्रियाकलापहरूको विवरण माग गर्ने निर्णय गरियो।

**२०७८ चैत्र २८ गते सम्पन्न सातौं बैठकका निर्णयहरूः**

<u>निर्णय नं. १:</u> बहुक्षेत्रीय पोषण योजना दोश्रोसँग सम्बन्धित प्रदेश सरकारका निम्न अनुसारका विषयगत मन्त्रालय तथा पोषणका क्षेत्रमा कार्यरत विकास साझेदार निकायहरूबाट प्रस्तुत गरिएको चालु आ.व. २०७८/७९ मा हालसम्म सम्पादित कार्यक्रम तथा क्रियाकलापहरूको प्रगति समीक्षा गरियो।

<u>निम्नः</u>

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा, संस्कृति, विज्ञान - प्रविधि तथा सामाजिक विकास मन्त्रालय, भूमि व्यव्स्था, कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालय, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, कृषि विकास निर्देशनालय, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय, शिक्षा विकास निर्देशनालय, स्वास्थ्य निर्देशनालय, पोषण पुनःस्थापना केन्द्र, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, रामघाट, पोखरा बहुक्षेत्रीय पोषण कार्यक्रम युनिसेफ नेपाल सुआहारा परियोजना।

<u>निर्णय नं. २:</u> माथि उल्लेखित प्रस्तुतकर्ताहरूबाट आगामी आ.व. २०७९/८० मा सञ्चालन गर्नुपर्ने र प्रदेश सरकारले विशेष जोड दिनुपर्ने कार्यक्रम तथा क्रियाकलापहरूको बारेमा सुझाव प्राप्त भयो । सबै प्रस्तुतकर्ताहरू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजनाबाट प्रस्तुत गरिएका सुझावहरूलाई तत् तत् मन्त्रालय/निकायहरूले आगामी आ.व.का लागि वार्षिक कार्यक्रम तर्जुमा गर्दा आफ्नो मन्त्रालय/निकायलाई प्राप्त हुने बजेट सिलिङ्ग भित्रैबाट पोषण संवेदनशील कार्यक्रम प्रस्ताव गर्ने तथा प्रदेश नीति तथा योजना आयोगकातर्फबाट समेत उच्च प्राथमिकता दिँदै समन्वय गर्ने निर्णय गरियो।

**<u>निर्णय नं. ३:</u>** आ.व. २०७८/७९ को स्वीकृत बजेटबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेश अन्तरगतका सम्बन्धित सबै विषयगत मन्त्रालयसँग सहकार्य र समन्वय गरी गण्डकी प्रदेशको पोषण पार्श्वचित्र तयार गर्ने कार्यलाई उच्च प्राथमिकता प्रदान गरी तदारूकताका साथ काम अगाडि बढाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

**<u>निर्णय नं. ४:</u>** बहुक्षेत्रीय पोषण योजना दोस्रोको प्रभावकारी कार्यान्वयनका लागि आमा, बालबालिका (सुनौलो हजार दिन) तथा किशोरीहरू केन्द्रित पोषण कार्यक्रमका लागि आ.व. २०७९/८० को आफ्नो- आफ्नो बजेट सिलिङ्गबाट थप कार्यक्रमहरू तर्जुमा गर्नका लागि सबै विषयगत मन्त्रालय र निर्देशनालयहरूलाई अनुरोध गर्ने निर्णय गरियो।

**<u>निर्णय नं. ५:</u>** आजको बैठकमा प्रस्तुतीकरण तथा छलफलमा सहभागी हुने विषयगत मन्त्रालयहरू, निर्देशनालय तथा विकास साझेदारको सबै सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

**२०७९ / ०३ / १९ गते सम्पन्न आठौं बैंठकका निर्णयहरू:**

**<u>निर्णय नं. १:</u>** बहुक्षेत्रीय पोषण योजनासँग सम्बन्धित प्रदेश सरकारका विभिन्न मन्त्रालय, निर्देशनालय तथा निकायहरूबाट चालु आ.व. २०७८/७९ मा सम्पादित कार्यक्रम तथा क्रियाकलापहरूको भौतिक तथा वित्तीय प्रगति समीक्षा गरियो।

**<u>निर्णय नं. २:</u>** बहुक्षेत्रीय पोषण योजना दोस्रो (२०७५/७६-२०७९/८०) को प्रभावकारी कार्यान्वयनका लागि मुख्यमन्त्री तथा मन्त्रिषरिषद्को कार्यालय र सबै विषयक्षेत्रगत मन्त्रालय (शिक्षा, संस्कृति, विज्ञान-प्रविधि तथा सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय) तथा निर्देशनालय (शिक्षा विकास निर्देशनालय, स्वास्थ्य निर्देशनालय, कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय) ले आगामी आ.व. २०७९/८० का लागि समावेश गरिएका पोषण सम्बन्धी नीति तथा कार्यक्रम र बजेटका साथै आगामी कार्यदिशाका बारेमा छलफल गरियो। साथै विषयगत मन्त्रालय र निर्देशनालयहरूले सो बजेट तथा कार्यक्रमहरू २०७९ श्रावण मसान्तसम्ममा प्रदेश नीति तथा योजना आयोगमा पेश गर्ने निर्णय गरियो।

**<u>निर्णय नं. ३:</u>** वर्षाको समयमा सरसफाइ तथा पोषणयुक्त खाद्यान्नको अभावका कारण विशेषगरी बालबालिका किशोरी तथा सुनौलो हजार दिनका महिलाहरू बढी जोखिममा पर्न सक्ने सम्भावनालाई ध्यानमा राखी बढी जोखिममा पर्नसक्ने स्थान र समुदायमा पोषणको अवस्था बिग्रन नदिन पोषण तथा सरसफाइ र खाद्य सामग्रीको मौज्दात सुनिश्चित गर्नुका साथै सम्भावित जोखिम क्षेत्र पहिचान गरी विशेष निगरानी र सजगता अपनाउन तथा सम्भाव्य प्रकोप व्यवस्थापनका लागि सबै स्थानीय तहमा ६ देखि ५९ महिनाका बालबालिकाहरूको नियमित पोषणको लेखाजोखा (MUAC Screening)

तथा सचेतनात्मक क्रियाकलापहरू सञ्चालनको व्यवस्था सम्बन्धित मन्त्रालय तथा निर्देशनालयहरूबाट मिलाउने निर्णय गरियो।

**निर्णय नं. ४:** बालबालिका, किशोरी र महिलाको पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार र स्थानीय तहसँगको साझेदारीमा सञ्चालित बहुक्षेत्रीय पोषण सुधार कार्यक्रमको र विशेष अनुदान मार्फत सञ्चालित आमा तथा बालबालिकाको पोषण सुधार आयोजनाको लागि प्राप्त बजेटको वार्षिक कार्यक्रम तथा क्रियाकलापहरूको मस्यौदा तर्जुमा गरी २०७९ श्रावण मसान्तसम्ममा प्रदेश नीति तथा योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने निर्णय गरियो ।साथै सो कार्यक्रम तथा क्रियाकलापको मस्यौदा तर्जुमा सम्बन्धमा थप स्पष्ट हुनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगबिच बैंठक बस्ने निर्णय गरियो।

१. **निर्णय नं. ५:** गण्डकी प्रदेशमा रहेका सबै पोषण पुनर्स्थापना गृहहरूको पुनरावलोकन गरी पोषण पुनर्स्थापना गृहको क्षमता वृद्धि वा विस्तार सम्बन्धी निर्णयका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गरी पठा गण्डकी प्रदेशमा बहुक्षेत्रीय पोषण कार्यक्रम आ.व. २०६८।६९ देखि नवलपरासी पूर्व जिल्लाबाट नेपाल सरकारले शुरूवात् गर्दै आ.व. २०७७।७८ मा गोरखा, म्याग्दी र बाग्लुङ गरी ३ वटा जिल्ला विस्तार भयो भने आ.व. २०७८।७९ मा लमजुङ, तनहुँ, स्याङजा, पर्वत, मनाङ र मस्ताङ गरि थप ६ वटा जिल्लाहरू विस्तार भई हालसम्म १० जिल्लाका ८० वटा स्थानीय तह (कास्की बाहेक) मा यो कार्यक्रम सञ्चालनमा रहेको छ।

२. पूर्ण प्याकेज कार्यक्रम तथा आंशिक प्याकेज सञ्चालन कार्यक्रम भएका १० जिल्लाका ८५ स्थानीय तहमा पनि गाउँपालिका/नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन भइसकेको अवस्था छ। यस आ.व. मा विस्तार भएका लमजुङ, तनहुँ, स्याङजा, पर्वत, मनाङ र मस्ताङ गरी थप ६ वटा जिल्लाका ४५ वटा स्थानीय तह गाउँपालिका/नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन भई क्रियाशील रहेका छन् साथै ४५ वटा स्थानीय तहमा अध्यक्ष प्रमुख उपाध्यक्ष उपप्रमुख कार्यपालिकाका सदस्य प्रमुख प्रशासकीय अधिकृत र सबै विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरूलाई एक एक दिनको अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएकोछ। साथै अधिकांश स्थानीय तहमा वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन भएका छन् गठन हुन बाँकी स्थानीय तहमा आगामी आ.व. मा गठन गरी क्रियाशील गराउने योजना रहेको छ।

३. आंशिक प्याकेज सञ्चालन भएका ७ जिल्लामा जिल्लास्तरीय अभिमुखीकरण सम्पन्न भएको .

४. स्थानीय तहमा कार्यक्रमको सहजीकरणको लागि १।१ जना पोषण स्वयंसेवक नियुक्ति भई कार्यरत रहेका।

स्वयंसेवकको क्षमता विकासको लागि आधारभूत तालिम र अनलाइन प्रतिवेदनको लागि तालिम

सहित १/१ थान ट्याबलेट उने निर्णय गरियो।

५. प्रदान गरिएको।

**तालिका ५.३१ गण्डकी प्रदेशमा बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन**

| क.सं. | विवरण | पूर्ण प्याकेज | | आंशिक प्याकेज | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | स्थानीय तह | जिल्ला | स्थानीय तह | जिल्ला | स्थानीय तह |
| १ | कार्यक्रम कार्यान्वयन | १ | ८ | ९ | ७२ | १० | ८० |
| २ | गत आ.व. २०७८/७९ मा विस्तार भएको कार्यक्रम | ० | ० | ६ | ४५ | ६ | ४५ |

**कार्यक्रम कार्यान्वयनमा देखिएका मुख्य चुनौती तथा समस्याहरू**

१. स्थानीय तहबाट पोषणको विषयलाई प्राथमिकतामा राखी पोषण लक्षित क्रियाकलापमा पर्याप्त बजेट विनियोजन गर्न नसकेको।

२. सशर्त अनुदानको रकम शर्त बाहिर खर्च गरेको।

३. कतिपय अवस्थामा कार्यक्रममा दोहोरोपना समेत देखिएको।

४. नियुक्त भएका स्वयंसेवकहरू मध्ये कतिपयलाई अन्य प्रशासनिक तथा सहयोगी भूमिकाका काममा खटाइएको।

५. लक्षित वर्ग छनौट गर्दा प्राथमिकतामा परेका वर्गलाई छनौट नगरिएको।

६. कार्यक्रम तर्जुमा गर्दा लक्षित वर्ग केन्द्रित नगरी सबैलाई समेट्ने भनी बाँडफाँड गर्ने गरेको।

७. योजना छनौट गर्दा मार्गदर्शनको पालना नगरेको समेत देखिएको।

८. कार्यक्रमको प्रतिवेदन प्रदेश तथा संघलाई समयमा नभएको।

९. मन्त्रालयबाट समयमै बजेट निकासा गर्न नसकिएको।

१०. पोषण पैरवी र सचेतनाको लागि पर्याप्त कार्यक्रमहरू सञ्चालन गर्न नसकिएको।

११. पोषणको ज्ञान अभिवृद्धि र स्थानीय तहको क्षमता विकासको लागि पर्याप्त कार्यक्रम र जनशक्ति व्यवस्थापन गर्न नसकिएको।

# परिच्छेद छः
# विकासका समस्या, चुनौती, व्यवस्थापन तथा भावी कार्यदिशा

## ६.१ समस्या तथा चुनौती

गण्डकी प्रदेश सरकारले समृद्ध प्रदेश सुखी नागरिकको दीर्घकालीन सोच राखेको छ। मर्यादित जीवन, समावेशी, न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज सहितको समृद्ध प्रदेश बनाउने लक्ष्य हासिल गर्नका लागि उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिएको छ। समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न पर्यटन, कृषि, उर्जा, उद्योग, पूर्वाधार र मानव संसाधन विकासलाई प्राथमिकता प्राप्त क्षेत्रको रुपमा अगाडि सारेको छ। सबै प्रकारको विकासका लागि सुशासनलाई आधार मानेको छ। दिगो, फराकिलो र उच्च आर्थिक वृद्धि हासिल गरी समृद्ध प्रदेशको आधारशिला निर्माण, गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छ वातावरणमा पहुँच पुर्याई सबै नागरिकलाई सामाजिक सुरक्षा उपलब्ध गराई सन्तुलित, न्यायिक र समतामूलक समाजको प्रत्याभूति गराउने उद्देश्यका साथ प्रथम पञ्चवर्षीय योजना कार्यान्वयनमा रहेको छ। प्रदेशको आवधिक योजनाले मुलुकको पन्ध्रौं योजनाका लक्ष्यहरू प्राप्तिमा ठूलो मद्दत गर्ने विश्वास गरिएको छ। प्रदेश नीति तथा योजना आयोगले आफ्नो काम कारवाहीका सिलसिलामा विगत तीन वर्षको अनुभवमा प्रथम पञ्चवर्षीय योजनाका सोच, लक्ष्य र उद्देश्य हासिल गर्न प्रदेश सरकारले ल्याएका वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनका क्रममा देहाय अनुसारका समस्या तथा चुनौतीहरू अनुभव गरेको छः

**समस्याहरू**

नेपाल सङ्घीयता कार्यान्वयनको प्रारम्भिक चरणमा छ। लामो समय देखि केन्द्रीकृत शासन व्यवस्था अभ्यास गरी भर्खरै सङ्घीय ढाँचामा रुपान्तरित भएकाले अधिकांश कार्यकारी अधिकार सङ्घीय सरकार मातहत नै रहेका छन्। संविधानका अनुसूचीमा उल्लेखित तीन तहका सरकारका अधिकार सूचीहरूको आधारमा सङ्घीय सरकारमा काम गर्ने राजनीतिक तथा प्रशासनिक नेतृत्वले आफूले प्रयोग गरिरहेको कार्यकारी अधिकार ढिलो गरी स्थानीय तह तथा प्रदेश सरकारलाई हस्तान्तरण गर्दैछन्। सङ्घीय सरकारबाट स्थानीय तथा प्रदेश सरकारमा कार्यकारी अधिकार हस्तान्तरणमा ढिलाइ हुँदा स्थानीय तथा प्रदेश सरकारका विकास आयोजना कार्यान्वयनमा ढिलाइ हुनुको साथै समग्र सुधार तथा विकासको गतिलाई सीमित तुल्याएकोछ। प्रदेशमा रहेका अधिकांश भौतिक संरचना र सम्पत्तिहरूको स्वामित्व जस्तैः भवन, औजार, प्रयोगशाला, अस्पताल, जग्गा, विश्वविद्यालय, आदि सङ्घीय सरकारसँग छ। सङ्घीय सरकारले आफू मातहत रहेका भौतिक संरचना र सम्पत्तिहरूको स्वामित्व प्रदेश सरकारमा हस्तान्तरण गर्न रूची नदेखाइँदा प्रदेश सरकारका कार्यक्रमहरू सञ्चालन गर्न एवम्

कार्यान्वयन गर्न सहज हुन सकेको छैन। प्रदेश स्तरका नीति तथा योजना तर्जुमा र कार्यान्वयनको मेरुदण्ड मानिने तथ्याङ्क प्रणाली केन्द्रीकृत हुनु र तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र व्यवस्थापन हेर्ने प्रदेशगत संस्थागत संरचना नहुँदा प्रदेश, जिल्ला र स्थानीयस्तरमा एकीकृत तथ्याङ्कको अभाव रहेको छ। सरकारलाई नीति तथा योजना तर्जुमा र निर्णय निर्माणमा आवश्यक पर्ने खण्डीकृत तथ्याङ्क उपलब्ध नहुँदा कठिनाइहरू भोग्नु परेको छ। प्रदेशमा तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गर्न दक्ष जनशक्तिको कमी हुनु, प्रदेशमा कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित भइनसक्नु, प्रदेश र स्थानीय तहमा जनशक्ति पर्याप्त नहुनु जस्ता अप्ठ्यारा छन्। प्रदेशले भोगेका मूल समस्याहरू देहाय बमोजिम छन्ः

१. **आयोजना छनौट, वर्गीकरण तथा जिम्मेवारी निर्धारणमा समस्याः** सङ्घीयताको मर्म अनुसार स्थानीय विशिष्ट आवश्यकता सम्बोधन गर्न र क्षेत्रगत प्राथमिकता निर्धारण सहितको आयोजना छनौट र कार्यान्वयन गर्न कुन तहको सरकारले के कस्ता आयोजना कार्यान्वयन गर्न उपयुक्त हुन्छ भन्ने सीमाङ्कन र वर्गीकरण नहुँदा आयोजनामा दोहोरोपना आउनुका साथै साना आयोजनाको संख्या अधिक हुँदा गुणस्तर कायम गर्न समेत कठिनाइ भएको छ। उपलब्ध सीमित स्रोत साधनको प्रभावकारी प्रयोगमा चुनौती खडा भएको छ। तीन तहका सरकारले सञ्चालन गर्ने आयोजनाहरूको प्रष्ट वर्गीकरण भएको छैन। कुन आयोजनाको जिम्मेवारी कसले लिने अस्पष्टता छ। योजना छनौट र वर्गीकरणको वैज्ञानिक र साझा मापदण्ड तथा कार्यविधि नहुँदा कुनै आयोजनाको लागि तीनवटै तहबाट बजेट विनियोजन हुने र अन्य महत्त्वपूर्ण आयोजनाको लागि बजेट अभाव हुने समस्या सर्वत्र देखिएको छ। योजनाको स्वामित्व तथा दिगोपनामा समेत यसले असर गरेको छ। राष्ट्रिय योजना आयोगले प्रदेश योजना आयोग समेतको संलग्नतामा विकास गरेको आयोजना वर्गीकरण मापदण्ड पनि प्रयोगमा आउन सकेको छैन।

२. **पर्याप्त तयारी बिना बहुवर्षे आयोजना छनौट हुनुः** प्रदेशका प्राथमिकताप्राप्त कार्यक्रम तथा आयोजना निर्धारण गर्ने सम्बन्धमा स्पष्ट कानूनी आधार र मापदण्ड निर्माणको क्रममा रहेका छन्। जसको कारण ती प्राथमिकताप्राप्त कार्यक्रम तथा आयोजनालाई विनियोजन गनुपर्ने स्रोतको बारेमा प्रदेशको प्रष्ट धारणा बन्ने क्रममा छ। कतिपय आयोजना सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन र विस्तृत परियोजना प्रतिवेदन बिना नै कार्यान्वयनमा लैजाने र खरिद गुरूयोजना अनुसार बजेट विनियोजन नभएका कारण आयोजनाले आवश्यक स्रोत प्राप्त गर्न कठिनाइ हुने देखिएको छ। प्राथमिकता प्राप्त आयोजना र बहुवर्षीय आयोजनाको छनौट पर्याप्त तयारी बिना नै हुनुले साधनको सही उपयोग नहुने र योजना अलपत्र भै प्रदेश सरकार प्रति जनताको विश्वास घट्ने खतरा देखिएको छ।

३. **आयोजनाको समग्र व्यवस्थापन सूचना प्रणाली विकास नहुनुः** आयोजना कार्यान्वयन, प्रगतिको आवधिक तथा निरन्तर अनुगमन र समीक्षा, प्रभाव मूल्याङ्कन र दिगोपनाका लागि आयोजना

व्यवस्थापन सूचना प्रणालीको  विकास हुन अपरिहार्य हुन्छ। प्रदेशमा आयोजनाको एकीकृत व्यवस्थापन प्रणाली विकास भएको छैन। कतिपय निकायले आयोगबाट स्वीकृत ढाँचा अनुसारका फाराम प्रयोग गर्न सिक्दै गरेको र आयोगले मागेको सूचना तथा प्रतिवेदन तोकिएको ढाँचामा समयमा नै तयार गरी पठाउन नसक्दा कार्यक्रमको समीक्षा तथा मूल्याङ्कन गर्न कठिनाइ भैरहेको छ। प्रदेशको आयोजना व्यवस्थापन सूचना प्रणाली विकास गर्न उपयुक्त संरचना, जनशक्ति र स्रोतसाधन पर्याप्त मात्रामा उपलब्ध छैन।

४. **विकास निर्माणका प्रक्रियागत तथा कार्यविधिगत समस्याः** तीन तहका सरकारले तोकेका सडक मापदण्ड एकआपसमा मेल नखाँदा सडक निर्माणमा अन्यौलता आउनु, स्थानीय तहले इन्जिनियरिङ अध्ययन बिना जथाभावी डोजर र एक्जाभेटरको प्रयोग गर्दा भू-स्खलन हुनु र बाढी, पहिरो जानु, राष्ट्रिय वन क्षेत्रमा पूर्वाधार निर्माण गर्दा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने प्रक्रिया लामो र झन्झटिलो हुनु,  नदीजन्य पदार्थ जस्तैः ढुङ्गा, गिट्टी, बालुवाको अनधिकृत उत्खनन् हुनु, क्रसर उद्योग विद्यमान कानूनी मापदण्ड पालन नगरी सञ्चालन हुनु, ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर-बहत्तरको राजस्व नियमित नहुनु, स्थानीय तह तथा प्रदेशले आयोजना कार्यान्वयनको लागि आवश्यक मापदण्ड, कार्यविधिहरू तयार गरी कार्यान्वयनमा ल्याउन नसक्नु आदिले विकास निर्माणका काममा अवरोध सिर्जना भएको छ।

५. **स्थानीय तहको आवधिक योजनाको अभावः** स्थानीय तहको पहिलो कार्यकाल सम्पन्न हुँदा पनि कतिपय  स्थानीय तहले आवधिक योजना तर्जुमा गर्न सकेका छैनन्। यसले स्थानीय तहको प्राथमिकता र ठूला आयोजना निर्धारणमा समस्या आउनु र विकासको प्रष्ट मार्ग निर्धारण नहुनुले प्रदेश सरकारलाई समेत अप्ठ्यारो परेको छ।अधिकांश स्थानीय तहमा मध्यमकालीन खर्च संरचना निर्माण नहुनाले स्रोतको प्रक्षेपण र योजनामा स्रोतको सुनिश्चिततामा कठिनाइ आएको छ।

६. **कानूनको अभाव हुनु** ः सङ्घीय निर्देशक कानूनहरू र नेपाल सरकारसँग साझा अधिकारका क्षेत्रभित्र संविधानको अनुसूची-७ मा परेका विषय र नेपाल सरकार र स्थानीय तहसँग साझा अधिकारका क्षेत्रभित्र अनुसूची-९मा परेका विषयमा सङ्घीय कानून नबन्दा प्रदेश तहका नीति निर्माण र योजना तर्जुमा तथा कार्यान्वयन र प्रदेशका कतिपय कानून निर्माण गर्न समस्या देखिएका छन्।

७. **प्रदेश तथ्याङ्क प्रणाली नहुनुः** प्रदेश सरकारका हरेक निर्णयहरू तथ्यमा आधारित हुनु पर्दछ तर प्रदेशमा त्यस्तो संरचना नै नभएकाले प्रदेश सरकारले लिने निर्णयहरू यथार्थपरक नहुने जोखिम रहेको छ। प्रदेश तथ्याङ्क कार्यालयको अभावमा तथ्याङ्कीय व्यवस्थापनका कार्यहरूलाई प्रदेशको आवश्यकता, बदलिँदो परिवेश र अन्तर्राष्ट्रिय मूल्यमान्यता अनुरूप व्यवस्थित रूपमा अगाडि बढाउन समस्या देखिएको छ।

८. **आयोगको काम ऐनबाट व्यवस्थित नहुनुः** आयोगको सांगठनिक संरचना गठन तथा सञ्चालन आदेशको भरमा रहेको र आयोगको काम, कर्तव्य र अधिकार ऐनबाट व्यवस्थित हुन नसक्दा आफ्नो कार्यक्षेत्रभित्रका कतिपय समस्या समाधानका विषयहरूमा पहिचान गरेका उपायहरू आयोगबाट प्रभावकारी ढङ्गमा समयमै कार्यान्वयनमा ल्याउन कानूनी तथा व्यवहारिक कठिनाइ रहेको छ। साथै राष्ट्रिय योजना आयोग र प्रकृतिक स्रोत तथा वित्त आयोगको प्रादेशिक समन्वयको कार्य कानूनद्वारा प्रदेश नीति तथा योजना आयोगबाट हुने व्यवस्था हुन नसक्दा नीति तथा योजना आयोगको परम्परागत भूमिका समेत संकुचन भएको छ। आयोगको भूमिकामा संकुचन हुँदा स्रोतको व्यवस्थापन, आयोजनाको नियमितता, प्राथमिकता निर्धारण, नीतिको प्रभावकारी कार्यान्वयन तथा समन्वयनमा समेत समस्या उत्पन्न भै आवधिक योजनाको कार्यान्वयनमा कठिनाइ देखिएको छ।

९. **आयोगमा जनशक्ति र साधनस्रोतको अभावः** आयोगलाई प्राप्त कार्यदिश तथा काम कर्तव्य र अधिकार क्षेत्रका कार्यहरू प्रभावकारी रुपमा सम्पादन गर्न आयोगको साङ्गठनिक एवम् व्यवस्थापकीय संरचना मजबुत र स्रोतसाधन सम्पन्न बनाई क्रियाशील बनाउने कार्य अपेक्षाकृत रूपमा हुन सकेको छैन। आयोगको जनशक्ति एवम् साधनस्रोतको विषयमा उचित ध्यान पुर्याउन सकिएको छैन। प्रदेश सरकारले आयोगको लागि २३ जना कर्मचारीको दरबन्दी स्वीकृत गरेकोमा स्वीकृत दरबन्दी अनुसार कर्मचारी व्यवस्था हुन नसकेको, कार्यालय चलाउनका लागि विभिन्न कार्यालयबाट कर्मचारी काजमा ल्याएर काम चलाउनु परेको, विषयगत मन्त्रालयका कार्यक्रमको समन्वय अनुगमन तथा योजना निर्माणका लागि मुख्य विषयगत सेवाकाकर्मचारी नहुँदा तथ्य तथा सूचनामा आधारित भएर नीतिगत विश्लेषण, गर्ने र आयोजना तथा कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गरी वस्तुनिष्ठ पृष्ठपोषण प्रदान गर्ने कार्यमा समस्या देखिएको छ।

१०. **आयोगसँग सीमित स्रोतसाधनः** योजना तर्जुमा, नीति निर्माण, ठूला परियोजनाको अध्ययन, समन्वय, अनुसन्धान तथा विकासका बहसहरू निरन्तर चलाई रहनु आयोगको कर्तब्य हो। तर यस्ता आधारभूत कार्यमा समेत स्रोतको अभाव हुदाँआयोगको समग्र कार्य सम्पादनमा नकारात्मक असर परेको छ।

११. **आयोगमा काम गर्ने कर्मचारीको क्षमताः** आयोगको कार्य प्रकृति अनुसार नीति योजना तथा कार्यक्रमको तर्जुमा, विश्लेषण, अनुगमन र मूल्याङ्कन लगायतका प्रशासनिकभन्दा बढी बौद्धिक र अनुसन्धानात्मक कार्यमा लाग्नुपर्ने हुन्छ। दक्ष जनशत्तीको अभाव, भएका दरबन्दी पूर्ती नहुनु, उपलब्ध कर्मचारीलाई आयोगको कार्यक्षेत्रमा दक्ष बनाउन पर्याप्त उत्प्रेरणाका कार्यक्रमहरूसमेत नहुँदा आयोगको कार्यसम्पादनमा प्रभावकारिता एवम् कार्यदक्षता अभिवृद्धि गर्न कठिनाइ सिर्जना भएको छ।

**चुनौतीहरू**

१. प्रदेश सरकारका आयोजनाहरू छनौट तथा वितरणमा क्षेत्रीय सन्तुलन मिलाउन, विकासको लाभ सबै वर्ग, क्षेत्रका जनतालाई अनुभूति हुने गरी दिलाउनका लागि लाभ र लागतका आधारमा आयोजनाहरूको छनौट तथा कार्यान्वयनको विधि र मापदण्ड सहितको आयोजना बैंक स्थापना र कार्यान्वयन गर्नु।

२. प्रदेश नीति तथा योजना आयोगको कार्यदिश अनुसार विकास निर्माणलाई गति दिन तहगत सङ्गठनहरूका बिचमा समन्वय र सहजीकरण गर्ने र तीनै तहका सरकारका योजना तथा कार्यक्रमहरूका बिचमा सामाञ्जस्यता कायम राख्दै प्रदेशको बृहत्तर हितमा विकासका प्रयासहरूलाई एकीकृत ढंगबाट समन्वय गर्नु।

३. सन् २०३० सम्ममा गण्डकी प्रदेशलाई मध्यम आय भएको प्रदेशको स्तरमा पुग्न आवश्यक पर्ने दीर्घकालीन सोच, नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्न चाहिने स्रोतको व्यवस्थापन गर्नु।

४. नेपालले सन् २०१६ देखि अङ्गीकार गरेको दिगो विकास लक्ष्यहरू राष्ट्रिय नीति, योजना तथा कार्यक्रमहरूमा समाहित भैसकेका र प्रदेशस्तरमा पनि प्रथम पञ्चवर्षीय योजनादेखि नै ती लक्ष्यहरू समावेश गरिएकोले दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गरी प्रदेश तथा स्थानीय तहका  वार्षिक विकास कार्यक्रम र आवधिक योजना मार्फत दिगो विकास लक्ष्य प्राप्तिमा केन्द्रित गर्नु। उक्त लक्ष्य प्राप्तिका लागि आवश्यक स्रोतहरूको व्यवस्थापन गरी सूचकहरूको वस्तुनिष्ठ अनुगमन तथा मूल्याङ्कन गरी नीति निर्मातालाई पृष्ठपोषण गर्नु।

५. दिगो विकास लक्ष्य (SDGs) प्राप्तिका लागि आवश्यक स्रोतहरूको व्यवस्थापन गरी सूचकहरूको वस्तुनिष्ठ अनुगमन तथा मूल्याङ्कन गरी नीति निर्मातालाई पृष्ठपोषण गर्नु। दिगो विकास लक्ष्यका सूचकहरूलाई योजना र बजेटमार्फत् स्थानीयकरण गर्नुका साथै तिनको प्रगति स्थितिको प्रतिवेदन तथा समीक्षा नियमित गर्नु।

६. प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले परिलक्षित गरेका प्रदेशको सामाजिक-आर्थिक विकासमा योगदान पुर्याउन सक्ने आयोजना र परियोजनाहरू  छनौट गरी लगानीको सुनिश्चितता प्रदान गर्नु।

७. सार्वजनिक-निजी साझेदारी, प्रत्यक्ष वैदेशिक लगानी, विकास सहायता लगायतका आन्तरिक र बाह्य स्रोतहरूको समेत पहिचान गरी आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्न सक्ने क्षेत्रमा लगानीकर्ताहरूको आकर्षण बढाउने, लगानी ढाँचा बनाउनु र लगानी सम्मेलनको माध्यमबाट आन्तरिक र वाह्य लगानीकर्ताहरूलाई आकर्षित गर्नु।

८. आयोजना व्यवस्थापन, सञ्चालन र अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत गर्नु र आयोजना र कार्यक्रमको वस्तुनिष्ठ सूचकहरूको आधारमा नियमित निरीक्षण, अनगुमन तथा मूल्याङ्कन

प्रणालीको विकास गरी हरेक निकायद्वारा गरिने निरीक्षण, अनुगमन तथा मूल्याङ्कन बिच एकरूपता कायम गरी निर्धारित समय, गुणस्तर र लागतमा आयोजनाहरू सम्पन्न हुने वातावरण बनाउनु।

९. प्रदेशको आन्तरिक आय अभिवृद्धिका लागि सम्भाव्य स्रोतहरूको खोजी गरी कानूनी व्यवस्थापन, संरचनागत सुधार तथा आवश्यक जनशक्ति परिचालन गर्नु।

१०. प्रदेश र स्थानीय तहहरूलाई योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा अनुशिक्षण सम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गरी उनीहरूको क्षमता एवम् दक्षता अभिवृद्धि गर्नु।

११. प्रदेशका विभिन्न निकायलाई चाहिने आवश्यक सीप र समायोजन भएर प्रदेशमा आएका कर्मचारीसँग भएको सीप र ज्ञान बिच ठूलो खाडल रहेकोले तालिम र क्षमता वृद्धि कार्यक्रम मार्फत् उक्त सीप र ज्ञानको खाडल पूरा गर्नु।

१२. पुँजीगत खर्च बढाउदै चालु खर्चको अंश क्रमशः घटाउदै लैजानुपर्ने सिद्धान्त अनुरुप प्रदेशमा स्थापना भएका मन्त्रालय, निकाय र कार्यालयहरूको कारण चालुखर्चमा भार थपिदै जानु, विषयगत मन्त्रालयहरूले जिल्लामा कार्यालयहरू थप्न जोडदिने गर्दा पुँजीगत बजेटमा दबाब बढ्दै जानुले जिल्लामा प्रदेशको एकीकृत सेवा केन्द्र मार्फत सबै मन्त्रालय र निकायका सेवा प्रवाह गर्ने गरी प्रशासनिक पुनर्संरचना गर्नु।

## ६.२ विकास व्यवस्थापन

गण्डकी प्रदेश सरकारले समृद्ध प्रदेश सुखी नागरिकको दीर्घकालीन सोच, उच्च उत्पादन, मर्यादित जीवन, समावेशी, सभ्य, न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज भएको समृद्ध प्रदेश बनाउने लक्ष्यका साथ उत्पादन र उत्पादकत्व वृद्धि गर्दै समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न प्रथम पञ्चवर्षीय योजना कार्यान्वयनमा ल्याएको छ। राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, संविधानप्रदत्त नागरिकका मौलिक हक सम्बन्धी कानूनहरूको कार्यान्वयनका लागि दीर्घकालीन सोच सहितको आवधिक एवम् वार्षिक योजना तथा विषय क्षेत्रगत कार्यक्रमको तर्जुमा, तिनको प्रभावकारी कार्यान्वयनको अहम् भूमिका हुन्छ। अतः यस तथ्यलाई आत्मसात् गर्दै योजना तर्जुमा तथा व्यवस्थापनका क्षेत्रमा प्रदेश नीति तथा योजना आयोगले निम्न लिखित कार्यदिशा लिएको छः-

१. प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले प्रदेशमा समतामूलक आर्थिक विकास र समृद्धिका नतिजा हासिल गर्नका लागि दीर्घकालीन सोच सहितको नीति रणनीति र कार्यनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। आवधिक योजना तर्जुमा तथा कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तह, निजी क्षेत्र, सहकारी तथा सामुदायिक क्षेत्रको सहभागिता सुनिश्चित गरिएको छ। विकास

व्यवस्थापनलाई सुदृढ गराउने गरी यथार्थपरक उद्देश्य, रणनीति र कार्यनीति सहितको प्रथम पञ्चवर्षीय योजना, पन्ध्रौं योजना, दिगो विकास लक्ष्य, प्रदेश सरकारका अन्य प्रतिबद्धताहरू र स्थानीय तहका आवधिक योजनासँग सामञ्जस्यता कायम गर्ने गरी वार्षिक विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्नेछ।

२. प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा वित्तीय सङ्घीयता सुदृढ गर्न अल्प, मध्यम र दीर्घकालीन सोच र दृष्टिकोण सहितको कार्यक्रम ल्याउन योजनाको आवधिक समीक्षा गरी, नीति र कार्यनीतिमा समसामयिक सुधार सहित योजनाका लक्ष्य प्राथमिकीकरण गर्ने।

३. नेपालको संविधानले निर्देश गरेका विकास, आर्थिक समृद्धि तथा सामाजिक रूपान्तरणकारी अभिभाराको कार्यान्वयनमा प्रदेश सरकारले सहकार्य, सहभागिता र समन्वय कायम गर्दै नेपाललाई वि.सं. २०७९ सम्ममा अल्पविकसित राष्ट्रहरूको समूहबाट स्तरोन्नति गराउँदै विकासशील राष्ट्रमा लैजाने। वि.सं. २०८७ सम्ममा दिगो विकासका लक्ष्यहरूको प्राप्तिसँगै मध्यम आय भएको मुलुकको स्तरमा पुर्याउने र वि.सं. २१०० सम्ममा विकसित राष्ट्रको रूपमा नेपाललाई उभ्याउने राष्ट्रिय लक्ष्यलाई सघाउने गरी ठोस कार्यक्रम अगाडि बढाउने।

४. दिगो विकास लक्ष्यको कार्यान्वयनको लागि यसको स्थानीयकरण गरी लक्ष्य प्राप्तिमा सम्बद्ध पक्षलाई केन्द्रित गराई सबै निकायमा सम्पर्क बिन्दु (Focal Point) को स्थापना तथा नियमित आवधिक समीक्षा गर्ने।

५. समग्र योजना प्रणालीलाई सङ्घ, प्रदेश र स्थानीय तहका योजना प्रक्रिया, सङ्गठन र तहगत योजनाहरू बिचको अन्तरसम्बन्ध बढाउन तथा त्यसको प्रभावकारी कार्यान्वयनका लागि उपयोग गर्ने।

६. प्रदेश महत्त्वका समसामयिक विषयहरू जस्तैः रोजगारी सिर्जना, जलवायु परिवर्तन लगायतका विषयमा अध्ययन अनुसन्धान गरी आवश्यक नीति, योजना तथा कार्यक्रमहरू तर्जुमाका लागि प्रदेश सरकारलाई सल्लाह दिने।

७. क्षेत्रगत नीति, आवधिक योजना, कार्यक्रम तथा आयोजना तर्जुमा र अनुगमन, मूल्याङ्कन तथा सर्वेक्षणको कार्यलाई तथ्यमा आधारित बनाउन प्रादेशिक तथ्याङ्क बैंक स्थापना र सञ्चालन गर्ने।

८. योजनाबद्ध विकासलाई नतिजामा आधारित तथा व्यवस्थित बनाउन आयोजना बैंकको स्थापना गर्ने।

## तहगत समन्वय एवम् वित्तीय सङ्घीयता

१. नेपालको सङ्घीयता समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा आधारित भएको हुँदा सङ्घीयता कार्यान्वयनका लागि प्रदेश र प्रदेशका बिच, प्रदेश र स्थानीय तहका बिच एवम् प्रदेश र सङ्घका बिच आयोजना र कार्यक्रमका विषयमा नीतिगत समन्वयका लागि संस्थागतरुपमा

आबद्धता बढाई सहकार्य सुदृढ गर्ने।

२. वित्तीय सङ्घीयताको आधार र अर्थतन्त्रको जग बलियो बनाउन प्रदेशको अर्थतन्त्र सुदृढ गर्न आवश्यक रहेकोले प्रदेशमा आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन हुने उच्च मूल्यका वस्तुको उत्पादन बढाउने। परम्परागत ज्ञान र सीपको प्रयोग गर्दै, स्थानीय कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योगका लागि वित्तीय उत्प्रेरणा सहितको उत्पादनमुखी अर्थतन्त्र निर्माणमा जोड दिने।

३. सरोकारवाला पक्षसँगको सहकार्यमा आर्थिक सुधारका क्षेत्रहरूमा आवश्यक क्षेत्रगत नीति तथा योजना तर्जुमा गरी कार्यान्वयनमा जोड दिने।

४. आयोजनाको छनौट, प्राथमिकीकरण र स्रोत विनियोजन प्रभावकारी बनाउन मध्यमकालीन खर्च संरचनालाई संस्थागत गर्दैजाने र स्थानीय तहमा मध्यमकालीन खर्च संरचना, आवधिक योजना निर्माण र कार्यान्वयनमा सहजीकरण गर्ने नीति अवलम्बन गर्ने।

५. लेखा प्रणालीका समग्र Software संघ सरकारको नियन्त्रणमा रहेकोले यसलाई प्रदेश मातहत ल्याउने।

६. आन्तरिक स्रोतको परिचालन वृद्धिका लागि नयाँ क्षेत्रको पहिचान गर्ने।

७. प्रदेशको ऋण उठाउन सक्ने क्षमताका लागि कानून तर्जुमा गरी विकल्पका लागि बजेट व्यवस्था गर्ने।

८. संविधान बमोजिम प्रदेशले पाउनु पर्ने राजस्व, रोयल्टी बढाउन आवश्यक पहल गर्ने ।

९. विकास साझेदारसँगको सहकार्य बढाउँदै लैजाने ।

१०. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, आर्थिक ऐन आदिका व्यवस्थाको पालना गरी प्रदेशमा वित्तीय अनुशासन कायम गर्ने।

**आयोजना व्यवस्थापन**

१. प्रदेशको आवधिक योजनाका निर्दिष्ट लक्ष्य हासिल गर्ने गरी प्राथमिकता सहित आयोजना पहिचान र पूर्ण तयारीका साथ आयोजना कार्यान्वयनमा लैजान संस्थागत प्रणाली विकास गर्ने।

२. विकास निर्माण कार्यमा संलग्न निजी, सहकारी तथा सामुदायिक क्षेत्रको साझेदारी तथा सहकार्यलाई प्रवर्द्धन गर्दै क्षमता विकास तथा विस्तार गर्ने र अनुगमन तथा नियमन व्यवस्थालाई प्रभावकारी बनाउन कार्यमूलक, सहभागितात्मक र नतिजामुखी अनुगमन प्रणाली अवलम्बन गर्ने।

३. आयोजना कार्यान्वयनको स्पष्ट माईलस्टोनहरू, जिम्मेवारी बाँडफाँट, आयोजनाको सार्वजनिक खरिद गुरूयोजना सहितको कार्यान्वयन कार्य योजना निर्माण गरी त्यसका आधारमा बजेट विनियोजन र आयोजना व्यवस्थापनको कार्य गर्ने, गराउने। यसैका आधारमा परीक्षण गर्ने

निकायले पनि अनुगमन तथा मूल्याङ्कन गर्ने। आयोजना बैंकबाट लेखाजोखा र खरिद गुरूयोजना तयार भएका आयोजनामा मात्र बहुवर्षीय ठेक्का गर्न आवश्यक व्यवस्था गर्ने।

४. कार्यान्वयनमा रहेका बहुवर्षीय आयोजनाहरूको स्रोत सुनिश्चतताका लागि यस्ता आयोजनाहरूलाई समेत आयोजना बैंकमा प्रविष्ट गराउने व्यवस्था गर्ने।

१. आयोजनाहरूको दोहोरोपना हटाउन र कार्यान्वयनमा सहजता ल्याउन सङ्घीय शासन प्रणाली अनुसार विभिन्न तहले कार्यान्वयन गर्ने योजनाहरूको वर्गीकरण गर्ने, आयोजनाहरूको छनौट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई स्थानीय तहमा संस्थागत गर्ने कार्यमा समन्वय गर्ने।

२. प्रदेश गौरवका आयोजना छनौट गर्दा जिल्लागत र पालिकागत सन्तुलन मिलाएर समतामूलक आर्थिक वृद्धि हासिल गर्न सहयोग गर्ने, नयाँ रोजगारीका अवसर सिर्जना गर्ने उत्पादनमूलक आयोजनालाई प्राथमिकता दिने।

सुशासन तथा संगठन व्यवस्थापन

१. आयोगका काम कारबाहीलाई प्रभावकारी बनाउन र आयोगका निर्णयहरूको कार्यान्वयन सुनिश्चित गर्न प्रदेश नीति तथा योजना आयोग ऐनद्वारा संस्थागत र व्यवस्थित गर्ने।

२. आयोगको कार्य क्षमता एवम् कार्य दक्षता अभिवृद्धि हुने गरी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने तथा आयोगलाई साधनस्रोत सम्पन्न बनाउने।

३. नीति अनुसन्धान तथा विकासका क्षेत्रमा विज्ञ संस्थाको रूपमा अन्तरसम्बन्धित विषयहरू जस्तैः गरीबी निवारण, सामाजिक विकास, पर्यावरणीय संरक्षण, दिगो विकासको क्षेत्रमा काम गर्ने संस्थाहरूको प्रादेशिक समन्वयकर्ता संस्थाको रूपमा विकास गर्ने।

४. प्रदेश र स्थानीय तहको अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गर्न सहजीकरण र समन्वय गर्ने।

५. राष्ट्रिय योजना आयोग र प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रादेशिक समन्वयकर्ता निकायको रुपमा प्रदेश नीति तथा योजना आयोगको संरचनात्मक व्यवस्थाका लागि सङ्घीय सरकारसँग समन्वय गर्ने।

## ६.३ भावी कार्यदिशा

१. पोखरा अन्तर्राष्ट्रिय विमानस्थल समयमा नै सञ्चालनमा ल्याउन सहजीकरण गर्ने। अन्तर्राष्ट्रिय उडान शुरु गर्न संघ सरकारसँगको सहकार्यमा अन्तर्राष्ट्रिय उड्डयनकर्तासँग समन्वय गर्ने। बाह्य पूर्वाधार निर्माणलाई तीव्रता दिने।

२. पृथ्वी र सिद्धार्थ राजमार्गको स्तरोन्नतिका लागि नेपाल सरकारसँग समन्वय गर्ने र यी राजमार्गलाई आर्थिक समृद्धिको आधार बनाउन यसलाई औद्योगिक (आर्थिक केन्द्र) करिडोरका

रुपमा विकास गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने।

३. गण्डकी प्रदेशले दुई विशाल छिमकी चीन र भारतलाई जोडेको छ। यो प्रदेशसँग चारवटा महत्वपूर्ण नाका छन्। उपलब्ध नाकाहरूको स्तरोन्नति गरी यसलाई अन्तर्राष्ट्रिय व्यापारमा उपयोग गर्ने र निर्यातको वातावरण बनाउने।

४. आधारभूत वस्तु तथा कृषिमा आत्मनिर्भर हुन र उपभोग्य वस्तुमा आयात प्रतिस्थापन गर्न प्रत्येक पालिका वा जिल्लामा अधिक सम्भाव्य तथा प्रतिफलयुक्त वस्तुको पहिचान तथा उत्पादनमा केन्द्रित हुने गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने।

५. उच्च मूल्य तथा प्रतिस्पर्धात्मक क्षमताका वस्तुको उत्पादन तथा निर्यातमा जोड दिने।

६. निजी लगानीको लागि अनुकूल वातावरण बनाउन आवश्यक कानून, संरचना र प्रक्रियागत सरलीकरण गरी लगानी सम्मेलन मार्फत स्वदेशी तथा विदेशी लगानीलाई गुणात्मक रुपमा वृद्धि गर्ने।

७. अन्तर्राष्ट्रिय अनुभव, साधन स्रोत र प्रविधि भित्र्याउन विकास साझेदारसँगको सहकार्य वृद्धि गर्ने।

८. ठूला र रुपान्तरणकारी आयोजना कार्यान्वयनमा अलग्गै नीतिगत, संरचनागत तथा कानूनी व्यवस्था मिलाउने।

९. दिगो विकास लक्ष्य कार्यान्वयनमा सहजता आउने गरी यसको आन्तरिकीकरण र स्थानीय स्तरसम्म विस्तारका लागि स्थानीयकरण गर्न सबैलाई मुख्य सूचकको पहिचान र लक्ष्य निर्धारणमा सहजीकरण गर्ने।

१०. विभिन्न बृहत् पर्यटकीय पूर्वाधारको निर्माण गर्दै प्रदेशलाई पर्यटनको विश्व केन्द्रको रुपमा विकास गर्ने।

११. शिक्षा र स्वास्थ्यमा गुणस्तर वृद्धि गरी प्रदेशलाई शिक्षा र स्वास्थ्यको हब (Hub) को रुपमा विकास गर्ने।

१२. वन जंगल र जडीबुटीको वैज्ञानिक प्रयोगमा जोड दिंदै यसलाई आय आर्जन रोजगारी र गरीबी निवारणसँग जोडने।

१३. कृषिको आधुनिकीकरण र व्यवसायीकरणमा जोड दिने। उच्च मूल्यका कृषि उत्पादन बढाई बाह्य बजारमा बिक्री गर्ने।

१४. कर प्रशासनमा सुधार, करको दायरा फराकिलो बनाउने, आन्तरिक स्रोत परिचालनको सम्भावना पहिचान गर्ने र कम्तीमा आन्तरिक स्रोतले साधारण खर्च धान्न सक्ने बनाउने।

१५. गरीब, अशक्त, बेरोजगार, अनौपचारिक क्षेत्रमा कार्यरत व्यक्तिको पहिचान गरी उनीहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने।

## अनुसूची १ः

### आ.व. २०७८/७९ मा सञ्चालित कार्यक्रमहरूको प्रगति (चालु तथा पुँजीगत कार्यक्रम)

| क्र. सं. | कार्यक्रम | वार्षिक बजेट रु. हजार | वित्तीय प्रगति रु. हजार | प्रगति प्रतिशतमा | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भौतिक % | वित्तीय % | |
| १ | मध्यमकालीन खर्च संरचना तर्जुमा र  छपाइ | १,०० | | १०० | १०० | |
| २ | गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि मूल्याङ्कन | ५,०० | | १०० | १०० | |
| ३ | प्रदेशको राजस्व सम्भावना तथा व्यवस्थापन अध्ययन | २०,०० | | १०० | ९९.६६ | |
| ४ | प्रदेश विकास समस्या समाधान समितिको बैठक | ८,०० | | ६७ | ६३.३७ | |
| ५ | प्रदेश नीति तथा योजना आयोगको वार्षिक प्रतिवेदन निर्माण तथा छपाइ | २,०० | | १०० | ९९.६६ | |
| ६ | चौमासिक समीक्षा बैठक | ४,५० | | ६७ | २६.७७ | |
| ७ | प्रदेशस्तरीय आयोजना बैंक निर्माणका लागि संयन्त्रको निर्माण (सफ्टवयर विकास एवम् प्रशिक्षण) | ७,०० | | ५० | ४२.७८ | |
| ८ | श्रीकृष्णगण्डकी नदीक्षेत्र विकासका निम्ति पूर्वसम्भाव्यता अध्ययन | ९,३६ | | १०० | १०० | |
| ९ | सवारी साधन राख्ने स्थल (कोठा टहरा) निर्माण | ५,०० | | १०० | ९८.११ | |
| १० | भवनको तला थप ट्रस निर्माण | ४०,०० | | १०० | ९५.८६ | |

## अनुसूची २ः

## गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८

मिति २०७८।०५।३१को राजपत्रमा प्रकाशित)

(मिति २०७८।०७।२९को राजपत्रमा पहिलो संशोधन प्रकाशित)

**प्रस्तावनाः** गण्डकी प्रदेशको तीव्र आर्थिक वृद्धि, सन्तुलित र दिगो विकासका लागि आवधिक योजनाको तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गर्न र नीतिको अनुसन्धान तथा विकास गरी गण्डकी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्न गण्डकी प्रदेश नीति तथा योजना आयोगको गठन तथा कार्य सञ्चालन व्यवस्थित गर्न वाञ्छनीय भएकोले, गण्डकी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

### परिच्छेद- १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

(१) यस आदेशको नाम "गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले दफा ३ बमोजिमको गण्डकी प्रदेश नीति तथा योजना आयोग सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले आयोगको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) "परिषद्" भन्नाले दफा ९ बमोजिमको प्रदेश विकास परिषद् सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(च) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले आयोगको उपाध्यक्ष र आयोगको सदस्य-सचिवलाई समेत जनाउँछ।

## परिच्छेद- २

## आयोगको गठन, बैठक तथा काम, कर्तव्य र अधिकार

३. आयोगको गठनः

(१) गण्डकी प्रदेशमा तीव्र आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासका लागि दूरगामी सोच सहितको विकास नीति तथा योजना तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन र मूल्याङ्कन गर्न एक गण्डकी प्रदेश नीति तथा योजना आयोग गठन गरिएको छ।

(२) आयोगमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू रहनेछन:-

| | | |
|---|---|---|
| (क) | मुख्यमन्त्री | - अध्यक्ष |
| (ख) | प्रदेश सरकारबाट नियुक्त एक जना | - उपाध्यक्ष |
| (ग) | प्रदेश सरकारबाट नियुक्त कम्तीमा एक महिला सहित बढीमा दुई जना | - सदस्य |
| (घ) | प्रमुख सचिव, प्रदेश सरकार | - सदस्य |
| (ङ) | प्रदेश सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (च) | सचिव, प्रदेश नीति तथा योजना आयोग | - सदस्य सचिव |

(३) उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिम उपाध्यक्ष र सदस्यको नियुक्ति गर्दा आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, विज्ञान तथा प्रविधि र प्राकृतिक स्रोत वा मानव स्रोत व्यवस्थापन, वातावरण वा जलवायु परिवर्तन सम्बन्धी विषय विज्ञ मध्येबाट नियुक्ति गरिनेछ।

(४) आयोगका उपाध्यक्ष र उपदफा (२) को खण्ड (ग) बमोजिमको सदस्यले आयोगको पूर्णकालीन पदाधिकारीको रुपमा कार्य गर्नेछन्।

४. **योग्यताः देहायको योग्यता भएको व्यक्ति आयोगको उपाध्यक्ष वा सदस्यमा नियुक्त हुन सक्नेछः**

(क) नेपाली नागरिक,

(ख) पैंतीस वर्ष उमेर पुगेको र पैंसट्ठी वर्ष ननाघेको, र

(ग) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि गरेको वा विश्वविद्यालयको सहप्राध्यापक भै काम गरेको वा नेपाल सरकारद्वारा मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरी विकास, योजना, नीति अनुसन्धान, कानून, प्राज्ञिक वा व्यवस्थापकीय क्षेत्रमा रही कम्तीमा सात वर्ष काम गरी विशिष्टता हासिल गरेको।

५. **अयोग्यताः** देहायको व्यक्ति आयोगको उपाध्यक्ष वा सदस्यमा नियुक्त हुन अयोग्य हुनेछः

(क) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट सजाय पाएको,

(ख) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(ग) विदेशी राष्ट्रको नागरिकता वा स्थायी आवासीय अनुमति लिएको वा विदेशी राष्ट्रको नागरिकता वा स्थायी आवासीय अनुमति वा डाइभर्सिटी भिसाका लागि आवेदन गरेको, वा

(घ) कुनै प्रचलित कानूनले अयोग्य भएको।

६. **आयोगको बैठकः** (१) आयोगको बैठक वर्षको कम्तीमा तीन पटक बस्नेछ।

(२) अध्यक्षको आदेशमा आयोगको सदस्य-सचिवले बैठक बोलाउनेछ।

(३) आयोगको बैठकको अध्यक्षता आयोगको अध्यक्षले गर्नेछ।

(४) आयोगमा तत्काल कार्यरत रहेका कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) आयोगको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) आयोगको बैठकको निर्णय आयोगको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(७) आयोगको बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(८) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

७. **आयोगको नियमित बैठकः**

(१) आयोगको नियमित कार्य सञ्चालनको रेखदेख, नियन्त्रण, सुपरिवेक्षण एवम् मूल्याङ्कनको लागि आयोगको नियमित बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) आयोगको नियमित बैठक उपाध्यक्षले दिएको निर्देशन बमोजिम आयोगको सदस्य-सचिवले फोराउनेछ।

(३) आयोगको नियमित बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ र उपाध्यक्षको अनुपस्थितिमा आयोगका वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) आयोगको नियमित बैठक सम्बन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

८. **आयोगको काम, कर्तव्य र अधिकारः** आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनः

(१) वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा प्रदेशको आवधिक योजनासँग तादात्म्यता मिलाउन विषयगत मन्त्रालयसँग छलफल गर्ने,

(२) औचित्यता र आवश्यकताका आधारमा कार्यक्रम संशोधन गर्नु परेमा मन्त्रालयलाई

सहजीकरण गर्ने,

(३) कार्यक्रम कार्यान्वयनमा मन्त्रालय र अन्य निकायलाई सहजीकरण गर्ने।

(४) प्रदेशको समग्र स्रोतको प्रक्षेपण गरी प्राथमिकताका आधारमा क्षेत्रगत सन्तुलन मिलाई विषयगत मन्त्रालयलाई बजेटको स्रोत सीमाको आँकलन गर्ने । *(यो उपखण्ड ४ पहिलो संशोधनबाट थप गरिएको हो)*

(ख) अनुगमन तथा मूल्याङ्कनः

(१) प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरूमा लागू गरी संस्थागत गराउने,

(२) मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषयक्षेत्रगत नीतिहरू र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नु पर्ने सुधार गर्ने, गराउने,

(३) अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेशागत सङ्घ संस्था, नागरिक समाज र विकासका साझेदार बिच सञ्जालको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने।

(ग) तहगत समन्वयः

(१) सङ्घ, प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(२) प्रदेश सरकारका क्षेत्रगत नीतिहरूमा परामर्श दिने,

(३) आयोजना बैंक सम्बन्धी कार्य गर्ने।

(घ) अध्ययन, अनुसन्धान तथा अन्त्वेषणः

(१) प्रादेशिक नीति, विकास योजना तथा कार्यक्रमको सान्दर्भिकता, प्रभावकारिता, आबद्धता, कार्यदक्षता र दिगोपनाका विषयमा स्वतन्त्र विज्ञ, निकाय वा संस्थाबाट शोध तथा अनुसन्धान गर्ने, गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने,

(२) सार्वजनिक, निजी एवम् गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास र कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्राज्ञिक प्रोत्साहन तथा सहजीकरण गर्ने,

(३) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा विकास, प्राकृतिक

स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिश गर्ने,

(४) विश्वविद्यालय तथा अन्य प्राज्ञिक संस्थासँग नीति अनुसन्धानमा सहकार्य गर्ने,

(५) क्षेत्रगत र विषयगत स्वयंसेवकको छनौट गर्ने, हटाउने, प्रशिक्षार्थी प्रशिक्षण लिने।

(ङ) अन्यः

(१) प्रदेश सरकार मातहतका मन्त्रालयहरूको स्वीकृत वार्षिक विकास कार्यक्रमहरूको चौमासिक/वार्षिक प्रगति समीक्षा गर्ने,

(२) प्रदेशको समग्र समृद्धिका लागि भविष्य परक दृष्टि सहितको दीर्घकालीन लक्ष्य, मार्ग चित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने,

(३) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरणीय, सुशासनसमेतका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

(४) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) र स्वीकृत कार्यविधि अनुसार आयोजना तयारी तथा छनौट सम्बन्धी काम गर्ने,

(५) प्रदेशको स्रोतको अनभुान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्ने, गराउने,

(६) अध्ययन, अनुसन्धानमा आधारित नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

(७) प्रदेशको समष्टिगत अर्थतन्त्रको अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरूको तर्जुमा गर्ने, गराउने,

(८) सङ्घ, प्रदेश तथा स्थानीय तहको सह लगानी हुने आयोजना छनौट र पूर्व तयारी गर्न आवश्यक काम गर्ने,

(९) प्रदेशस्तरका ठूला आयोजनाहरूको छनौट गर्ने,

(१०) निजी क्षेत्र, सहकारी, सामुदायिक वा बाह्य लगानीका आयोजनाहरूको सम्भव्यता अध्ययन गर्ने,

(११) सार्वजनिक-निजी साझेदारी, निजी लगानी तथा प्रदेश सरकार र निजी क्षेत्रको

संयुक्त लगानीमा सञ्चालन हुने आयोजना तर्जुमा तथा कार्यान्वयन समेतका विषयमा गण्डकी प्रदेश विकास प्राधिकरणसँग समन्वय गर्ने,

(१२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नीति संवाद सञ्चालन र सहजीकरण गर्ने,

(१३) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल प्रदेश तथ्याङ्क प्रणालीको विकास र व्यवस्थापन गर्ने गराउने।

(१४) सम्बन्धित मन्त्रालय तथा निकायसँग समन्वयमा प्रदेशस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरूको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण समेत गरी परामर्श दिने। (यो उपखण्ड १४ पहिलो संशोधनबाट थप गरिएको हो)

## परिच्छेद-३

## प्रदेश विकास परिषद्

९. **प्रदेश विकास परिषद्ः** (१) आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास नीति वा योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि एक प्रदेश विकास परिषद् रहनेछ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछः

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकारका मन्त्रीहरू - सदस्य

(ग) प्रदेश सभा समितिका सभापतिहरू - सदस्य

(घ) प्रदेश भित्रका जिल्ला समन्वय समितिका प्रमुखहरू - सदस्य

(ङ) प्रमुख सचिव - सदस्य

(च) प्रदेश भित्रका स्थानीय तहका अध्यक्ष/उपाध्यक्ष वा प्रमुख /उपप्रमुख मध्येबाट जिल्ला र भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुनेगरी प्रदेश सरकारबाट मनोनीत ३३ जना - सदस्य

(छ) आयोगको उपाध्यक्ष - सदस्य

(ज) प्रदेश नीति तथा योजना आयोगका सदस्यहरू - सदस्य

(झ) प्रदेश सचिवहरू - सदस्य

(ञ) प्रचलित कानून बमोजिम स्थापना भएका सङ्घ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्र लगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान

पुऱ्याएका व्यक्तिहरूमध्येबाट कम्तीमा एक तिहाइ महिला सहित प्रदेश भित्रका प्रत्येक जिल्लाबाट एक एक जना गरी प्रदेश सरकारबाट मनोनीत ११ जना - सदस्य

(ट) राष्ट्रिय योजना आयोगको प्रतिनिधि - सदस्य

(ठ) आयोगको सचिव - सदस्य-सचिव

**१०. परिषद्को बैठक सम्बन्धी व्यवस्थाः**

(१) परिषद्को अध्यक्षको आदेशमा सदस्य-सचिवले परिषद्को बैठक बोलाउनेछ।

(२) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ।

(३) परिषद्को बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) परिषद्को निर्णय आयोगको सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(५) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

**११. प्रादेशिक योजनाको स्वीकृतिः** आयोगले तयार गरेको प्रादेशिक योजना परिषद्को बैठकमा छलफल भएपछि सो परिषद्को निर्देशन अनुसार प्रदेश सरकारको स्वीकृतिको लागि पेश गरिनेछ।

## परिच्छेद-४

## उपाध्यक्ष तथा सदस्यको काम, कर्तव्य र अधिकार

**१२. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** उपाध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगसँग सम्बन्धित काम समन्वयात्मक र प्रभावकारी ढंगले सम्पादन गर्ने, गराउने,

(ख) प्रदेशको समग्र आर्थिक अवस्था, चालु योजना एवम् प्रादेशिक प्राथमिकताका आयोजना र कार्यक्रमको कार्यान्वयनको प्रगति, समस्या र ती समस्या समाधानका उपायका बारेमा आयोगका अध्यक्ष तथा मुख्यमन्त्रीलाई जानकारी गराउने,

(ग) आयोग वा अध्यक्षले तोकेका अन्य कार्य गर्ने, गराउने।

**१३. सदस्यको काम, कर्तव्य र अधिकारः** सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित योजना तर्जुमामा सहजीकरण र समन्वय गर्ने,

(ख) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गरी आयोगमा जानकारी गराउने,

(ग) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित क्षेत्रगत नीति, योजना तथा कार्यक्रमको प्रगतिको वार्षिक प्रतिवेदन तयार गरी आयोगमा पेश गर्ने,

(घ) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित अध्ययन अनुसन्धान गर्नुपर्ने विषय पहिचान गरी त्यस्तो विषयमा उपाध्यक्ष समक्ष सिफारिश गर्ने,

(ङ) उपाध्यक्षले तोके बमोजिमका अन्य कार्य गर्ने।

## परिच्छेद- ५

## उपाध्यक्ष तथा सदस्यको सेवाका शर्त तथा सुविधा

**१४. पद रिक्त हुने अवस्थाः** देहायको अवस्थामा उपाध्यक्ष तथा नियुक्त सदस्यको पद रिक्त हुनेछः-

(क) मुख्यमन्त्री आफ्नो पदबाट पदमुक्त भएमा,

(ख) प्रदेश सरकार समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

(ग) दफा ४ बमोजिमको योग्यता कार्यरत नरहेमा,

(घ) दफा ५ बमोजिम अयोग्य भएमा,

(ङ) प्रदेश सरकारले निजलाई पदमुक्त गरेमा, वा

(च) निजको मृत्यु भएमा।

**१५. शपथः** उपाध्यक्षले अध्यक्ष समक्ष र सदस्यले उपाध्यक्ष समक्ष आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची बमोजिमको ढाँचामा पद तथा गोपनियताको शपथ लिनु पर्नेछ।

**१६. उपाध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधाः** उपाध्यक्ष तथा सदस्यको पारिश्रमिक, दैनिक भ्रमण भत्ता, सवारी साधन र इन्धन सुविधा, आवास सुविधा, सञ्चार, विद्युत, पानी र अतिथि सत्कार सुविधा क्रमशः प्रदेश सरकारका राज्यमन्त्री तथा सहायक मन्त्रीले पाए सरह हुनेछ। तर निजहरूको मर्यादाक्रम नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।
(पहिलो संशोधनबाट मूल आदेशको दफा १६ को सट्टा यो दफा १६ राखिएको हो)

**१७. स्वीकृति लिनु पर्नेः**

(१) उपाध्यक्ष तथा सदस्यले आयोगको कामको सिलसिलामा विदेश भ्रमणमा जाँदा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

(२) आयोगको कामको सिलसिलामा नेपालभित्र भ्रमण गर्दा उपाध्यक्षले अध्यक्षको र सदस्यले उपाध्यक्षको स्वीकृति लिनुपर्नेछ।

(३) निजी कामको सिलसिलामा विदेश भ्रमणमा जानु पर्दा उपाध्यक्षले अध्यक्षको र सदस्यले उपाध्यक्षको स्वीकृति लिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम निजी कामको सिलसिलामा विदेश भ्रमणमा जाँदा उपाध्यक्ष र सदस्यले कुनै सुविधा पाउने छैनन्।

## परिच्छेद-६

## आयोगको सचिव, जनशक्ति तथा बजेट

**१८. सचिवः**

(१) अध्यक्षको प्रत्यक्ष निर्देशन तथा उपाध्यक्षको सुपरिवेक्षणमा काम गर्ने गरी प्रदेश नीति तथा योजना आयोगको सचिवालयमा संघीय निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणी वा प्रदेश निजामती सेवाको एघारौं तहको एक अधिकृत आयोगको सचिव रहनेछ ।

(२) यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगको सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने,

(ख) आयोगको प्रशासकीय काम कारबाहीलाई व्यवस्थित गर्ने, गराउने,

(ग) प्रचलित कानून बमोजिम विभागीय प्रमुखको हैसियतले गर्नु पर्ने काम गर्ने,

(घ) आयोगले तोकेका अन्य कार्य गर्ने, गराउने।

**१९. जनशक्ति तथा बजेट सम्बन्धी व्यवस्थाः**

(१) आयोगको काममा सहयोग गर्न प्रदेश सरकारले आयोगमा आवश्यक सङ्ख्यामा कर्मचारीको व्यवस्था गर्नेछ।

(२) आयोगलाई आफ्नो काम कारबाहीको क्षेत्रमा आवश्यक हुने विशेषज्ञ सेवा आयोगको कर्मचारीबाट उपलब्ध हुन नसक्ने भएमा अवधि किटान गरी प्रचलित कानून बमोजिम विज्ञ व्यक्तिको सेवा लिन सकिनेछ।

(३) आयोगका लागि आवश्यक बजेट प्रदेश सरकारले उपलब्ध गराउनेछ।

## परिच्छेद-७

## विविध

२०. **पालना गर्नु पर्नेः** आयोगले योजनाको तर्जुमा, कार्यान्वयनको सहजीकरण, अनुगमन र मूल्याङ्कनका लागि निर्धारण गरेको नीति, रणनीति, निर्देशन तथा मापदण्ड योजना कार्यान्वयन गर्ने सम्बद्ध सबै निकायले पालना गर्नु पर्नेछ।

२१. **अधिकार प्रत्यायोजना** आयोगले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपाध्यक्ष, सदस्य वा सदस्य-सचिवलाई प्रत्यायोजना गर्न सक्नेछ।

२२. **राष्ट्रिय योजना आयोगसँग समन्वय गर्नेः** आयोगले प्रदेशको विकास योजना तथा नीतिगत व्यवस्थाका लागि राष्ट्रिय योजना आयोगसँग नीति गत तथा प्रक्रिया गत रुपमा समन्वय तथा सहजीकरण गर्नेछ।

२३. **प्रतिवेदन पेश गर्नेः**

(१) आयोगले प्रत्येक वर्ष वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगले वर्षभरीमा गरेका प्रमुख काम कारबाही र त्यसबाट हासिल भएका उपलब्धि, प्रदेशको आर्थिक विकासका अवसर तथा सम्भावना र विकासका प्राथमिकता लगायतका विषय समावेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम आयोगले पेश गरेको प्रतिवेदन प्रदेश सरकारले प्रदेश सभामा पठाउनेछ।

(४) उपदफा (१) बमोजिमको प्रतिवेदन आयोगले सार्वजनिक गर्नेछ।

२४. **प्रदेश सरकारसँग सम्पर्कः** आयोगले प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ।

२५. **निर्देशिका, कार्यविधि तथा दिग्दर्शन बनाउन सक्नेः** यस आदेशको उद्देश्य पूर्तिका लागि आयोगले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड तथा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ।

२६. **खारेजी र बचाऊः**

(१) प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ खारेज गरिएको छ।

(२) प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ बमोजिम भए गरेका काम कारबाही यसै आदेश बमोजिम भए गरेको मानिनेछ।

**अनुसूची**
**(दफा १५ सँग सम्बन्धित)**
**शपथको ढाँचा**

म ............................................................ नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही सत्य निष्ठा पूर्वक ईश्वरको / देश र जनताको नाममा शपथ लिन्छु कि प्रदेश नीति तथा योजना आयोगको ...................... पदको जिम्मेवारी बहन गर्दा प्रचलित कानूनको पालना गरी मुलुक र जनताको कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्यको पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

सहीः ...............................

नाम, थरः ..............................

पदः ...................................

मितिः ............................

**द्रष्टव्यः** उपाध्यक्ष र सदस्यले शपथको ढाँचामा रहेको “निष्ठापूर्वक” भन्ने शव्द पछि रहेका “ईश्वरको वा “देश र जनताको” भन्ने शब्द मध्ये शपथमा कुन शब्द प्रयोग गर्ने हो शपथ ग्रहण गर्नुअघि शपथ गराउने पदाधिकारीलाई जानकारी दिनुपर्नेछ।

## अनुसूची ३ः
## आयोगको गतिविधिका केही प्रतिनिधिमूलक तस्विरहरू



स्थानीय तहको मध्यमकालीन खर्च संरचना निर्माणका लागि प्रशिक्षक प्रशिक्षण (MTEF- TOT) कार्यक्रममा सहभागीहरू।



आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धी छलफल कार्यक्रम अन्तर्गत विकास साझेदार सँस्थाहरूसँग छलफल गरिँदै।



आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धी छलफल कार्यक्रम अन्तर्गत युवा तथा खेलकुद क्षेत्रसँग सम्बन्धित विषयमा छलफल गरिँदै।



आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धी छलफल कार्यक्रम अन्तर्गत सामाजिक क्षेत्र, महिला, बालबालिका, गैसस, मानवअधिकार लगायतका विषयमा सरोकारवालासँग छलफल



आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धी छलफल कार्यक्रम अन्तर्गत स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विषयमा छलफल गरिँदै ।



आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धी छलफल कार्यक्रम अन्तर्गत कृषि तथा वनक्षेत्रसँग सम्बन्धित विषयमा सरोकारवालाहरूसँग छलफल गरिँदै।




वार्षिक प्रगति समीक्षा बैठक




स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारीका लागि प्रशिक्षक प्रशिक्षण तालिम





प्रदेशस्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिको आठौं बैठक/ युरोपियन युनियनका महामहिम राजदूतद्वारा प्रदेश नीति तथा योजना आयोगका पदाधिकारीसँग भेटघाट तथा छलफल

## योजना अनुगमन सम्बन्धी तस्वीरहरू









शालिग्राम करिडोर सडक योजनाको स्थलगत अनुगमन





धौबाह ताल संरक्षण योजनाको स्थलगत अनुगमन कार्यक्रम




जग्गाको चक्लाबन्दी कार्यक्रमको स्थलगत अनुगमन कार्यक्रम



पोषण सम्बन्धी अनुगमन कार्यक्रमको झलक

## प्रदेश नीति तथा योजना आयोगको पदाधिकारीहरू तथा कर्मचारीहरू

| | | |
|---|---|---|
| डा. रघुराज काफ्ले | उपाध्यक्ष |  |
| डा. सुबास अधिकारी | सदस्य |  |
| माया तिम्सिना | सदस्य |  |

| | | |
|---|---|---|
| डिल्लीराम सिग्देल | निमित्त सचिव |  |
| राम प्रसाद वाग्ले | तथ्याङ्क अधिकृत (८औं तह) |  |
| नवराज पौडेल | तथ्याङ्क अधिकृत |  |
| मोती लाल ढकाल | अधिकृत (छैठौं) |  |
| पवित्रा सापकोटा | बहुक्षेत्रीय पोषण कार्यक्रम, प्रदेश संयोजक |  |
| मेघबहादुर बस्नेत | लेखा सहायक पाँचौं |  |

| | | |
|---|---|---|
| मिना पौडेल | नायब सुब्बा |  |
| सुजता शर्मा | नायब सुब्बा |  |
| सिर्जना थापा | कम्प्युटर अपरेटर |  |
| सुन्दर पण्डित | कम्प्युटर अपरेटर |  |
| रेशम बहादुर श्रेष्ठ | हलुका सवारी चालक |  |
| मनोज श्रेष्ठ | हलुका सवारी चालक |  |
| बासु पराजुली | हलुका सवारी चालक |  |
| पदम सिंह खाँण | हलुका सवारी चालक |  |

| | | |
|---|---|---|
| शोभादेवी विष्ट | कार्यालय सहयोगी |  |
| रामचन्द्र पौडेल | कार्यालय सहयोगी |  |
| युवराज लामिछाने | कार्यालय सहयोगी |  |
| कृष्ण गिरी | कार्यालय सहयोगी |  |




प्रदेश सरकार

# प्रदेश नीति तथा योजना आयोग

गण्डकी प्रदेश, पोखरा, नेपाल

Email: pppcgandaki@gmail.com

Website: ppc.gandaki.gov.np